सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ माघ २०८२, आइतबार (18 Jan 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २६९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

धमाधम उम्मेदवार छान्दै दलहरू

एमालेले टुंग्यायो १४१ उम्मेदवार, कांग्रेस अन्तिम छलफलमा, आइतबार टुंग्याउँदै नेकपा र रास्वपा

■ कांग्रेसको देउवा समूह आज सर्वोच्च जाँदै, अदालतको आदेश नआउन्जेल चुनावमा नजाने रणनीति

शुरोजंग पाण्डे, प्रेम गौतम/नयाँ पत्रिका

आगामी प्रतिनिधिसभा निर्वाचनका लागि प्रमुख दलहरूले प्रत्यक्षतर्फको उम्मेदवारी धमाधम टुंग्याउन थालेका छन्। कतिपय दलले उम्मेदवार टुंग्याइसकेका छन् भने कतिपयले आइतबार बैठक बोलाएका छन्। मंगलबार उम्मेदवारी मनोनयनको निर्वाचन कार्यतालिका छ।

ठुला दलमध्ये एमालेले १६५ निर्वाचन क्षेत्रमध्ये शनिबार एकैपटक १४१ क्षेत्रका उम्मेदवारको टुंगो लगाएको छ। सात प्रदेशमध्ये सुदूरपश्चिम, कर्णाली र गण्डकीका सबै क्षेत्रको टिकट तय भइसकेको र बाँकी क्षेत्रका टिकट अध्यक्षको परामर्शमा चाँडै टुंग्याइने उपमहासचिव लेखराज भट्टले बताए। त्यसबाहेक लुम्बिनीअन्तर्गत रुपन्देही १, २ र ४, कपिलवस्तु २, दाङ १ र २, बाँके २ र रुकुम पूर्वको मात्र टिकटको टुंगो लाग्न बाँकी छ। त्यस्तै, बागमतीअन्तर्गत काठमाडौं ४, ५, ७ र ९, काभ्रे २, ललितपुर ३, मधेशअन्तर्गत महोत्तरी ३ र सर्लाहीको १ र २, पर्साको १ र २ मा उम्मेदवारको टुंगो लाग्न बाँकी छ।

त्यस्तै, कोशीमा ताप्लेजुङ, झापा ३, सुनसरी र मोरङ ५ र ६ मा उम्मेदवारको टुंगो लाग्न बाँकी छ। बाँकी रहेका क्षेत्रमा अध्यक्षले परामर्श लिएर टुंगो लगाइने उपमहासचिव भट्टले बताए।

पदाधिकारीमध्ये उपमहासचिव योगेश भट्टराईले उठ्न चाहेको ताप्लेजुङको टिकट अध्यक्षले अन्तिम टुंगो लगाउनेछन्। त्यस्तै, सचिव राजन भट्टराईको काठमाडौं ४, पूर्वमन्त्री गोकुल बाँस्कोटाको निर्वाचन क्षेत्र काभ्रे २ को पनि उम्मेदवारको टुंगो लागेको छैन। पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल उठ्दै आएको काठमाडौं ५ को पनि टुंगो लाग्न बाँकी छ। त्यहाँ पोखरेलले खासै रुचि राखेका छैनन्। चितवन १ मा पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेले रुचि नराख्दा कमलराज पाठकलाई उम्मेदवार बनाइएको छ।

» पृष्ठ २ मा क्रमशः

■ एमालेले टुंग्यायो अधिकांश उम्मेदवार



शनिबार बसेको एमाले सचिवालय बैठक। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

सुदूरपश्चिम

■ **कञ्चनपुर**
१ कमला बोहरा
२ वचनबहादुर सिंह
३ डा. दीपप्रकाश भट्ट

■ **कैलाली**
१ द्वारिकाप्रसाद न्यौपाने
२ सूर्यबहादुर थापा
३ गौरीशंकर चौधरी
४ लेखराज भट्ट
५ यज्ञराज ढुंगाना

■ **बाजुरा**
१ लालबहादुर थापा

■ **डोटी**
दीपक धामी

■ **डडेल्धुरा**
चक्र स्नेही

■ **बझाङ**
अफिलाल उखेडा

■ **बैतडी**
दामोदर भण्डारी

■ **दार्चुला**
गणेशसिंह ठगुन्ना

■ **अछाम**
१ झपटबहादुर बोहरा
२ यज्ञबहादुर बोगटी

कर्णाली

■ **दैलेख**
१ रवीन्द्रराज शर्मा
२ लक्ष्मीप्रसाद पोखरेल

■ **सल्यान**
१ गुलावजंग शाह

■ **रुकुम पश्चिम**
१ नन्दराम देवकोटा

■ **सुर्खेत**
१ ध्रुव शाही
२ कुलमणि देवकोटा

■ **कालीकोट**
१ नागेन्द्र शाही

■ **जुम्ला**
१ शान्तिलाल महत

■ **मुगु**
१ पूर्णबहादुर रोकाया

■ **जाजरकोट**
डम्बरबहादुर सिंह

■ **हुम्ला**
१ दल फडेरा

■ **डोल्पा**
१ लंक रोकाया

लुम्बिनी

■ **नवलपरासी**
१ रामप्रसाद पाण्डे
२ भगवतीप्रसाद यादव

■ **रुपन्देही**
१ अध्यक्षले टुंग्याउने
२ अध्यक्षले टुंग्याउने
३ वासुदेव घिमिरे
४ अध्यक्षले टुंग्याउने
५ खिमलाल भट्टराई

■ **कपिलवस्तु**
१ विश्राम चौधरी
२ अध्यक्षले टुंग्याउने
३ वीरेन्द्र कडौनिया

■ **रुकुम पूर्व**
१ अध्यक्षले टुंग्याउने

■ **रोल्पा**
१ गोकुल घर्ती

» पृष्ठ २ मा क्रमशः

■ योगेश भट्टराईको फरक मत



टिकट वितरणमा उपमहासचिव योगेश भट्टराईले फरक मत राखेका छन्। त्यसका तीन आधार उनले प्रस्तुत गरेका छन्। उम्मेदवार छनोटको मापदण्ड नै नबनाएर छनोट गरिएको, पछिल्लो अवस्था/बाह्य अवस्थालाई अजरअन्दाज गरिएको र आन्तरिक एकतालाई थप कमजोर बनाउने गरी टिकट बाँडिएको उनको भनाइ छ। पछिल्ला दुई निर्वाचन ताप्लेजुङबाट जितेका भट्टराईको टिकटको टुंगो लागेको छैन, अध्यक्ष केपी ओलीले टुंग्याउने सूचीमा राखिएको छ। शनिबारको सचिवालय बैठकपछि भट्टराईले सामाजिक सञ्जालमा लेखेका छन्, 'नेकपा एमालेका प्रिय कमरेडहरू, निर्णय सुनेर विचलित नहुन अनुरोध गर्दछु। अझ उच्च मनोबल र एकताका साथ नेकपा एमालेका उम्मेदवारहरूलाई विजयी बनाउन आफ्नो ठाउँ र हैसियतबाट सक्रिय रहन आग्रह गर्दछु। हाम्रो यात्रा लामो र गौरवपूर्ण छ।'

टिकट वितरणमा ईश्वर खेमालाई बेवास्ता

टिकट वितरणमा ईश्वर पोखरेल खेमालाई पूरै बेवास्ता गरिएको छ। गत मंसिरको ११औं महाधिवेशनमा पदाधिकारीमा प्रतिस्पर्धा गरेका पोखरेल समूहका गोकर्ण विष्टले मात्र टिकट पाएका छन्। महासचिवका उम्मेदवार सुरेन्द्र पाण्डेले टिकट पाएनन् भने उपमहासचिव योगेश भट्टराईको टिकट होल्ड गरिएको छ। सचिवका प्रतिस्पर्धी विनोद ढकाल, गोकुल बाँस्कोटा, कृष्णगोपाल श्रेष्ठ, कर्ण थापा, ठाकुर गैरे, रचना खड्का, इन्द्रलाल सापकोटाले टिकट पाएनन्। गैरेको निर्वाचन क्षेत्र पाल्पा २ मा उपाध्यक्ष विष्णु पौडेलले टिकट पाएका छन्। त्यस्तै, पोखरेल समूहका नेताहरू गणेश पहाडी, झपट रावल, एलपी सावा, महेश बस्नेत (इलाम), जय राई, पुरुषोत्तम पौडेल, कृष्ण राई, अमिरबाबु गुरुङ, मनबहादुर गुरुङ, रत्न गौतम, बालकृष्ण सुवेदीले पनि टिकट पाएनन्।

■ शीर्ष नेता को कहाँबाट उठ्दै छन् ?



■ कांग्रेस उम्मेदवार छान्ने जिम्मा पदाधिकारीलाई

काग्रेसले आगामी निर्वाचनका लागि टिकट वितरण प्रक्रियामा सहजीकरण गर्न प्रदेशस्तरीय पदाधिकारीलाई जिम्मेवारी दिएको छ। शनिबार बसेको केन्द्रीय समिति बैठकले विगतमा सिफारिस भएका नेताहरूको समीक्षा गर्दै सबैलाई समेटेर उम्मेदवारको सूची तयार गर्न पदाधिकारीहरूलाई जिम्मा दिने निर्णय गरेको हो। काग्रेस केन्द्रीय सदस्य अजय शिवाकोटीले नयाँ पत्रिकासँग भने, 'संसदीय बोर्डमा सबै पदाधिकारीहरू हुनुहुन्छ। विगतमा क्षेत्रदेखि जिल्ला र प्रदेशबाट सिफारिस भएर आएका नामबारे समीक्षा गर्ने र सर्ट लिस्टिङका लागि सहजीकरण गर्न प्रदेशगत रूपमा पदाधिकारीलाई जिम्मा दिइएको छ।' कोशी प्रदेशमा उपसभापति विश्वप्रकाश शर्मा र सहमहामन्त्री डिना संग्रौला पन्तलगायतलाई जिम्मा दिइएको छ। मधेश प्रदेशमा सहमहामन्त्री फर्मुल्लाह मन्सुर र मुक्ता यादव, बागमतीमा महामन्त्री प्रदीप पौडेल, सहमहामन्त्री उदयशमशेर राणा, सहमहामन्त्री बहादुरसिंह लामा तथा नेताहरू अर्जुननरसिंह केसी र राजन केसी, गण्डकीमा महामन्त्री प्रदीप पौडेल, प्रवक्ता देवराज चालिसे र गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा, लुम्बिनी प्रदेशमा उपसभापति पुष्पा भुसाल, सहमहामन्त्री योगेन्द्र चौधरी, प्रदेश सभापति अमरसिंह पुनले सहजीकरण गर्नेछन्। कर्णाली प्रदेशमा सहमहामन्त्री कर्ण बुढालगायतका नेता छन् भने सुदूरपश्चिमको जिम्मा सहमहामन्त्री प्रकाश रसाइलीले पाएका छन्। उनीहरूले उम्मेदवारहरूको सूची समीक्षा गरेर सिफारिस गर्नेछन्।

■ **कांग्रेस नयाँ नेतृत्व पनि पुरानै सहकार्यमा**

गगन-विश्वले राष्ट्रिय सभामा कांग्रेस-एमाले गठबन्धन कायमै राख्ने

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



भारतले निर्वाचनका लागि ३७७ गाडी दिने

१०६ वटा एक साताभित्र आइपुग्ने

नयाँ पत्रिका

२१ फागुनका लागि तय प्रतिनिधिसभा निर्वाचनका लागि भारतले तीन सय ७७ वटा गाडी सहयोग गर्ने भएको छ। तीमध्ये धेरैजसो गाडी सुरक्षा निकायलाई दिने तयारी छ। पहिलो लटका गाडी एक साताभित्र आइपुग्ने गृह मन्त्रालयले जनाएको छ। 'करिब चार सय गाडी भारतबाट अनुदानस्वरूप आउँदै छ,' गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले भने, 'त्यसमध्ये १०६ वटा एक साताभित्र आइपुग्नेछ।' यसरी आउने गाडीमध्ये धेरै सुरक्षा निकायलाई दिइने उनी बताउँछन्।

जेन-जी आन्दोलनमा प्रहरीका धेरै सवारीसाधन जलेका थिए। निर्वाचनमा थप सवारीसाधन चाहिने भएकाले नियमित बजेटबाट पनि नेपाल प्रहरीले १८५ वटा गाडी खरिद गर्ने निर्णय गरिसकेको छ।

गृह मन्त्रालयले निर्वाचनलाई लक्षित गरी



प्रहरी परिचालन थालिसकेको छ। निर्वाचन प्रहरी पनि भर्ना प्रक्रिया अन्तिम चरणमा पुगिसकेको छ। शनिबारसम्म दरखास्त लिएर आइतबारदेखि एक लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी भर्नाको प्रक्रिया अघि बढाउन लागिएको छ। गृह मन्त्रालयका प्रवक्ता काफ्लेले निर्वाचनको सुरक्षाका लागि तयारी तीव्र रूपमा अघि बढिरहेको बताए।

सशस्त्र प्रहरी मोबाइल र स्ट्राइकिङमा खटिने

निर्वाचनमा सशस्त्र प्रहरी बलले हरेक निर्वाचन क्षेत्रमा मोबाइल र स्ट्राइकिङ टोली खटाउने भएको छ। यस्ता टोली खटाउन जनशक्ति कम हुने भएपछि सशस्त्र प्रहरीले १५ हजार ११० जना निर्वाचन प्रहरी भर्ना गर्दै छ। उनीहरूलाई मोबाइल र स्ट्राइकिङ टोलीमा खटाउने तयारी छ। 'हाल स्ट्राइकिङ टोलीमा १९ जना मात्र हुने गरेका छन्,' सशस्त्र प्रहरीका एक अधिकारीले भने, 'निर्वाचन प्रहरी थपेर २५ जना खटाउँछौं।' यसपटक सुरक्षाको दृष्टिकोणले अति संवेदनशील मतदानस्थलको संख्या थप भएसँगै सशस्त्र प्रहरीलाई जनशक्ति व्यवस्थापनमा समस्या हुने भएपछि निर्वाचन प्रहरी भर्नाको अनुमति दिइएको छ। निर्वाचन प्रहरीलाई चुनावपछि विपत् सूचक बनाउने सशस्त्र प्रहरीको तयारी छ।

शेखरले गगनसँग सहकार्य गर्ने, देउवाको बैठकमा नजाने



पर्शुराम काफ्ले/नयाँ पत्रिका

काग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले विशेष महाधिवेशनबाट नेतृत्वमा आएका तथा निर्वाचन आयोगबाट आधिकारिता पाएका सभापति गगन थापा स्वीकार गर्ने भएका छन्। साथै, उनले देउवा समूहको बैठकमा अब सहभागी नहुनेसमेत स्पष्ट पारेका छन्।

उनी थापालाई पार्टी सभापति स्वीकार गरेर देउवा समूहसँग समन्वय गर्ने भूमिकामा लाग्ने शेखर पक्षधर नेता दिनेश कोइरालाले बताए। 'अब शेखर दाइ अन्य समूहको बैठकमा जानुहुन्न। निर्वाचन आयोगले दिएको म्यान्डेटका आधारमा गगन थापालाई पार्टी सभापति स्वीकार गरेर देउवा समूहसँग समन्वय गर्ने भूमिकामा उहाँ लाग्नुहुन्छ। उहाँ प्रतिनिधिसभा निर्वाचनमा स्वयं चुनाव लड्नुहुन्न,' दिनेशले भने।

डा. शेखरले निर्वाचन आयोगको निर्णयसँगै देउवा समूहको बैठकमा नजाने बताएका हुन्। बुधबारको सानेपा बैठकमा शेखर समूहका जीवन परियार र दिनेश कोइराला

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ कांग्रेस बैठक

पूर्ण एकतासाथ निर्वाचनमा सहभागी हुन आह्वान

मतभेद बिर्सौं, एकता कायम गरौं : सभापति थापा



काठमाडौं/ काग्रेस संस्थापन पक्षको केन्द्रीय कार्यसमिति बैठकले पूर्ण एकतासाथ निर्वाचनमा सहभागी हुन शेरबहादुर देउवा समूहसहित सबैमा आह्वान गरेको छ। निर्वाचन आयोगले काग्रेसको दोस्रो विशेष महाधिवेशनका निर्णयलाई संविधान, कानुन र पार्टी विधानअनुसार मान्यता दिई अद्यावधिक गरिसकेको उल्लेख गर्दै बैठकले एकता, सद्भाव र सहकार्यमा जोड दिएको छ।

संस्थापनले संसदीय बोर्डमार्फत उम्मेदवार चयनको मापदण्ड बनाउने र देउवा समूह तथा डा. शेखर कोइराला समूहलाई पनि समेटेर उम्मेदवार तय गर्ने भएको छ। 'यो समय एकता, सद्भाव र सहकार्यको समय हो। देश-विदेशमा रहेका सबै काग्रेसजन, सबै तहका समितिहरू र सबै भ्रातृ तथा शुभेच्छुक संस्थाका साथीहरूलाई नवीन ऊर्जा, अटुट विश्वास र पूर्ण एकताका साथ फागुन २१ को निर्वाचनमा सशक्त रूपमा सहभागी हुन हार्दिक आह्वान गरिन्छ,' काग्रेस प्रवक्ता देवराज चालिसेले बैठकपछि भने।

देउवासँग सभापति थापा र उपसभापति शर्माको भेट

बैठकले पार्टीबाट निष्क्रिय रहेका, पार्टी छाडेका नेता-कार्यकर्तालाई पुनः पार्टीमा जोडिन आह्वानसमेत गरेको चालिसेले बताए। संस्थापन पक्षले निवर्तमान सभापति शेरबहादुर देउवालगायत नेताहरूले काग्रेसको नेतृत्वमा रही लामो समयदेखि

» पृष्ठ २ मा क्रमशः

निर्वाचनमा सबै जिल्लामा 'साइबर प्रहरी' परिचालन

साइबर अपराध तथा सामाजिक सञ्जाल दुरुपयोगको निगरानी र शीघ्र अनुसन्धानका लागि तालिमप्राप्त 'साइबर प्रहरी'ले काम गर्ने

नयाँ पत्रिका

निर्वाचनका समयमा सामाजिक सञ्जालको दुरुपयोग मुख्य चुनौती बन्न सक्ने जोखिमको मूल्यांकनपछि सबै जिल्लामा 'साइबर प्रहरी' परिचालन गरिने भएको छ। साइबर अपराध तथा सामाजिक सञ्जाल दुरुपयोगको निगरानी र शीघ्र अनुसन्धानका लागि नेपाल प्रहरीले तालिमप्राप्त प्रहरीलाई 'साइबर प्रहरी'का रूपमा खटाउन लागेको हो।

गृह मन्त्रालयले सातै प्रदेशमा गरेको सुरक्षा सम्मेलनमा सामाजिक सञ्जालमार्फत निर्वाचनका क्रममा एक-अर्काविरुद्ध अफवाह फैलाउने, चरित्रहत्या गर्ने तथा त्यसबाट तनाव सिर्जना हुन सक्ने निष्कर्ष निकालिएको थियो। त्यस्ता गतिविधिमा संलग्नलाई

» पृष्ठ २ मा क्रमशः



■ तीन लाख ४० हजार सुरक्षाकर्मी परिचालन हुने

२१ फागुनमा तय भएको निर्वाचनका लागि तीन लाख ४० हजार सुरक्षाकर्मी परिचालन गरिने भएको छ। निर्वाचन प्रहरीसहित चुनावमा खटिने सुरक्षाकर्मीको संख्या टुंगो लागेको हो। निर्वाचनमा नेपाली सेना पनि खटिनेछ। ७९ हजार ७२७ नेपाली सेना खटिने तय भएको छ। त्यस्तै, ३४ हजार ५७६ सशस्त्र प्रहरी, ७५ हजार ७९७ नेपाल प्रहरी र एक हजार ९२१ राष्ट्रिय अनुसन्धान विभागबाट परिचालन हुनेछन्। त्यस्तै, एक लाख ४९ हजार ९० निर्वाचन प्रहरीको भर्ना प्रक्रिया अघि बढिसकेको छ। शनिबारसम्म दरखास्तको म्याद रहेकोमा आइतबारदेखि छनोटको प्रक्रिया सुरु गर्न लागिएको छ। 'निर्वाचनमा सुरक्षाका हिसाबले शून्य कमजोरी होस् भन्ने हिसाबले हाम्रो तयारी चुस्त छ,' गृहप्रवक्ता आनन्द काफ्ले भन्छन्, 'विगतमा सम्पन्न निर्वाचनको अनुभव र सिकाइसमेतका आधारमा मजबुत सुरक्षा व्यवस्था कायम गर्ने गरी काम भइरहेको छ।'

शेखरले...

पृष्ठ १ बाट क्रमशः

उपस्थित थिएनन्। शेखर समूहले आइतबार दिउँसो १ बजे आफ्ना उपलब्ध नेताहरूको बैठक बोलाएको छ।

यसैबिच डा. शेखरले सडक आन्दोलनको निर्णय रोकेका छन्। सानेपामा औपचारिक बैठक बस्नुअघि उनले आफ्नो समूहका नेताहरूको बैठक राखेर विशेष महाधिवेशनको आधिकारिकतालाई कानुनी प्रक्रियाबाट हेर्ने बाटो खुला रहेको र हाल सडक आन्दोलन आत्मघाती हुने बताएका थिए।

'निर्वाचन आयोगले मान्यता दिइसकेको अवस्थालाई स्वीकार गरेर हामी चुनावमा जानुपर्छ। इच्छुक साथीहरूले पार्टीकै उम्मेदवारका रूपमा रुख चिह्न र चारतारे झन्डासहित निर्वाचनमा भाग लिनुपर्छ। विशेष महाधिवेशनको प्रक्रियामा न्यायिक व्याख्याका लागि अदालत जान सकिन्छ, तर वर्तमान परिस्थितिमा पार्टी एकतामा केन्द्रित हुनुपर्छ,' पूर्वकेन्द्रीय सदस्य दिनेशले नयाँ पत्रिकासँग भने।

शेखरले बैठकमा विशेष महाधिवेशनमा सहभागी ५४ प्रतिशतको आधिकारिकता भेरिफाई गर्नुपर्नेमा जोड दिँदै भनेका थिए, '५४ प्रतिशत कसले भेरिफाई गऱ्यो ? त्यसकारण न्यायिक उपचार उचित हुन्छ। तर, सडक संघर्षमा जाने वा नयाँ पार्टी खोल्ने गल्ती गर्नुहुँदैन।'

देउवा पक्ष आज सर्वोच्च जाँदै

कांग्रेसको आधिकारिकता विवाद निर्वाचन आयोगले शुक्रबार टुंग्याए पनि असन्तुष्ट देउवा पक्ष आधिकारिकता दाबी गर्दै आइतबार सर्वोच्च अदालत जाने भएको छ। देउवा समूहको शनिबार बसेको केन्द्रीय कार्यसमिति बैठकले गगन थापा नेतृत्वको कार्यसमितिलाई मान्यता दिने आयोगको निर्णय अस्वीकार गर्दै कानुनी लडाइँमा जाने निर्णय गरेको हो।

मुद्दा-मामिलाको जिम्मा निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई दिएको छ। 'आयोगको निर्णयका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा-मामिला एवं अन्य कानुनी काम-कारबाही गर्न निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई अख्तियारी प्रदान गरिएको छ,' देउवा समूहका निवर्तमान प्रवक्ता डा. प्रकाशशरण महतले भने। देउवानिकट वरिष्ठ अधिवक्ता खम्मबहादुर खाती, शेरबहादुर केसीलगायतको टिमले तयार गरेको रिट आइतबार सर्वोच्चमा दर्ता गर्ने देउवा समूहको तयारी छ।

बैठकले गगन थापा नेतृत्वको केन्द्रीय समितिलाई आधिकारिकता दिने आयोगको निर्णय नेपालको संविधान, प्रचलित कानुन, राजनीतिक दलसँग जोडिएका कतिपय विवादहरूको निरूपण गर्दा निर्वाचन आयोगकै विगतका निर्णयहरूबाट स्थापित नजिरहरू, कांग्रेसबाट निरन्तर रूपमा गरिएका पार्टीको निर्णयसँग सम्बन्धित पत्राचार र बुझाइएका प्रमाणहरूलाई बेवास्ता गरिएको आरोप लगाएको छ। 'तथाकथित विशेष महाधिवेशनका नाममा गरिएको भेलाको औचित्य, वैधानिकता, उपस्थित संख्यासमेत नहेरी एकलौटी रूपले गरिएको निर्णय दूषित मनसायले प्रेरित रहेको यो बैठक ठहर गर्दछ,' महतले भने, 'देशको सबैभन्दा ठुलो लोकतान्त्रिक पार्टीको विधिवत् निर्वाचित केन्द्रीय कार्यसमितिलाई अवैधानिक ढंगले परिवर्तन गरी नेपाली कांग्रेसलाई गम्भीर क्षति पुऱ्याउने मनसाय प्रस्ट देखिन्छ। यो निर्णय मुलुकमा लोकतान्त्रिक व्यवस्थालाई दुर्घटनामा पार्ने षड्यन्त्रको एक अंश हो।'

देउवा समूहको औपचारिक बैठकअघि अनौपचारिक छलफलमा नेताहरूको मत बाझिएको थियो। 'एकथरी साथीहरूले त अदालतको निर्णय हाम्रो पक्षमा नआउन्जेल हामी विधिवत् रूपमा निवर्तमान भएका छौँ भन्ने कुरालाई आत्मसात् गरौँ भन्नुभयो। अर्काथरीले चाहिँ निर्वाचन आयोगको निर्णयलाई नमान्ने भनिसकेपछि निवर्तमान भएका छैनौँ, अदालतले नै निर्णय गरेपछि मात्रै निवर्तमान हुन्छौँ भन्ने धारणा राख्नुभयो,' देउवानिकट एक केन्द्रीय सदस्यले नयाँ पत्रिकासँग भने।

नेता शेखर कोइरालाले निवर्तमान कार्यवाहक सभापति खड्कासहितका नेतासँग अनौपचारिक छलफल गरेपछि खड्काले बैठकमा सडक आन्दोलनको एजेन्डा पेस गरेनन्। उनले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा आयोगले फरक निर्णय गरे देशव्यापी आन्दोलन गर्ने चेतावनी सार्वजनिक गरेका थिए। 'कार्यवाहक सभापतिले कानुनी उपचार खोज्ने प्रस्ताव राख्नुभयो, सबैले ताली बजाएर समर्थन गऱ्यौँ। आन्दोलनको कुरा आएन,' देउवानिकट ती नेताले भने। त्यसपछि देउवा समूहले आयोगको निर्णयविरुद्ध संवैधानिक एवं कानुनी उपचार तथा राजनीतिक प्रतिवाद गर्ने निर्णय गरेको थियो।

कोइरालाले शनिबार सञ्चारकर्मीसँग कुरा गर्दै कांग्रेस फेरि मिल्ने जिकिर गरे। 'नेपाली कांग्रेस फेरि मिल्छ, हामीले मिलाउनुपर्छ। आपसी संवादबाट नै कांग्रेसको विवाद सल्टिने हो,' कोइरालाले भने, 'हामी मिलाउँछौँ।'

पोखरा विमानस्थल भ्रष्टाचार मुद्दामा सर्वोच्च पुग्यो अख्तियार

न्यून धरौटी र साधारण तारेखको आदेश बदर गरी प्रतिवादीलाई थुनामा राख्नुपर्ने माग

नयाँ पत्रिका

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको भ्रष्टाचार मुद्दामा प्रतिवादीलाई न्यून धरौटी र साधारण तारेख दिने विशेष अदालतको थुनछेक आदेशविरुद्ध सर्वोच्च अदालतमा निवेदन दर्ता भएको छ। विशेषको थुनछेक आदेश बदर गरी प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिपाऊँ भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शुक्रबार निवेदन पेस गरेको हो।

विमानस्थलको खरिद तथा निर्माण प्रक्रियामा आठ अर्ब ३६ लाख ७३ हजार ५५ हजार २९७ रुपैयाँ भ्रष्टाचार भएको ठहर गर्दै अख्तियारले त्यसमा संलग्न तत्कालीन पाँच पर्यटनमन्त्री, १० पूर्वसचिवसहित ५५ जना र ठेकेदार कम्पनीविरुद्ध गत २१ मंसिरमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। तर, थुनछेक बहसका क्रममा मुद्दाका प्रतिवादीसँग न्यून धरौटी र साधारण तारेखको आदेश गरेको भन्दै अख्तियार त्यसविरुद्ध सर्वोच्च गएको हो।

विशेष अदालतले मुद्दाका प्रतिवादी नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलाई पाँच लाख र मुरारी भण्डारीलाई एक लाख धरौटी लिई मुद्दाको पुर्पक्ष गर्नेगरी गत २३ मंसिरमा आदेश गरेको थियो। त्यस्तै, प्रतिवादीहरू अशोककुमार सुवेदी, सुवर्णराज उपाध्याय र महेशकुमार बस्नेतलाई साधारण तारेखको आदेश गत १६ पुसमा गरेको थियो। नारायण गिरीलाई २४ पुस र बाबुराम पौडेललाई २९ पुसमा साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नेगरी थुनछेक आदेश गरेको थियो। उनीहरू सबैविरुद्ध जनहीआठ अर्ब ३६ लाख ७३ हजार ५५ हजार २९७ रुपैयाँ बिगो अख्तियारले कायम गरेको थियो। ती आदेशहरू बेरितको देखिएको र बदरभागी भएको अख्तियारको दाबी छ।

यद्यपि, प्राधिकरणका तत्कालीन महानिर्देशक अधिकारी अहिले डिल्लीबजार कारागारमा छन्। भक्तपुरको नलिन्चोकमा हेलिपोर्ट निर्माण गर्दा करिब १३ करोड ५७ लाख रुपैयाँ अनियमितता गरेकोसम्बन्धीको मुद्दामा उनी अहिले कारागारमा छन्। गत २१ मंसिरको विशेष अदालतको आदेशले उनी थुनामा पुगेका हुन्। प्राधिकरणका महानिर्देशकसहित प्रतिवादीहरू बस्नेत, सुवेदी, उपाध्याय, भण्डारी, गिरी र पौडेललाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ७ अन्तर्गतको दफा ७३ र न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम सर्वोच्च अदालतमा अख्तियारले निवेदनपत्र दर्ता गरेको छ।

थुनछेक आदेश बेरित भएको विभिन्न सातवटा आधार तथा कारण अख्तियारले पेस गरेको छ। 'विशेष अदालतबाट थुनछेक आदेश गर्दा अपराधको प्रकृति र गाम्भीर्यता, कसुरमा प्रतिवादीहरूको संलग्नता, कसुर गर्दाको परिस्थिति, प्रतिवादीहरूले प्रमाण लोप गर्न र नयाँ कृत्रिम प्रमाण सिर्जना गर्न सक्ने अवस्था, पीडित तथा साक्षीको सुरक्षा, घटनाले समाजमा पारेको प्रभाव एवं सामाजिक आक्रोश, अदालतमा प्रतिवादीहरूको उपस्थितिको सुनिश्चितता, निजहरूलाई हुन सक्ने सजाय एवं फैसला कार्यान्वयनको अवस्था, स्वेच्छाचारी सरकारी काम-कारबाहीको नियन्त्रणसमेतका सिद्धान्तलाई मध्यनजर गरी सोमा अनुपातिक न्याय, प्रतिवादीहरूको कसुरमा संलग्नता र निजहरूविरुद्धको प्रमाणबिच समान व्याख्या एवं मूल्यांकन कायम गरी थुनछेक आदेश गर्नुपर्नेमा प्रतिवादीविरुद्धका प्रमाण एवं निजले स्वीकार गरेको तथ्यलाई नजरअन्दाज गरी हचुवा रूपमा केही प्रतिवादीको हकमा बिगोको तुलनामा अत्यन्त न्यूनमाग गर्ने तथा अन्य केही प्रतिवादीको हकमा साधारण तारेखमा राख्ने गरी भएको आदेश बेरितको भई त्रुटिपूर्ण देखिएको,' अख्तियारले सर्वोच्चमा दर्ता गरेको निवेदनमा उल्लेख छ।

पूर्ण एकतासाथ...

पृष्ठ १ बाट क्रमशः

पुऱ्याएको योगदानको उच्च कदर गरेको छ। देउवाको अभिभावकीय भूमिकाको पनि कांग्रेसले अपेक्षा गरेको चालिसेले बताए।

कांग्रेस सभापति गगनकुमार थापाले विगतका तिक्तता र मतभेद बिर्सेर कांग्रेसलाई बलियो बनाउन सबैलाई आह्वान गरेका छन्। 'निर्वाचन आयोगको निर्णय लोकतान्त्रिक प्रक्रियाको हिस्सा भएकाले यसलाई स्वीकार गरेर अगाडि बढ्नुको विकल्प छैन। हामी पार्टीभित्रका अग्रज नेताहरूको अनुभव र नयाँ युवाहरूको ऊर्जालाई जोडेर अघि बढ्न प्रतिबद्ध छु,' निर्वाचन आयोगले मान्यता दिएपछि आयोजित केन्द्रीय समिति बैठकअघि थापाले सञ्चारकर्मीसँग भने, 'निवर्तमान सभापति शेरबहादुर देउवाको अभिभावकत्व र संरक्षकत्वको भूमिका पार्टीका लागि आवश्यक छ। म एक-दुई दिनभित्रै सिंगो कांग्रेस एक ठाउँमा उभिने वातावरण बताइरहेको छु। मलाई विश्वास छ, तपाईंहरूले त्यो परिस्थिति देख्न पाउनुहुनेछ।'

उनले ६ माघसम्म प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार टुंग्याउने समयको चाप रहेको उल्लेख गर्दै सबै पक्षलाई समेटेर अघि बढ्ने बताए। 'आन्तरिक एकता नै अहिले पार्टीको मुख्य शक्ति हो। सभापतिज्यूले अब मुद्दा-मामिलातिर नलाग्न सबैलाई आह्वान गर्नुहोस् भन्ने हाम्रो आग्रह छ,' थापाले भने।

देउवासँग कांग्रेस सभापति र उपसभापतिको भेट

कांग्रेस सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले शनिबार पार्टीका निवर्तमान सभापति शेरबहादुर देउवासँग देउवानिवास महाराजगन्जमा भेटवार्ता गरेका छन्। उनीहरूबिच शिष्टाचार भेट भएको र पार्टी सुदृढीकरणबारे छलफल भएको कांग्रेस महामन्त्री गुरुराज घिमिरे र प्रवक्ता देवराज चालिसेले नयाँ पत्रिकासँग बताए। 'सभापतिज्यूले निवर्तमान सभापतिज्यूसँग भेटवार्ता गर्नुभएको हो। नेताहरूसँग हुने यस्ता भेटहरू नियमित प्रकारका हुन्। सभापतिज्यूले अन्य नेताहरूसँग पनि भेट्नुहुनेछ,' प्रवक्ता चालिसेले नयाँ पत्रिकासँग भने, 'आफ्नै नेतासँगको शिष्टाचार भेट हो।' सभापति थापाले निर्वाचन आयोगको निर्णय स्वीकार गरेर पार्टीलाई एकताबद्ध हुन सबैलाई आह्वान गरिदिन निवर्तमान सभापति देउवासँग शनिबार सार्वजनिक रूपमा आह्वान गरेका थिए।

निर्वाचन आयोगले शुक्रबार गगन थापा नेतृत्वको नयाँ केन्द्रीय समितिलाई मान्यता दिँदै कांग्रेसको अभिलेख अद्यावधिक गर्ने निर्णय गरेपछि सभापति थापा र निवर्तमान सभापति देउवाबिच भएको पहिलो भेटवार्ता हो। उनीहरूबिच पछिल्लो भेट बुधबार भएको थियो।

दर्ता नं.: ५२७ (४०८) ०६६/०६७

अनमोल बचत तथा ऋण सहकारी संस्था लि.
ANAMOL SAVING & CREDIT CO-OPERATIVE LTD.
सूर्यविनायक न.पा.-८, भक्तपुर
फोन नं. ०१-६६१९५७३। Email address: anmolsaving@gmail.com

लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/०४

यस अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवंम मौखीक सूचना गरीयो तर ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०८१/१०/२५ गते, मिति २०८१/१२/२३ र मिति २०८२/०१/१५ गतेको नयाँ पत्रिकामा ३५ दिने, १५ दिने र ७ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको सांवा, व्याज आदि चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाएकोले सुरक्षण वापत यस सहकारीको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल अचल श्री सम्पत्ति, जग्गाहरू जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिकी गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिकी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। सो अवधिमा ईच्छुक महानुभावहरूले गोप्य शिलबन्दी बोलपत्रद्धारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ।

तपसिल

ऋणीको विवरण:
नर बहादुर सुनुवारको नातिनी दान बहादुर सुनुवारको छोरी, दोलखा जिल्ला, साविक हावा गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, सुर्यविनायक नगरपालिका वडा नं. ८ बस्ने ऋषा सुनुवार (ना.प्र.नं. २२१०४६/८२, जारी मिति: २०६६/०३/०३, जिल्ला प्रशासन कार्यालय दोलखा)।

व्यक्तिगत जमानी दिनेको विवरण :
विर बहादुर लाकाजुको नाति डम्मबर बहादुर लाकाजुको छोरा, भक्तपुर जिल्ला, सुर्यविनायक न.पा वडा नं. ९ बस्ने शम्भु लाकाजु(ना.प्र.नं. २९ २४६९३, जारी मिति: २०६२/०३/०३, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।

धितो सुरक्षणको विवरण :
ऋषा सुनुवारको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, साविक सिपाडोल गा.वि.स वडा नं. ४ स्थित कित्ता नं. ८९१ को क्षेत्रफल ०-५-२-० को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरू समेत।

शर्तहरू :
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस संस्थाबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ।
३. बोलपत्र स्किृत भएपछि तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुनेछ।
४. दा.खा.नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ।
५. बोलपत्र बुझाउने तथा खोल्ने दिन कारणबस सार्वजनिक बिदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्य हुनेछन्।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस संस्थामा सम्पर्क गर्नु हुन अनुरोध छ।
७. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्विकृत/अस्विकृत वा आशिंक स्विकृत गर्न सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन।
९. धरौटी स्वरुप जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन र बोलपत्रको अन्तिम निर्णय भए पश्चात फिर्ता हुनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/१०/१८ गते आईतबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८२/१०/२५ गते आईतबार दिनको २:०० बजे
स्थान : अनमोल बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुर्यबिनायक, भक्तपुर कार्यालयमा

धमाधम...

पृष्ठ १ बाट क्रमशः

कांग्रेसका लागि नवनिर्वाचित सभापति गगन थापाले पार्टीको तल्ला कमिटीबाट सिफारिस भएका नामका आधारमा उम्मेदवार टुंग्याउने तयारी गरेका छन्। थापाले कुनै गुट वा व्यक्तिगत आग्रहलाई नमान्ने र परिणाममा केन्द्रित निर्णय हुने स्पष्ट पारेका छन्। उम्मेदवार चयनका लागि देउवालाई भेटेर नवनिर्वाचित सभापति थापा र उपसभापति विश्वप्रकाश शर्माले कुराकानी पनि गरेका छन्। तर, उनीहरूको प्रस्तावलाई देउवाले स्वीकार गरेका छैनन्।

निश्चित मापदण्ड बनाएर आइतबारबाट छलफल सुरु गर्ने थापा नेतृत्वको समितिको तयारी छ। 'हामी पार्टीका तल्ला कमिटीबाट निर्णयका लागि सिफारिस भएर आएका नामकै आधारमा प्रत्यक्षतर्फको उम्मेदवार टुंग्याउने तयारीमा छौँ,' प्रवक्ता देवराज चालिसेले भने, 'यस विषयमा सभापतिले परामर्श गरिरहनुभएको छ, आइतबार बैठक राखेर सबै क्षेत्रको उम्मेदवार टुंग्याउने तयारी छ।'

उनले तलबाट आएका सिफारिस, उम्मेदवारबारे प्राप्त थप तथ्य र सूचनाहरूका आधारमा विनापूर्वाग्रह, गुट, अनुहार र आग्रह केही पनि नराखीकन परिणाम केन्द्रित भएर टिकट वितरण गरिनेसमेत प्रस्ट्याए। 'हामी अब कुनै गुट, अनुहार हेर्दैनौँ, आग्रह, पूर्वाग्रह पनि राख्दैनौँ, परिणामलाई केन्द्रमा राखेर टिकट दिने निर्णय गर्छौँ,' चालिसले भने। नयाँ नेतृत्व आए पनि पुरानो नेतृत्वलाई अवज्ञा गरेर उम्मेदवार छनोट नगर्ने भन्दै उनले सबै शीर्ष तहका नेताहरूलाई सम्मानसहित टिकट दिइने र अभिभावकीय भूमिकामा राखेर मात्र पार्टी सञ्चालित हुने पनि बताए।

देउवा समूहले सर्वोच्च अदालतमा रिट दायर गर्ने तयारी गरिरहेको छ। अदालतको आदेश नआउन्जेल चुनावमा सहभागी नहुने रणनीति तय गरेको छ। 'निर्वाचन आयोगको निर्णयकै आधारमा मात्रै हामी गगन थापालाई नेतृत्व मानेर चुनावमा भाग लिँदैनौँ, उनीहरूका उम्मेदवारलाई सहयोग पनि गर्दैनौँ,' देउवानिकट नेताले भने, 'सर्वोच्चले हामीलाई मान्यता दिन्छ भन्नेमा विश्वस्त छौँ, यदि मान्यता दिएन भने त्यसपछिको परिस्थिति अर्कै हुन्छ।'

नेकपाले एकल सिफारिस भएर आएका उम्मेदवारलाई संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले टिकट बाँडिसकेका छन्। दुई वा दुईभन्दा बढी नाम आएका क्षेत्रमा भने सम्बन्धित प्रदेशका इन्चार्ज र एकता प्रक्रियामा सामेल भएका जिल्ला संयोजक तथा सहसंयोजकसँग परामर्श गरेर टुंग्याइने नेता बेदुराम भुसालले बताए। 'आइतबारसम्म परामर्श गरेर टिकट वितरण गर्ने काम टुंगिसक्छ,' भुसालले नयाँ पत्रिकासँग भने।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उम्मेदवार टुंग्याउन आइतबार केन्द्रीय समिति बैठक बोलाएको छ। प्रवक्ता मनीष झाका अनुसार बैठक दिउँसो २ बजे पार्टी केन्द्रीय कार्यालय वनस्थलीमा बस्नेछ। बैठकका मुख्य एजेन्डा प्रतिनिधिसभा सदस्य निर्वाचन र विविध विषय रहेका छन्।

रास्वपाले प्रत्यक्षतर्फका उम्मेदवार टुंगो लगाउने जनाएको छ। उम्मेदवार सिफारिसका लागि डा. स्वर्णिम वाग्लेको नेतृत्वमा समिति गठन गरिएको थियो। पार्टीका एक नेताका अनुसार यसअघि निर्वाचन जितेका नेताहरू सोही क्षेत्रबाट पुनः उम्मेदवार बन्ने तयारीमा छन्।

मधेशकेन्द्रित दल आगामी निर्वाचनमा सम्भावित गठनबन्धनबारे छलफलमा छन्, तर सहमति जुटिसकेको छैन। जसपा नेपाल र लोसपा एकता भएर जसपा नेपाल बनेको छ। मधेशकेन्द्रित सबै दलसँग चुनावी गठबन्धनबारे छलफल जारी छ। 'हामी छलफलमै छौँ। लोकतान्त्रिक मोर्चाका घटकसँग सिट टुंगो लागेको छैन। मोर्चामा एकताबद्ध भएर चुनाव लडौँ भन्ने सहमति छ। सिट बाँडफाँट गरेर जाँदा मोर्चाको राम्रो उपस्थिति हुने भएकाले हामी त्यसको तयारीमा छौँ,' जसपा नेपालका सचिव शैलेन्द्र साहले भने।

राष्ट्रिय प्रजातन्त्र पार्टीले आइतबार साँझसम्म १६५ वटै निर्वाचन क्षेत्रको उम्मेदवार टुंग्याउने गरी छलफल जारी राखेको छ। प्रवक्ता मोहन श्रेष्ठले केही दिनदेखि बसिरहेको संसदीय समितिको बैठकले ९० भन्दा बढी क्षेत्रको उम्मेदवार टुंगो लगाएर टिकटसमेत वितरण गरिसकेको जानकारी दिए। 'उपत्यका र आसपासका जिल्लासहित आइतबार साँझसम्म समितिले सबै क्षेत्रको उम्मेदवार टुंगो लगाउँछ,' उनले भने।

एमालेले टुंग्यायो...

पृष्ठ १ बाट क्रमशः

पाल्पा
१. नारायण आचार्य
२. विष्णुप्रसाद पौडेल

गुल्मी
१. प्रदीप ज्ञवाली
२. गोकर्ण विष्ट

दाङ
१. अध्यक्षले टुंग्याउने
२. अध्यक्षले टुंग्याउने
३. घनश्याम पाण्डे

बाँके
१. सूर्य ढकाल
२. अध्यक्षले टुंग्याउने
३. दलबहादुर सुनार

बर्दिया
१. सालिकराम अधिकारी
२. विमला विक

प्युठान
१. सूर्यबहादुर थापा

अर्घाखाँची
१. पीताम्बर भुसाल

गण्डकी

नवलपुर
१. भागीरथ सापकोटा
२. तिलबहादुर महत क्षेत्री

गोरखा
१. आरसी लामिछाने
२. मिलन गुरुङ

लमजुङ
१. पृथ्वी सुब्बा गुरुङ

तनहुँ
१. भगवती न्यौपाने
२. केदार सिग्देल

स्याङ्जा
१. मीनप्रसाद गुरुङ
२. खिमबहादुर थापा

म्याग्दी
१. हरिकृष्ण श्रेष्ठ

बागलुङ
१. हिरा केसी
२. मञ्जु शर्मा चालिसे

कास्की
१. बैणबहादुर क्षेत्री
२. कृष्ण थापा
३. दामोदर बैरागी

मुस्ताङ
१. इन्द्रधारा विष्ट

मनाङ
१. पोल्देन सोताङ गुरुङ

पर्वत
१. पदम गिरी

बागमती

चितवन
१. कृष्णराज पाठक
२. अस्मिन घिमिरे
३. शंकरराज थपलिया

मकवानपुर
१. रामेश्वर राना
२. महेश बर्तौला

दोलखा
१. पार्वत गुरुङ

रामेछाप
१. माधवप्रसाद ढुंगेल

सिन्धुली
१. प्रदीप केसी (कटुवाल)
२. मनोजजंग थापा

सिन्धुपाल्चोक
१. आङदोर्जे शेर्पा
२. शेरबहादुर तामाङ

काभ्रे
१. अमित लामा
२. अध्यक्षले टुंग्याउने

ललितपुर
१. चेतनाथ सञ्जेल
२. प्रेमबहादुर महर्जन
३. अध्यक्षले टुंग्याउने

भक्तपुर
१ सोम मिश्र
२ महेश बस्नेत

काठमाडौं
१. मोहन रेग्मी
२. मणिराम फुयाँल
३. रामेश्वर फुयाँल
४. अध्यक्षले टुंग्याउने
५. अध्यक्षले टुंग्याउने
६. अमनकुमार मास्के
७. अध्यक्षले टुंग्याउने
८. राजेश शाक्य
९. अध्यक्षले टुंग्याउने
१०. विनोद श्रेष्ठ

नुवाकोट
१. बद्री मैनाली
२. केशव पाण्डे

धादिङ
१. भूमि त्रिपाठी
२. धनबहादुर घले

रसुवा
१. प्रेमबहादुर तामाङ

मधेश

सप्तरी
१. सुमनराज प्याकुरेल
२. सतिश सिंह
३. ताराकान्त चौधरी
४. बालकृष्ण चौधरी

सिराहा
१. रामशंकर यादव
२. नवीनकुमार यादव
३. लीलानाथ श्रेष्ठ
४. बिल्टु साह

धनुषा
१. रामचन्द्र मण्डल
२. उमाशंकर अरगरिया
३. जुलीकुमारी महतो
४. रघुवीर महासेठ

महोत्तरी
१. लक्ष्मी महतो कोइरी
२. रामपरीक्षण यादव
३. अध्यक्षले टुंग्याउने
४. सरोज यादव

सर्लाही
१. अध्यक्षले टुंग्याउने
२. अध्यक्षले टुंग्याउने
३. हरि उप्रेती

रौतहट
१. अजयकुमार गुप्ता
२. शैलेन्द्र साह
३. कुन्दन कुसवाह
४. रामजी शाह

बारा
१. अच्युत मैनाली
२. बलवीरप्रसाद चौधरी
३. ज्वाला शाह
४. कृष्णकुमार श्रेष्ठ 'किसान'

पर्सा
१. अध्यक्षले टुंग्याउने
२. अध्यक्षले टुंग्याउने
३. प्रमोद जैसवाल
४. जालिम मियाँ अन्सारी

कोशी

ताप्लेजुङ
१. अध्यक्षले टुंग्याउने

पाँचथर
१. ऐन्द्रसुन्दर नेम्वाङ

इलाम
१. काजीमान कागते
२. सुहाङ नेम्वाङ

झापा
१. रामचन्द्र उप्रेती
२. देवराज घिमिरे
३. अध्यक्षले टुंग्याउने
४. मनोज ताम्ली
५. केपी शर्मा ओली

संखुवासभा
१. डा. अर्जुन कार्की

धनकुटा
१. राजेन्द्र राई

भोजपुर
१. शेरधन राई

तेह्रथुम
१. भानुभक्त ढकाल

सुनसरी
१. सूर्य पन्दाक
२ अध्यक्षले टुंग्याउने
३. भगवती चौधरी
४. जगदीश कुसियत

मोरङ
१. घनश्याम खतिवडा
२. दिलीपकुमार अग्रवाल
३. कल्पना राई
४. जीवन घिमिरे
५. अध्यक्षले टुंग्याउने
६. अध्यक्षले टुंग्याउने

सोलुखुम्बु
१. कल्पना राई

ओखलढुंगा
१. अस्मिता थापा

खोटाङ
१. देवविक्रम राई

उदयपुर
१. दुर्गा थापा स्वोती
२. अमरबहादुर रायमाझी

शीर्ष नेता को कहाँबाट उठ्दै छन् ?

आगामी निर्वाचनका लागि राजनीतिक दलका शीर्ष नेताहरूको उम्मेदवारी क्षेत्र लगभग टुंगो लागेको छ। तल्लो तहबाट सिफारिस भएका नामअनुसार नै शीर्ष नेताहरू उम्मेदवार बन्ने तयारीमा छन्।

एमाले : एमाले अध्यक्ष केपी शर्मा ओली झापा ५ बाट निर्वाचन लड्ने तयारीमा छन्। उपाध्यक्षहरू विष्णु पौडेल रुपन्देही २, गोकर्ण विष्ट गुल्मी २ र पृथ्वीसुब्बा गुरुङ लमजुङबाट उम्मेदवार बन्ने भएका छन्।

महासचिव शंकर पोखरेल दाङ २ बाट, उपमहासचिवहरू लेखराज भट्ट कैलाली ४, योगेश भट्टराई ताप्लेजुङ र रघुवीर महासेठ धनुषा १ बाट चुनाव लड्दै छन्। पूर्वउपमहासचिव प्रदीप ज्ञवाली गुल्मी १ र पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल काठमाडौं ५ बाट उम्मेदवार बन्ने तयारीमा छन्।

नेकपा : नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड रुकुम पूर्वबाट निर्वाचन लड्ने भएका छन्। सहसंयोजक माधवकुमार नेपाल रौतहट १ बाट उम्मेदवार बन्ने तयारीमा छन्। वरिष्ठ नेता झलनाथ खनालले भने चुनाव लड्ने वा नलड्ने निर्णय गरिसकेका छैनन्। उनको नाम बागलुङ २, सर्लाही १ र इलाम १ बाट सिफारिस भएको छ।

वामदेव गौतम बर्दिया १, नारायणकाजी श्रेष्ठ सर्लाही ३, भीम रावल अछाम १, महिन्द्र राय यादव सर्लाही २ र वर्षमान पुन रोल्पाबाट निर्वाचन लड्ने तयारीमा छन्।

हिमाल शर्मा काठमाडौं ६, सुमन सायमी काठमाडौं ८, अशोक घिमिरे झापा १, रञ्जित तामाङ झापा ५, त्रिलोचन भट्ट डोटी, नरेश भण्डारी जुम्ला, मनहरि शर्मा पर्वत, राजन दाहाल सिन्धुली २, लेखनाथ न्यौपाने गोरखा २ तथा दैलेखमा अम्मरबहादुर थापा र योगेन्द्र शाही उम्मेदवार बन्ने तयारीमा छन्। सर्लाहीबाट सुवास काफ्ले पनि चुनावी प्रतिस्पर्धामा रहने भएका छन्।

चितवन ३ मा रेनु दाहाल, कञ्चनपुर १ मा विना मगर, २ मा लालबहादुर खड्का र ३ मा मानबहादुर सुनार उम्मेदवार बन्ने तयारीमा छन्। डडेल्धुराबाट मानसिंह माल, दार्चुलाबाट लक्ष्मणदत्त जोशी, बैतडीबाट परमानन्द भट्ट र बाजुराबाट प्रकाश शाह पनि निर्वाचन लड्दै छन्।

धादिङमा राजेन्द्र पाण्डे र गंगालाल तुलाधरले उम्मेदवारी दाबी गरेका छन्। उदयपुरमा जगन्नाथ खतिवडा र सुरेश राईमध्ये कसलाई टिकट दिने भन्ने विषयमा छलफल जारी छ।

नेकपाका सहसंयोजक माधवकुमार नेपालले टिकट वितरण तीव्र रूपमा भइरहेको बताए। 'चुनावको माहोल बन्दै छ। सर्वसम्मत रूपमा टिकट बाँड्दै आएका छौं। नेकपा सबैभन्दा ठुलो पार्टी बन्छ,' उनले पत्रकारहरूसँग भने।

नेता डा. बेदुराम भुसालका अनुसार जिल्लाबाट प्रदेश हुँदै केन्द्रमा सिफारिस भएका नाममध्ये एकल नाम सिफारिस भएकालाई टिकट दिइएको छ भने एकभन्दा बढी नाम भएका क्षेत्रमा प्रदेश इन्चार्जसँगको समन्वयमा निर्णय भइरहेको छ। जाजरकोटबाट शक्ति बस्नेत, रुकुम पश्चिमबाट गोपाल शर्मा, डोल्पाबाट धनबहादुर बुढा र सिराहा ४ बाट धर्मनाथ साह उम्मेदवार बन्ने तयारीमा छन्।

उम्मेदवार टुंग्याउन रास्वपाको बैठक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उम्मेदवार टुंग्याउन आइतबार केन्द्रीय समिति बैठक बोलाएको छ। प्रवक्ता मनीष झाका अनुसार बैठक दिउँसो २ बजे पार्टी केन्द्रीय कार्यालय वनस्थलीमा बस्नेछ। बैठकका मुख्य एजेन्डा प्रतिनिधिसभा सदस्य निर्वाचन र विविध विषय रहेका छन्।

रास्वपाले प्रत्यक्षतर्फका उम्मेदवार टुंगो लगाउने जनाएको छ। उम्मेदवार सिफारिसका लागि डा. स्वर्णिम वाग्लेको नेतृत्वमा समिति गठन गरिएको थियो। पार्टीका एक नेताका अनुसार यसअघि निर्वाचन जितेका नेताहरू सोही क्षेत्रबाट पुनः उम्मेदवार बन्ने तयारीमा छन्। सभापति रवि लामिछाने चितवन २ बाट निर्वाचन लड्दै छन्। पार्टीले भावी सभापतिका रूपमा अघि सारेका वरिष्ठ नेता बालेन शाह झापा ५ बाट उम्मेदवार बन्ने तयारीमा छन्। उपसभापति डिपी आर्याल काठमाडौं ९, स्वर्णिम वाग्ले तनहुँ १, महामन्त्री कवीन्द्र बुर्लाकोटी गोरखा २ र प्रवक्ता मनीष झा सिराहा ३ बाट निर्वाचन लड्ने तयारीमा छन्।

मधेशकेन्द्रित दल छलफलमा

मधेशकेन्द्रित दलहरू आगामी निर्वाचनमा सम्भावित गठबन्धनबारे छलफलमा छन्। जसपा नेपाल र लोसपा एकीकरणपछि बनेको जसपा नेपालले अन्य मधेशकेन्द्रित दलहरूसँग सिट बाँडफाँटबारे संवाद गरिरहेको जनाएको छ। जसपा नेपालका सचिव शैलेन्द्र साहका अनुसार लोकतान्त्रिक मोर्चाका घटकसँग सिट बाँडफाँट टुंगो लागेको छैन। 'मोर्चाकम एकताबद्ध भएर चुनाव लड्ने सहमति छ। सिट बाँडफाँट भएपछि राम्रो उपस्थिति हुने अपेक्षा छ,' उनले भने।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सप्तरी १, २ र ३ बाट सिफारिस भएका छन्। उनी सप्तरी २ बाट निर्वाचन लड्ने तयारीमा छन्। ०७९ को निर्वाचनमा यादव यही क्षेत्रबाट पराजित भएका थिए। जनमत पार्टीका अध्यक्ष सिके राउत पनि सप्तरी २ बाटै उम्मेदवार बन्ने तयारीमा छन्। गठबन्धन भए यादव र राउतमध्ये एकजना सप्तरी ३ बाट उम्मेदवार बन्ने सम्भावना रहेको एक नेताले बताए। जसपा नेपालका नेता शरत् सिंह भण्डारी महोत्तरी २ बाट र राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो सर्लाही २ बाट निर्वाचन लड्ने तयारीमा छन्।

निर्वाचनमा...

पृष्ठ १ बाट क्रमशः

अनुसन्धान गर्न साइबर प्रहरी परिचालन गर्न लागिएको गृह मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार साइबर अपराधसम्बन्धी तालिमप्राप्त प्रहरीलाई जिल्ला तहसम्म 'साइबर प्रहरी'का रूपमा खटाइनेछ। केन्द्रमा भने साइबर ब्युरोले निर्वाचनलक्षित नियमन र अनुसन्धान गर्नेछ। सामाजिक सञ्जालमा फैलिने भ्रामक सामग्रीले निष्पक्ष निर्वाचनको वातावरण बिथोल्न सक्ने भएकाले यो विषयलाई उच्च प्राथमिकतामा राखिएको गृहप्रवक्ता काफ्ले बताउँछन्। 'केन्द्रीय कमान्ड पोस्ट, निर्वाचन आयोग र केन्द्रीय निर्वाचन सेलसँग समन्वयका लागि उपत्यका प्रहरी कार्यालयमा साइबर ब्युरोबाट निर्वाचनलक्षित साइबर प्रहरी कर्मचारी खटाइनेछन्। प्रत्येक प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयमा पनि साइबर प्रहरी रहनेछन्,' उनी भन्छन्, 'साइबर प्रहरीले निर्वाचनसँग सम्बन्धित साइबर गतिविधिको निगरानी, विश्लेषण तथा आवश्यक कारबाहीका लागि निर्देशन र सिफारिस गर्नेछ।'

सामाजिक सञ्जालमा भ्रामक सामग्रीको प्रचारप्रसार रोक्ने, मतदाताको गोपनीयता जोगाउने र डिजिटल सुरक्षासम्बन्धी जिम्मेवारी पनि साइबर प्रहरीलाई तोकिएको छ। यस विषयमा शनिबार गृह मन्त्रालय र निर्वाचन आयोगबिच छलफल भएको थियो। छलफलमा शान्ति सुरक्षामा ठुलो चुनौती नरहेको निष्कर्ष निकालिए पनि उम्मेदवारविरुद्ध सामाजिक सञ्जालमार्फत भ्रामक सामग्री फैलिन सक्ने भएकाले त्यसलाई तत्काल अनुसन्धान गरी हटाउनु मुख्य चुनौती हुने औंल्याइएको छ।

सामाजिक सञ्जालमा भ्रामक सामग्री नियन्त्रण गर्न निर्वाचन आयोगले आर्टिफिसियल इन्टेलिजेन्स (एआई)मा आधारित सफ्टवेयर प्रयोग गर्न लागेको छ। साथै, आयोगले प्रहरीको साइबर ब्युरोलगायत विभिन्न निकायका विज्ञहरू समेटेर सामाजिक सञ्जाल नियमनका लागि समिति गठन गरी काम सुरु गरिसकेको छ।

कांग्रेस नयाँ नेतृत्व पनि पुरानै सहकार्यमा

गगन-विश्वले राष्ट्रिय सभामा कांग्रेस-एमाले गठबन्धन कायमै राख्ने



● **देवराज चालिसे**
प्रवक्ता, कांग्रेस

विधानतः निर्वाचित भएर आएको हुनाले पुरानो केन्द्रीय समितिले लिएका सबै निर्णयलाई अविच्छिन्न उत्तराधिकारका रूपमा स्वामित्व लिने निर्णयमा पुगेका छौं, कहीं-कतै सच्याउनुपर्ने भए पुनरावलोकन गर्ने समय पनि छ। तर, राष्ट्रिय सभा निर्वाचनमा एमालेसँगको सहकार्य निर्वाचनसँग मात्र जोडिएको र यसले भविष्यमा पनि गठबन्धनले निरन्तरता पाउँछ भन्ने अर्थ नलाग्ने भएकाले निरन्तरता दिने तयारीमा छौं।



● **नीरज आचार्य**
केन्द्रीय सदस्य, एमाले

कांग्रेसको आन्तरिक विवादमा निर्वाचन आयोगले निर्णय गरेपछि तत्कालका लागि एउटा तहमा समाप्त भएको छ। अर्को पक्षले यदि अदालतमा संवैधानिक र कानुनी अधिकार प्रयोग गरेमा त्यो उहाँहरूको आन्तरिक मामिलाकै विषय हो। तर, नयाँ समिति पनि पुरानै निर्णयका आधारमा गठबन्धनप्रति प्रतिबद्ध देखिएकाले समस्या पर्ने स्थिति छैन।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

निर्वाचन आयोगबाट आधिकारिक पार्टीको मान्यता पाएलगत्तै कांग्रेसका नवनिर्वाचित सभापति गगन थापा नेतृत्वले राष्ट्रिय सभा निर्वाचनमा एमालेसँगको गठबन्धनलाई निरन्तरता दिने भएको छ। थापा नेतृत्वको नयाँ केन्द्रीय समितिले एमालेसँगको गठबन्धनसम्बन्धी निर्णयसहित पुराना राजनीतिक निर्णयको स्वामित्व लिने निष्कर्ष निकालेको छ। विशेष महाधिवेशनबाट भने गठबन्धनमा नलाग्ने प्रस्ताव पारित भएको छ।

निर्वाचन आयोगले शुक्रबार आधिकारिकता विवाद टुंगो लगाउँदै थापाको नवनिर्वाचित समितिलाई मान्यता दिने निर्णय लिएको थियो। यसअघि थापा समूह र शेरबहादुर देउवा समूह दुवै पक्षका नेताहरू पहिले निर्वाचन आयोगबाट आधिकारिकता विवाद टुंगो लागेपछि चुनावको समग्र आगामी रणनीति तय गर्ने योजनामा थिए।

'विधानतः निर्वाचित भएर आएको हुनाले पुरानो केन्द्रीय समितिले लिएका सबै निर्णयलाई अविच्छिन्न उत्तराधिकारका रूपमा स्वामित्व लिने निर्णयमा पुगेका छौं,' नवनिर्वाचित कांग्रेस केन्द्रीय समितिका प्रवक्ता देवराज चालिसेले नयाँ पत्रिकासँग भने, 'कहीं-कतै सच्याउनुपर्ने भए पुनरावलोकन गर्ने समय पनि छ। तर, राष्ट्रिय सभा निर्वाचनमा एमालेसँगको सहकार्य निर्वाचनसँग मात्र जोडिएको र यसले भविष्यमा पनि गठबन्धनले निरन्तरता पाउँछ भन्ने अर्थ नलाग्ने भएकाले निरन्तरता दिने तयारीमा छौं।'

नवनिर्वाचित नेतृत्वले प्रतिनिधिसभा निर्वाचनमा भने कुनै पनि दलसँग तालमेल नगर्ने बताउँदै आएको छ। आधिकारिकता पाएको कांग्रेसले पनि सहकार्यलाई निरन्तरता दिने निर्णय लिएपछि एमालेलाई भने सहजता थपिएको छ। देउवा समूह सहकार्यलाई निरन्तरता दिने पक्षमै छ। सहकार्यप्रति दुवै पक्षको सकारात्मक धारणाले कांग्रेसको मत तलमाथि हुने अवस्था बन्नेछैन।

११ माघमा हुने निर्वाचनका लागि २३ पुसमा सातै प्रदेशमा उम्मेदवारी दर्ता भइसकेको छ। १८ पदका लागि ४४ जनाले उम्मेदवारी दर्ता गराएका छन्। कांग्रेस र एमालेबिच नौ-आठ सिटको भागबन्डा भएको छ भने एक सिट जसपा नेपालसँगको तालमेलमा नेता महन्थ ठाकुरलाई जिताउने सहमति भएको छ। ठाकुर जसपासँगको एकीकरणपछि दलका संरक्षक हुन्।



गगन थापा



केपी ओली

■ कांग्रेसको आधिकारिकताले हुन सक्छ मतभार अदलबदल

सबै प्रदेशमा कांग्रेस-एमालेको गठबन्धनको सुविधाजनक बहुमत छ। तर, विवादका बिच कांग्रेसका जनप्रतिनिधि विभाजित भए भने मतभार धेरै तलमाथि हुन सक्छ। हाल कोशीमा एमालेको ४,२१० र कांग्रेसको ३,७२२ मतभार जोड्दा ७,९३२ हुन्छ। जुन कुल मतभार १०,१३५ को दुईतिहाइभन्दा मत हो। नेकपाको १,६२३ मतभार छ। त्यस्तै, मधेशमा १०,८३९ मतभारमा कांग्रेस र एमालेको बहुमत पुग्छ। यो प्रदेशमा कांग्रेसको ३,१०४ र एमालेको २,४०८ जोड्दा ५५१२ मतभार पुग्छ। मधेश प्रदेशमा नेकपा चौथो छ र यसको १,३४६ मतभार छ। बागमती प्रदेशमा कांग्रेसको ४,०१३ र एमालेको २,५७१ मतभारसहित ६,५८४ मतभार पुग्छ। यो कुल मतभार १०,३३५ को बहुमत हो। बागमती प्रदेशमा नेकपा दोस्रो ठुलो दल हो। उसको मतभार २,७३८ रहेको छ। त्यस्तै, गण्डकी प्रदेशमा कांग्रेसको मतभार २,७०४ र एमालेको २,४५८ छ। दुवैको जोड्दा ५,१६२ पुग्छ। यहाँ नेकपाको १,०१३ मतभार छ। लुम्बिनीमा कांग्रेसको ३,१७९ र एमालेको २,८१० मतभार जोड्दा ५,९८० हुन्छ। यो पनि कुल मतभार ८,७५३ को दुईतिहाइ मत हो। नेकपाको १,३९६ मतभार छ। त्यस्तै, कर्णालीमा ५,१२२ कुल मतभारमध्ये कांग्रेसको १,८६३ र एमालेको १,१९५ सहित ३०५८ मतभार पुग्छ। यो प्रदेशमा दोस्रोमा रहेको नेपाली कम्युनिस्ट पार्टीको १,८४४ मतभार छ। सुदूरपश्चिममा जम्मा ६,१५३ मतभारमा कांग्रेसको २,५५८ मतभार छ। एमालेको १,५३३ थपिँदा ४,०९१ पुग्छ। नेपाली कम्युनिस्ट पार्टीको १,३६५ मतभार छ।

कांग्रेसले लिएको भागबन्डाको सिटमा देउवा पक्षले ६ र शेखर कोइराला पक्षले तीन सिट लिएका छन्। तर, गगन पक्षबाट भने कोही पनि उम्मेदवार छैनन्। तर, प्रवक्ता चालिसेले नयाँ नेतृत्वले गुट, अनुहार, आग्रह र पूर्वाग्रह केही नराखी सबैलाई कांग्रेसजनकै रूपमा समान व्यवहार गर्ने गरी प्रस्ट नीति लिएको बताए।

निर्वाचन आयोगसँग समन्वयको काम गरिरहेका एमाले केन्द्रीय सदस्य नीरज आचार्यले कांग्रेसको आधिकारिकता विवाद निरूपण भएपछि अन्योल हटेको बताए। 'कांग्रेसको आन्तरिक विवादमा निर्वाचन आयोगले निर्णय गरेपछि तत्कालका लागि एउटा तहमा समाप्त भएको छ। अर्को पक्षले यदि अदालतमा संवैधानिक र कानुनी अधिकार प्रयोग गरेमा त्यो उहाँहरूको आन्तरिक मामिलाकै विषय हो,' उनले भने, 'तर, नयाँ समिति पनि पुरानै निर्णयका आधारमा गठबन्धनप्रति प्रतिबद्ध देखिएकाले समस्या पर्ने स्थिति छैन।'

देउवा समूहका प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने आयोगको पछिल्लो निर्णयपछि अर्को समूहले जेसुकै निर्णय लिए पनि आफूहरू पूर्वनिर्णय र अडानमै कायम रहेको छोटो प्रतिक्रिया दिए। 'हामीले पहिले गरेका निर्णय अदलबदल हुँदैन, अर्को समूहले के गर्छ, त्यो अर्को कुरा हो,' उनले भने।

निर्वाचन कार्यक्रमअनुसार आयोगले सबै प्रक्रिया पूरा गरी २८ पुसमै उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेको छ। कांग्रेस-एमाले गठबन्धनले सबै प्रदेशमा उम्मेदवारी दिएको छ भने नेकपाले एकल रूपमा उम्मेदवारी दर्ता गरेको छ।

जसअनुसार कोशीमा माहिलातर्फ एमालेबाट रोशनी मेचे र नेकपाबाट नमिता न्यौपानेको उम्मेदवारी परेको छ। दलिततर्फ एमालेबाट सोमनाथ पोर्तेल र नेकपाबाट खेमराज नेपाली छन्। अन्यतर्फ कांग्रेसका सुनील थापाको एकल उम्मेदवारी परेको छ। उनी निर्विरोध भएका छन्।

मधेशमा महिलातर्फ जसपा नेपालकी चन्द्रकलादेवी साह, एमालेकी रेखाकुमारी झा र नेकपाकी समीकुमारी अग्रवालको उम्मेदवारी परेको छ। दलिततर्फ जसपा नेपालकी चमेलीदेवी दास, कांग्रेसका धर्मेन्द्र पासवान र नेकपाका शम्भु पासवान हजारी छन्। अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायतर्फ कांग्रेसका रञ्जित कर्ण, नेकपाका रामनन्दन प्रसाद र जसपा नेपालका शैलेशकुमार चौधरी छन्। अन्यतर्फ लोसपाका महन्थ ठाकुर र नेकपाका लक्ष्मण पौडेल छन्।

बागमतीमा महिलातर्फ कांग्रेसकी गीता देवकोटा, नेकपाकी सरोजकुमारी झा र नेमकिपाकी कविता महर्जनको उम्मेदवारी परेको छ। अन्यतर्फ नेमकिपाका विक्रम ढुकुछु, एमालेका प्रेमप्रसाद दंगाल र नेकपाका प्रेमप्रसाद सापकोटा उम्मेदवार छन्।

यस्तै, गण्डकीमा महिलातर्फ नेकपाकी गोमा लुइँटेल घिमिरे, जनमोर्चाकी लक्ष्मी बाँस्कोटा, एमालेकी सम्झना देवकोटाको उम्मेदवारी परेको छ। अन्यतर्फ नेकपाका कपिल लामा, कांग्रेसका जगत तिमिल्सिना र जनमोर्चाका शंकरप्रसाद बराल छन्।

लुम्बिनीमा महिलातर्फ एमालेकी रामकुमारी झाँक्री, नेकपाकी दुर्गाकुमारी भण्डारी र जनमोर्चाकी पद्मा पण्डित छन्। अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायतर्फ कांग्रेसका वासुदेव घिमिरे र नेकपाका सर्जन विक छन्। अन्यतर्फ कांग्रेसका चन्द्रबहादुर केसी, नेकपाका वृहस्पति अधिकारी र जनमोर्चाका बोमबहादुर खत्री छन्।

कर्णालीमा महिलातर्फ एमालेकी मीनासिंह रखाल र नेकपाकी अञ्जु महतराको उम्मेदवारी परेको छ। अन्यतर्फ कांग्रेसका ललितजंग शाही र नेकपाका बुद्धिप्रसाद शर्मा छन्। त्यस्तै, सुदूरपश्चिममा महिलातर्फ एमालेकी लीलाकुमारी भण्डारी र नेकपाकी रोजी बस्नेत प्रतिस्पर्धामा छन्। अन्यतर्फ कांग्रेसका खम्मबहादुर खाती र नेकपाका टीकाराम जैसी छन्।

निजी वनमा साल कटान फुकुवा, तर खेतबारीमा अझै प्रतिबन्ध



गोरखाको कट्टेलडाँडामा निजी वनमा सालका रुख

यम बम/नयाँ पत्रिका

सरकारले चार दशकपछि निजी वनमा हुर्केका सालका रुख कटान, ओसारपसार तथा बिक्री फुकुवा गरे पनि खेतबारीका हकमा अझै प्रतिबन्ध छ। जसकारण सरकारले पुनर्वास गरेर बस्ती बसालेकासहितका जग्गा तथा चुरेक्षेत्रमा निजी जग्गामा पर्ने सालका रुख काट्न पाइएको छैन।

संघ सरकारले ७ मंसिर ०८० मा राजपत्रमा सूचना प्रकाशित गरेर दर्ता भएका निजी वनमा लगाइएका वा हुर्काइएका साल प्रजातिका रुख कटान, उपभोग, ओसारपसार र बिक्री गर्न बाटो खोलेर अनुगमनको अधिकार प्रदेश सरकारलाई दिएको थियो।

सरकारको निर्णयअनुसार बागमती प्रदेशले गत १ वैशाख र कोशीले २६ जेठमा 'दर्ता भएका निजी वनबाट साल प्रजातिको रुख कटान, उपयोग, ओसारपसार, बिक्री-वितरण तथा नियमनसम्बन्धी व्यवस्थापन निर्देशिका, ०८२ कार्यविधि ल्याइसकेका छन् भने लुम्बिनी प्रदेश सरकारको गत २० पुसको मन्त्रिपरिषद्ले पनि कार्यविधिको मस्यौदा विषयगत समितिमा पठाउने निर्णय गरिसकेको छ।

तर, निजी जग्गामा हुर्केका सालका रुख काट्नका लागि निजी वन दर्ता तथा सालका रुख भएका क्षेत्रमा खेतपाखो किनबेच बढे पनि खेतबारीमा दुई-चार रुख मात्र रहेका हकमा समस्या देखिएको छ। सालबाहेक २७ काष्ठ प्रजाति, २३ जडीबुटी प्रजाति र चार अन्य प्रजाति बिक्री-वितरणका लागि भने वन नियमावलीले रोकतोक लगाएको छैन।

● **जोगराज गिरी**, अध्यक्ष
पारिवारिक निजी वन संघ



अब निजी वन दर्ता भएकाका हकमा मात्र रुख काट्न पाइने भएपछि बरु किसानले बोक्रा ताछेर साल सुकाइदिने गरेका छन्। साना र मध्यम किसान मारमा छन्। यसले सरकारलाई पनि घाटा छ। बजारमा काठ आउँदैन। राजस्व उठ्दैन।

पारिवारिक निजी वन संघका अध्यक्ष जोगराज गिरीले आफूहरूले अनुगमनको पाटो कसिलो राख्ने, तर खेतबारीमा छरिएर रहेका सालका रुखका हकमा पनि प्रतिबन्ध फुकाउन आग्रह गरे पनि सरकारले सहजीकरण नगरेको बताए। 'बारीमा चार-पाँचवटा रुख छन् भने निजी वन दर्ता गरेर हिँड्ने कुरा भएन। निजी वन हुन कम्तीमा काठ, कुकाठ हुनुपर्‍यो। निजी वन दर्ता गर्न खोजिएको क्षेत्रको तीनचौथाइ वन हुनुपर्‍यो,' गिरीले भने, 'अब निजी वन दर्ता भएकाका हकमा मात्र रुख काट्न पाइने भएपछि बरु किसानले बोक्रा ताछेर साल सुकाइदिने गरेका छन्। साना र मध्यम किसान मारमा छन्। यसले सरकारलाई पनि घाटा छ। बजारमा काठ आउँदैन। राजस्व उठ्दैन।'

अध्यक्ष गिरीको भनाइमा ३० हजार घरपरिवारको खेतबारीमा सालका रुख छन्। जसमध्ये कैलाली, कञ्चनपुरका चुरे, सुर्खेतका बड्डीचौर, बाबियाचौर, अर्घाखाँची, पाल्पा, गोरखाको कट्टेलगाउँ, धनकुटलगायत क्षेत्रमा निजी जग्गामा सालका रुख धेरै छन्।

लुम्बिनी प्रदेश वन मन्त्रालयका सचिव प्रमोद भट्टराईले ठुलो मात्राका हकमा निजी वन हुने भए पनि केही थान सालका रुख मात्र रहेका र वन नरहेको हकमा भने कानुनी समस्या रहेको बताए। 'निजी वनका हकमा हामी (प्रदेश)ले अनुगमन गर्नुपर्ने भएकाले कार्यविधि जारी हुँदै छ, कार्यविधि बनेपछि लुम्बिनीमा पनि दर्ता भएका निजी वनले नियम पुर्‍याएर सालका रुख काट्न, ओसारपसार र बिक्री गर्न पाउँछन्,' उनले भने, 'तर, केही थान मात्र सालका रुख रहेका बारीका हकमा सहजीकरण गर्नुपर्छ। हामीले संघको वन मन्त्रालयलाई सहजीकरण गरिदिन भनेका छौं।'

वन तथा भूसंरक्षण विभागका महानिर्देशक धीरेन्द्रकुमार प्रधानले सालका रुख काट्दा दुरुपयोग नहोस् भनेर दर्ता भएका निजी वनका हकमा मात्र प्रतिबन्ध फुकुवा गरिएको बताए। 'निजी वन दर्ता गर्न पनि सजिलो होस् र सालका रुख निकाल्न सकियोस् भनेर नै हामीले क्षेत्रफल र संख्या नखुलाई सहज रूपमा वन दर्ता गर्न सकिने बनाएका थियौं,' उनले भने, 'केही सालका रुख मात्र रहेका हकमा पनि समयसापेक्ष सरलीकरण गर्नुपर्ने देखिएको छ। यसमा हामी गृहकार्य गरिरहेका छौं।'

संक्षेप

विद्यालय व्यवस्थापन समिति नहुँदा रोकियो विद्यार्थीको खाजा

दाङ/ तुलसीपुर उपमहानगरपालिका- १९ स्थित मावि संक्राममा ६ महिनाभन्दा बढी समयदेखि विद्यालय व्यवस्थापन समिति गठन हुन सकेको छैन। पटक-पटक विद्यालय व्यवस्थापन समिति गठन गर्न भेला बोलाइए पनि नेतृत्व चयन हुन सकेको छैन। चरम राजनीतिका कारण विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेको हो। जसकारण विद्यालय आर्थिक आम्दानी र विद्यार्थी संख्या घट्दै जान थालेको छ। गत साउनमा व्यवस्थापन समितिको म्याद सकिएको हो। विद्यालय व्यवस्थापन समिति गठन नहुँदा दुईजना निजी स्रोतका शिक्षकहरूले एक वर्षभन्दा बढीको तलब पाएका छैनन्। विद्यालयको खाजा कार्यक्रमसमेत प्रभावित छ। विद्यार्थीहरूले दुई वर्षदेखि खाजासमेत पाएका छैनन्। डेढ सय विद्यार्थी अध्ययनरत विद्यालयमा शिशुदेखि १० कक्षासम्म सञ्चालनमा छ। स्थानीयले पटक-पटक दबाब दिँदा पनि विद्यालय व्यवस्थापन समितिले पूर्णता पाउन नसकेको अभिभावक देवराज वलीले बताए। 'हामीले पटक-पटक दबाब दियौं,' उनले भने, 'तर पनि सुनुवाइ भएको छैन।'

सवारी ज्यानदेखि बैंकिङ कसुरसम्मका १३ फरार प्रतिवादी पक्राउ

सल्यान/ विभिन्न अभियोगमा सजाय पाएर फरार रहेका १३ प्रतिवादी पक्राउ परेका छन्। जिल्लाका विभिन्न स्थानमा लुकिछिपी बस्दै आइरहेका उनीहरू पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। पक्राउ पर्नेमा शारदा नगरपालिका- १० का मेघराज कंवर, दार्मा गाउँपालिका- १ का चक्रबहादुर खड्का, दार्मा- १ कै विमला खड्का, दार्मा ५ का महेश खड्का, छत्रेश्वरी गाउँपालिकाका ६ का टीकाराम भण्डारी, दार्मा- ४ की अञ्जना शाह, बनगाड कुपिन्डे नगरपालिका- ३ का धने नकाल, शारदा नगरपालिका- १३ का खेलबहादुर रावत र कमला वली रावतलगायतका छन्। पक्राउ पर्नेहरू सवारी ज्यान, बैंकिङ कसुर, बहुविवाह, हाडनाता करणीलगायतका मुद्दामा सल्यान जिल्ला अदालतले कैद तथा जरिवाना सजाय फैसला गरेका रहेको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी प्रहरी निरीक्षक पूर्णबहादुर केसीले जानकारी दिए। उनीहरू एक वर्षदेखि ११ वर्षसम्म फरार रहेका र सबैलाई कारागार चलान गरिएको उनको भनाइ छ।

सामुदायिक क्याम्पसलाई एक करोड सहयोग

लहान/ सप्तरीको उत्तर-पश्चिमी कुनामा पर्ने सुरुंगा नगरपालिका- १ स्थित शिशुवारी क्याम्पसको स्तरोन्नतिका लागि उद्योगपति वीरेन्द्र न्यौपानेले एक करोड रुपैयाँ आर्थिक सहयोगको घोषणा गरेका छन्। स्थानीय समुदायले पछिल्लो १४ वर्षदेखि चन्दाको भरमा चलाइरहेको क्याम्पसमा शिशुवारीसहित छिमेकी जिल्लाका समेत बहुसंख्यक छोरीबुहारीहरू पढ्दै आएका छन्। क्याम्पसमा अन्य विषयको समेत अध्ययन थालनी र स्तरोन्नतिका लागि उद्योगपति न्यौपानेले आफ्नी दिवंगत श्रीमती कमला न्यौपानेको नाममा सहयोग घोषणा गरेका हुन्। घरायसी आर्थिक अवस्था, पारिवारिक समस्यलगायतका कारण गाउँबाहिर बसेर अन्य विषय पढ्न नसकिरहेका युवा, छोरी-बुहारीका लागि सहयोग राशिले ठुलो राहत भएको क्याम्पस सञ्चालक समितिका अध्यक्ष छत्रबहादुर राउतले बताए।

झुम्का कारागारबाट भागेका कैदी पक्राउ

धनकुटा/ जेन-जी आन्दोलनका क्रममा सुनसरीको झुम्का कारागारबाट भागेका लागुऔषध मुद्दाका फरार प्रतिवादी पक्राउ परेका छन्। धनकुटाको साँगुरीगढी गाउँपालिका- १ का ३३ वर्षीय बुद्धराज लिम्बूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। उनलाई घरमै लुकिछिपी बस्दै आएको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनकुटाका डिएसपी राजन कार्कीले बताए। लागुऔषध आरोपमा पक्राउ परेसँगै लिम्बू पुर्पक्षका लागि सुनसरी झुम्का कारागार चलान भएका थिए। उनलाई झुम्का कारागार पठाएको प्रहरीले जनाएको छ।

■ मकवानपुरमा ३ लाख १५ हजार ३३४ मतदाता

१६७ मध्ये १९ मतदानस्थल अति संवेदनशील

मकवानपुरमा **पोष्टराज अधिकारी**

आगामी फागुन २१ गते तय भएको प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरका तीन लाख १५ हजारभन्दा बढी मतदाताले मतदान गर्नेछन्। प्रदेश निर्वाचन कार्यालयका अनुसार जिल्लामा कुल मतदाता संख्या तीन लाख १५ हजार ३३४ पुगेको छ।

निर्वाचन कार्यालयका सूचना अधिकारी ताराप्रसाद आचार्यका अनुसार ०७९ पछि जिल्लामा १४ हजार ६०१ मतदाता थपिएका छन्। सबैभन्दा बढी हेटौंडा उपमहानगरमा सात हजार १६३ मतदाता थपिएका छन्। मनहरी गाउँपालिकामा एक हजार ४६८, थाहा नगरपालिकामा एक हजार ४१५, बागमती गाउँपालिकामा ८४०, बकैया गाउँपालिकामा ८१७, मकवानपुरगढी गाउँपालिकामा ७५४, भीमफेदी गाउँपालिकामा ६९३, इन्द्रसरोवर गाउँपालिकामा ३७३, कैलाश गाउँपालिकामा ३६३ र राक्सिराङ गाउँपालिकामा २३५ मतदाता थपिएका छन्।

मतदाता संख्या वृद्धि भएसँगै जिल्लामा मतदान केन्द्र पनि थप गरिएको छ। मतदानस्थल साबिककै कायम राखिए पनि मतदान केन्द्र १० वटा थप गरिएको सूचना अधिकारी आचार्यले जानकारी दिए। मतदाता विवरणअनुसार निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख ५८ हजार ४३५ र निर्वाचन क्षेत्र नम्बर २ मा एक लाख ५६ हजार ८९९ मतदाता छन्। जिल्लाभर महिला मतदाता एक लाख ५३ हजार ३७६, पुरुष १ लाख ६१ हजार ९५३ र अन्य ५ जना छन्। अद्यावधिक तथा दाबी-विरोधका क्रममा मतदाता सूचीबाट ८८४ नाम हटाइएको निर्वाचन कार्यालयले जनाएको छ। मृत्यु भएका २१ जना तथा दोहोरो नाम रहेका ६८३ जनाको नाम सूचीबाट हटाइएको हो।

मकवानपुरमा १६७ मतदानस्थल र ३७४ मतदान केन्द्र तोकिएका छन्। यसअघि ३६४ मतदान केन्द्र थिए। जिल्लाका १९ मतदानस्थललाई अति संवेदनशील सूचीमा राखिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। सुरक्षा संवेदनशीलताका आधारमा १० स्थानीय तहमध्ये ६ स्थानीय तहका मतदानस्थल अति संवेदनशील सूचीमा परेका हुन्। निर्वाचन क्षेत्र नम्बर १ मा ६२ मतदानस्थल र १७८ मतदान केन्द्र तथा निर्वाचन क्षेत्र नम्बर २ मा १०५ मतदानस्थल र १९६ मतदान केन्द्र रहेका छन्। प्रहरी प्रवक्ता पुष्कर बोगटीका अनुसार जिल्लाभर १६७ मतदानस्थलमध्ये १९ वटा अति संवेदनशील, ६० वटा संवेदनशील र ८८ वटा सामान्य श्रेणीमा राखिएका छन्। अति संवेदनशील सूचीमा परेका मतदानस्थलमा २६ मतदान केन्द्र छन्।

सबैभन्दा धेरै बकैया गाउँपालिकामा पाँच मतदानस्थल र सात मतदान केन्द्र अति संवेदनशील छन्। राक्सिराङ गाउँपालिकामा ६ मतदान स्थल र ६ मतदान केन्द्र, बागमती गाउँपालिकामा पाँच मतदानस्थल र ६ मतदान केन्द्र, भीमफेदी गाउँपालिकामा एक मतदानस्थल र तीन मतदान केन्द्र, मनहरी गाउँपालिकामा एक मतदानस्थल र तीन मतदान केन्द्र तथा कैलाश गाउँपालिकामा एक मतदानस्थल र एक मतदान केन्द्र अति संवेदनशील मानिएका छन्।

झापा ५ बारे सहरजस्तो गाउँका मतदातामा छैन चासो

ग्रामीण भेगका मतदाता भन्छन्- दैनिकी चलाउने चिन्ता छ, कहाँ चुनावबारे थाहा हुन्छ ?

झापामा **चिरञ्जीवी घिमिरे**

झापा ५ यतिवेला राजनीतिको केन्द्रमा छ। एमाले अध्यक्ष केपी ओली र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह बालेनले प्रतिस्पर्धा गर्ने भएपछि यो निर्वाचन क्षेत्र चर्चाको शिखरमा छ। नेपाली कम्युनिस्ट पार्टीले युवा नेता रञ्जित तामाङलाई टिकट दिइसकेको छ। जसकारण चोक, बजारदेखि चिया पसलसम्म यही विषयले तताएको छ।

सहरका गल्लीगल्लीमा २१ फागुनको प्रतिनिधिसभा निर्वाचनको चर्चा भए पनि झापा ५ को ग्रामीण क्षेत्र भने सुनसान छ। यहाँका मतदाताले उम्मेदवारबारे खासै चासो देखाएका छैनन्। सामाजिक सञ्जाल २१ फागुनको निर्वाचनका लागि ओली र बालेनमय छ। तर, सामाजिक सञ्जालबाट टाढा रहेका दैनिक ज्यालामजदुरी गरेर खाने ग्रामीण क्षेत्रका मतदातालाई भने न निर्वाचनबारे चासो छ, न त उम्मेदवारबारे नै।

झापा ५ अन्तर्गत गौरादह नगरपालिका- ७ गछियामारीका सोम सोरेन शनिबार दिउँसो साहुको खेतमा रासायनिक मल छर्दै गर्दा भेटिए। आफ्नो नाममा एक टुक्रा जमिन नरहेका सोरनको परिवार साहुकै जग्गामा फुसको घर बनाएर बसेका छन्। न उनी सामाजिक सञ्जालको पहुँचमा छन्, न त सञ्चारकै पहुँचमा, तसर्थ उनी निर्वाचनबारे जानकार नै छैनन्। 'फेरि चुनाव हुँदै छ र ?,' नयाँ पत्रिकासँग उनले प्रश्न गरे।

दैनिक पाँच सय रुपैयाँ ज्यालादारीमा साहुको खेतीमा काम गर्ने सोमलाई बजारमा हुने चुनावी चर्चाका बारेमा जानकारी छैन। 'दिनभर काम गरेर साँझ त्यही पैसाले खाने हामीलाई अरूको कुरा सुन्ने फुर्सद नै



खेतमा मकै गोड्दै गौरादह- ४ की सीता विश्वकर्मा।



फुसको घरअगाडि गौरादह- ४, मझुवाका तिला मुर्मू।



साहुको खेतमा मल छर्दै गौरादह- ७ का सोम सोरेन र श्रीमती मनिली।

कहाँ हुन्छ र ?,' उनी भन्छन्, 'गाउँमा नेता भोट माग्न आउन थालेपछि मात्र हामीलाई चुनाव आएजस्तो हुन्छ। अहिले त केही जानकारी नै छैन।' अर्कोको जमिनमा बनाएको सोरेनको फुसको घरले हिउँदको शीत र बर्खाको पानी रोक्दैन। जसोतसो उनले जीवन चलाएका छन्।

अर्काको जमिनमा बसेका कारण उनलाई राज्यबाट घर बनाउन आउने सहयोगसमेत आएको छैन। अघिल्लो निर्वाचनमा जग्गा दिएर घर बनाइदिने आश्वासन दिएका नेता निर्वाचनपछि गाउँ फर्किएनन्। 'बस्ने जमिन र सानो घर बनाइदिने भन्थे। चुनावपछि देखा नै परेनन्,' उनी भन्छन्, 'यसपटक पनि त त्यही भन्दै आउँछन् होला नि !'

यो निर्वाचन क्षेत्रमा लामो विरासत बनाएका ओली र पछिल्लो समय चर्चामा आएका बालेनबिच चुनावी प्रतिस्पर्धा हुनेबारे गौरादह ४ मझुवाका सुकुमबासी तिला मुर्मु अनभिज्ञ छन्। उनलाई निर्वाचन नजिकिएकोबारे जानकारी छैन। अर्काको जमिनमा बनाएको फुसको घर पनि भत्किन लागेको छ। दिनभर अर्काको खेतीमा काम गरेर परिवार पाल्ने उनलाई चुनावी बहस सुन्ने फुर्सद पनि छैन। अहिलेसम्म गाउँमा चुनावबारे छलफलसमेत नभएको उनी बताउँछन्। विगतमा पनि चुनावका वेला आश्वासन मात्र पाएको उनको गुनासो छ। 'हामी एक छाक टार्न पनि मुस्किल हुने विपन्नलाई त कसैले नहेर्ने रहेछ। अघिल्लोपटक पनि चुनावमा भोट माग्न आउनेले कतै ऐलानी जग्गा खोजेर राख्छौं भन्थे। तर, केही गरेनन्। अरू वेला नेताले नमस्कार पनि फर्काउँदैनन्। चुनावका वेलाचाहिँ सबै थोक गर्नेजस्तो हामीलाई नै नमस्ते गर्दै आउँछन्,' उनी भन्छन्, 'ठुलो हावा पनि नछेक्ने घर छ। अर्काको जग्गामा बसिएको छ। कहिले उठेर हिँड्नुपर्ने थाहा छैन। गरिबलाई पनि हेरून् भन्ने लाग्छ। यस्ता उम्मेदवार आए भनेचाहिँ भोट दिन्छौं। तर, धेरै आशाचाहिँ छैन।'

खेतमा मकै गोड्दै गर्दा भेटिएकी गौरादह ४ की सीता विश्वकर्मालाई निर्वाचन हुँदै छ भन्ने जानकारी छ। तर, ठ्याक्कै मिति थाहा छैन। को उम्मेदवार उठ्दैछन् भन्ने पनि जानकारी छैन। किसानका लागि कसैले काम नगरेको उनको गुनासो छ। झापा ५ मा विकासले फड्को मारेको सबैको बुझाइ छ। तर, सीतालाई भने गाउँको विकास हुन नसकेजस्तो लाग्छ। 'गेउरिया खोला घर छेउमै छ। बर्खामा बगाएर लैजान्छ भन्ने पिर छ,' उनी भन्छिन्, 'गाउँमा सडकबत्तीसम्म छैन। राति हिँड्न सकिँदैन। अनि कसरी विकास भयो भन्नु ?'

गौराद-५ बालुबथानका ७८ वर्षीय डिकबहादुर खत्री २१ फागुनमा हुने निर्वाचनबारे जानकार छन्। जेन-जी आन्दोलनका क्रममा भएको मानवीय र भौतिक संरचनाको क्षतिबारे पनि जानकार छन्। झापा-५ मा उम्मेदवारी दिन ओली र बालेन आउनेबारे पनि उनले रेडियोमा समाचार सुनेर जानकारी पाएका छन्। तर, गाउँमा सहरको चोकमा जस्तो चुनावको चर्चा भइनसकेकेको उनी बताउँछन्।

समावेशी प्रतिनिधित्व के हो, के होइन ?

व्यापक दुरुपयोग र प्रक्रियागत विचलनले समावेशी समानुपातिकताको अन्तर्य मात्र पाखा लागेको छैन, असमावेशी प्रतिनिधित्व पनि संस्थागत हुँदै छ



● गोपीनाथ मैनाली

अग्रलेख

बीसौं शताब्दीको उत्तरार्द्धबाट सामाजिक लोकतन्त्रलाई संस्थागत गरी समन्यायिक समाज निर्माण गर्न समावेशी समानुपातिक प्रतिनिधित्वको मुद्दाले प्राथमिकता पायो । सामाजिक लोकतन्त्रले लोकतन्त्रलाई राजनीतिक र कानुनी रूपमा मात्र नहेरी सामाजिक रूपमा हेर्ने गर्छ, याने कि लोकतन्त्रलाई समाजिकीकरण गर्छ, कानुनी वा राजनीतिको संकीर्ण संक्षेत्रबाट मात्र हेर्दैन । नेपालले पनि नयाँ संविधान जारीपछि यसलाई समावेशी समानुपातिकताका नाममा लागू गर्ने प्रतिबद्धता व्यक्त गऱ्यो । तर, व्यापक दुरुपयोग र प्रक्रियागत विचलनले समावेशी समानुपातिकताको अन्तर्य मात्र पाखा लागेको छैन, असमावेशी प्रतिनिधित्व पनि संस्थागत हुँदै छ । शासकीय संरचनाहरू सम्भ्रान्तको पकडमा जकडिँदै छन् ।

समावेशिताको विश्लेषण गर्नुअघि यसको प्रादुर्भाव कसरी भयो भन्नेतर्फ विचार गरौं । समावेशीकरणको अवधारणा सर्वप्रथम फ्रान्समा सुरु भएको थियो । फ्रेन्च क्रान्तिका समयमा धेरै युवा मारिएपछि राज्यका भेलामा मानिसको उपस्थिति निकै कम भयो । अभिभावक/पति गुमाएका महिला र अंगभंग भएका मानिस भेलामा उपस्थित हुन सक्ने कुरै भएन । त्यसपछि राजाले जोजस्तो अवस्थामा भए पनि सभामा सामेल हुनुपर्छ भन्ने घोषणा गरे । घोषणापछि महिलाहरू बच्चा च्याप्दै, अशक्तहरू आआफ्नै अवस्थामा, आआफ्नो प्रकारले भेलामा उपस्थित हुन थाले, भेलाका लागि सहुलियत पनि दिइयो । त्यतिबेला राज्यले गर्न खोजेको काम गर्न नसक्ने व्यक्तिलाई वञ्चितिमा परेको (एक्लुडेड) भन्ने गरिन्थ्यो । सबै व्यक्ति फ्रेन्च हुनुपर्छ र सबैलाई राज्यले गर्न खोजेको काममा सामेल हुनुपर्छ भन्ने मान्यता नै पछि समावेशीकरणका नामबाट विश्वभरि फैलियो । सन् सत्तरीको दशकमा नागरिक अधिकारवादी अभियानले समावेशितालाई सहतमा ल्यायो । त्यतिबेला भनिन्थ्यो- गलत प्रवृत्तिप्रति मौन रहनु पनि गलत हुनुजस्तै हो । साथै, नबोल्नु भनेको पनि बोल्नु हो, किन बोलेन भनेर बोल्ने बनाउने दायित्वचाहिँ राज्यको हो । यस अवधारणालाई विश्वभरि फैलाउन नागरिक अभियान्ताहरू र मानवतावादी संस्थाले योगदान गरे । तिनले वञ्चितिमा परेका वर्गलाई समावेश गर्न मूल प्रवाहीकरणको नामबाट बहस, पैरवी र नीति सहयोग पुऱ्याउँदै आए । नीति, सहयोग र कार्यक्रमका निष्क्रिय उपकरण हुँदै अहिले यो अधिकारवादी धारणा बनेको छ, जसको उद्देश्य राज्य सबैको हो, सामाजिक न्याय राज्यको दायित्व र नागरिकको अधिकार हो । यसको मूल अभीष्ट राष्ट्र निर्माणमा सबै नागरिकलाई मूल्यवान् छु भन्ने बोध गराउनु हो ।

आधुनिक लोकतन्त्रमा समावेशिता भनेको लामो समयदेखि राज्य शक्ति अभ्यासमा पछि परेका, सांस्कृतिक र शासकीय लाभ लिनबाट किनार परेका/पारिएका वर्गलाई समेट्ने प्रक्रिया हो । जसले राष्ट्रका सबै मानिसलाई आफू त्यस राष्ट्रिय समाजको मूल्यवान् सदस्य हो भन्ने गर्वबोध गराउँछ । यो विविधतालाई पहिचान गर्ने, बुझ्ने, महत्त्व दिने र उपयोग गरी राष्ट्र निर्माणमा उपयोग गर्ने प्रक्रिया हो । समावेशिताका धेरै विधि छन्, जस्तो कि पहुँच विस्तार, क्षमता निर्माण, प्राथमिकता, सहुलियत, प्रवृत्ति सुधार, सहकार्य, नीति हस्तक्षेप, लक्षित कोटा आदि । जसले सीमान्तकृतलाई शासकीय र सांस्कृतिक लाभ उपयोग गर्ने अवसर दिन्छ । यो सकारात्मक नतिजामा अभिमुख हुन्छ । यो वितरण होइन, बाध्यात्मक औजार हो । राज्यले घोषणा गरेपछि यो निगाहका रूपमा रहँदैन, यदि त्यसो हुन्छ भने समावेशिताका नाममा असमावेशिताको विस्तार गर्छ र वञ्चितिमा परेको समुदाय/वर्ग भनै थिग्रेनीमा पर्न गई त्यही वर्गका टाठाबाठाले तर मार्न थाल्छन्, जस्तो, अहिले भइरहेको छ ।

समानुपातिक प्रतिनिधित्व प्रणाली समावेशिताका अन्य उपकरणभन्दा यस अर्थमा मूल्यवान् रहन्छ कि यसले किनारामा परेका व्यक्ति/वर्गको आवाज, आकांक्षा, आवश्यकता र प्राथमिकतालाई राज्य प्रक्रियामा समावेश गराउँछ । समावेशी प्रतिनिधित्वले राजकीय नीति, निर्णय, कार्यक्रम र बजेटमा किनाराकृत वर्गको प्रतिनिधित्व गराएर न्यायपूर्ण समाज बनाउने गर्छ । राज्य सबैको हो भन्ने अन्तरबोध गराउँछ । विगतको जातीय, भाषीय, लैंगिक र वर्णका आधारमा भएका भेदभावलाई क्षतिपूर्ति गराउँछ, समाज व्यवस्थामा रहेको 'ह्युमानो डाइभर्सिटी'प्रति सम्मान गरी वञ्चितिमा परेकालाई सारभूत न्याय दिन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा राज्यका अवसरमा नीति लाभ हडप्ने सम्भ्रान्त संस्कारलाई विनिर्माणमा लगी सांस्कृतिक एकीकरण र राष्ट्र निर्माण संस्थागत गर्छ ।

समावेशिता र समानुपातिकता चार सिद्धान्तमा आधारित छ । पहिलो, क्षतिपूर्तिको सिद्धान्त हो, जसले कुनै पनि वर्ग



वा व्यक्ति योग्य उसको नैसर्गिक गुण भएका कारणले होइन कि उसले सयौं वर्षसम्म भौतिक र सांस्कृतिक बचत प्रयोग गर्नाले भएको हो । त्यसैले, त्यो वर्गले शोषित-पीडित र सीमान्तकृत वर्गलाई केही समयसम्म क्षतिपूर्ति दिन आफ्ना केही अवसर त्याग गर्नुपर्छ । दोस्रो सिद्धान्त, संरक्षणको सिद्धान्त हो, जसअनुसार कमजोर र शक्तिहीनको संरक्षण गर्नु राज्य र सक्षमको कर्तव्य हो । तेस्रो, समानुपातको सिद्धान्त हो । जसअनुसार राज्यका स्रोत र अवसर समानुपातिक रूपमा वितरण गरिनुपर्छ । चौथो सिद्धान्त सामाजिक न्याय हो, जसले राज्यका सबै अवसर सीमान्त वर्गसम्म समन्यायिक रूपमा पुनुपर्छ भन्ने आग्रह गर्छ ।

> समानुपातिक समावेशिता भनेको सीमान्त वर्ग समुदायका लागि हो, सम्भ्रान्त-सम्पन्नका लागि होइन । शक्तिहीनका लागि हो, सेलेब्रिटी र अवसरवादीका लागि होइन । वञ्चितिमा परेकाहरूका लागि हो, वैभवशालीलाई होइन । एकपटकका लागि हो, पटक-पटकका लागि होइन ।

नेपाली अप्रिल क्रान्तिका रूपमा रहेको दोस्रो जनआन्दोलनको प्रमुख जनादेशमध्ये एक समानुपातिक समावेशिताको सिद्धान्तलाई राज्यका संरचनामा अवलम्बन गर्ने थियो । जनआन्दोलनको भावनालाई कार्यान्वयन गर्न बनेको नेपालको संविधानले राज्यका संरचनामा सामाजिक विविधताको प्रतिनिधित्वका लागि महत्त्वपूर्ण व्यवस्था गरेको छ । संविधानमा नागरिकको मौलिक हकअन्तर्गत धारा १७ र ४२ मा सीमान्तकृत र पिछडिएका वर्गलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने प्रावधान राखेको छ । समानताको हक (धारा १८) मा नागरिकको संरक्षण र सशक्तीकरणका लागि कानुन बनाएर विशेष व्यवस्था गर्न सकिने र वञ्चित र जोखिममा परेकालाई सामाजिक सुरक्षाको हक हुने उल्लेख छ । संविधानले राज्यका अंगमा मात्र होइन, राजनीतिक दललाई पनि नेपाली समाजको विविधताको प्रतिनिधित्व गर्ने गरी आफ्ना कार्यकारी समितिमा तर्जुमा गर्न धारा २६९ मा बाध्यकारी प्रावधान राखेको छ । संविधानका अन्य धारामा सामाजिक बिम्बलाई सम्बोधन गर्न राज्यलाई निर्देश गरेको छ, ताकि राज्यका सबै संरचनामा समावेशी समाज देखियोस् । यी प्रावधानलाई मूर्त रूप दिन प्रतिनिधित्व हुने वर्गमा समानुपातिक प्रतिनिधित्व र प्रत्यक्ष निर्वाचन हुने स्थानमा उम्मेदवारी दिँदा पनि समावेशी सिद्धान्त अवलम्बन गर्नुपर्ने सिद्धान्त निर्धारण गरिएका छन् । संघीय प्रतिनिधिसभा ४० प्रतिशत बन्दसूचीका आधारमा पूरै देश र मतदातालाई एकै चुनाव क्षेत्रमा राखेर दलहरूले पाएको मतका आधारमा प्रतिनिधित्व हुने गरी नाम प्रस्ताव गर्ने मात्र होइन, बढी मत ल्याउने जित्नेतर्फको ६० प्रतिशत प्रतिनिधित्व संख्यामा उम्मेदवारी दिँदा पनि नेपाली समाजको विविधतालाई सम्बोधन गर्ने अवधारणा अवलम्बन गर्नुपर्छ, राष्ट्रिय सभामा राष्ट्रिय भावनालाई उन्नयन गर्ने गरी प्रतिनिधित्व गराउनुपर्छ । यही सिद्धान्त र आशयको अवलम्बन प्रतिनिधित्व हुने अन्य संरचनामा पनि स्विकारिएको छ ।

तर, हामीकहाँ समावेशिताका प्रावधानको व्यावहारिक अभ्यास हुन सकेन । जुन दलहरूले समावेशितालाई जनआन्दोलनको मुद्दा बनाएका थिए, उनीहरूले पनि सीमान्त वर्गभन्दा सम्भ्रान्त र आफन्तवादलाई प्रश्रय दिइरहेका छन्, जस्तो कि अहिले प्रतिनिधिसभाको समानुपातिक सूची र राष्ट्रिय सभाको उम्मेदवारी वितरणमा देखिएको छ । समावेशिताको मुद्दालाई संस्थागत गर्न बनेको संविधानसभा र त्यसपछिका व्यवस्थापिका संसद्मा पति, पत्नी, नाता, आफन्त र आफूनिकटका चेहरा देखिइरहेका छन् । राष्ट्रिय भावना सम्बोधन गर्ने थलो राष्ट्रिय सभामा सम्भ्रान्तहरू, पटक-पटक सांसद/मन्त्री र उच्च अवसर (जिम्मेवारी ?) पाएका, पराजितहरू रहँदा न संस्थाको गरिमा रह्यो, न सिद्धान्तको पालना । स्वयं त्यहाँ मनोनीत (निर्वाचित ?) हुनेहरूको विवेक र नैतिकताले पनि नस्विकार्नुपर्ने हो । लोकतन्त्रमा स्वार्थ समर्पण नदेखिए त्यो अरू नै केही हुन्छ । नेपालको राजनीतिमा आफन्तवादको कसिलो जकड्याइँ छ । त्यसले सामाजिक र शासकीय अत्याचार गरिरहेकै छ । विकास, बजेट, नीति, विधि निर्माणमा राजनीतिक ठट्टेबाजी पनि गरिरहेको छ । हुम्ला, बाजुरा र डोल्पाको लागतमा झापा, मोरङ र रुपन्देहीमा स्रोत विनियोजन बढी भइरहेको छ । उच्च घरानाका बेबी बुमर र 'वाई जेनेरेसन'हरू आफू जसरी नै आफ्ना 'नेपो बेबी'हरूलाई शक्ति र अवसरमा पुऱ्याइरहेका छन् ।

समानुपातिक-समावेशी उम्मेदवारको चयनले दलहरूको आन्तरिक चरित्र पनि द्योतन गर्छ । दलहरू कता छन्, यिनको सोचवृत्ति कस्तो छ, कस्तो शक्ति संरचना निर्माण गर्छन् र भोलि यिनले के गर्लान् भन्ने उजागर पनि यसले गरेको छ । तर, के बुझ्नुपर्छ भने समानुपातिक समावेशिता भनेको सीमान्त वर्ग समुदायका लागि हो, सम्भ्रान्त-सम्पन्नका लागि होइन । शक्तिहीनका लागि हो, सेलिब्रेटी र अवसरवादीका लागि होइन । वञ्चितिमा परेका लागि हो, वैभवशालीलाई होइन । एकपटकका लागि हो, पटक-पटकका लागि होइन । उच्च उद्यमी, कलाकार, व्यवसायी, ठुला उपाधिवाला र देशविदेशमा अवसर लिइसकेकालाई पनि होइन । सम्मानका लागि होइन, प्रोत्साहनका लागि हो । उनीहरू त पहिल्यै समावेश भइसकेका छन् । यो त समावेश नै हुन नपाएकाहरूका लागि हो, आर्थिक, सांस्कृतिक र शासकीय लाभबाट वञ्चितिमा परेकाहरूलाई हो । यदि यही हो भनेर अहिले जसरी नै सिद्धान्त, कानुन र आधारलाई तर्क र छिद्रको सहारामा लिइन्छ भने त्यसपछि राजनीति राजनीतिजस्तो बन्दैन, राजनीतिले नैतिक धरातल गुमाई खोक्रो औपचारिकता बन्न पुग्छ ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)

@mainaligopi

---

३ प्रश्न

विश्लेषक

हरि रोकालाई



कांग्रेसमा भएको नेतृत्व परिवर्तनलाई कसरी हेर्नुभएको छ ?

कांग्रेसमा जेजसरी नेतृत्व परिवर्तन भयो, त्यो कांग्रेस स्वयंका लागि मात्र नभई सिंगो नेपाली राजनीतिकै लागि सुखद खबर हो । कांग्रेसभित्रको यो परिवर्तनमार्फत रूपान्तरण र पुस्तान्तरणका पक्षधर युवाले यथास्थितिवादी वृद्ध पुस्तालाई जबर्जस्ती विस्थापित गरेका छन् । यसले भविष्यमा नेपाली राजनीतिमा सकारात्मक परिणाम दिने अपेक्षा गर्न सकिन्छ । आजको 'पोलराइज्ड' विश्वमा बाह्य दबाबको हल्लाले केही आतंकित पारेको भए पनि यसलाई नयाँ भर्सेस पुरानो पुस्ताबिच रूपान्तरण र पुस्तान्तरणको लडाइँ नै मान्न सकिन्छ । दलहरूमा युवा आवाज सुनिएन भने जतिसुकै राम्रा दल या नेता भए पनि पुराना शक्तिले यसैगरी विस्थापित हुनुपर्ने अवस्था आउन सक्छ भन्ने संकेत पनि यसले गरेको छ ।

यसले नेपाली राजनीतिमा पार्ने प्रभाव कस्तो होला ?

कांग्रेसमा भएको नेतृत्व परिवर्तन युवा भर्सेस वृद्ध या उमेर समूहबिचको लडाइँ त हो नै । साथसाथै, यसले समाजको अर्थ-राजनीतिक रूपान्तरण र कायाकल्पमा पनि भूमिका खेल्नुपर्छ । तर, त्यस दिशामा नयाँ नेतृत्व जान सक्छ कि सक्दैन, परिणाम हेर्न पर्खिनैपर्छ । हाम्रो समाजले आर्थिक, सामाजिक रूपान्तरण पर्खिरहेको छ । तर, दलहरूले त्यसबारे खासै चासो दिएको देखिन्न । त्यसैले, कांग्रेसको नयाँ नेतृत्वले यसतर्फ केही योगदान दिन सक्यो भने त्यो सकारात्मक नै हुनेछ । यसले लोकतन्त्रलाई थप मजबुत बनाएर संस्थागत गर्ने दिशामा पनि काम गर्न सक्ने सम्भावना देखिन्छ ।

यसबाट अन्य पार्टीमा पनि रूपान्तरण र पुस्तान्तरणका लागि दबाब पर्ला त ?

यसले अन्य दलमा पनि रूपान्तरण र पुस्तान्तरणको दबाब मज्जाले दिन्छ । अहिले घोषित २१ फागुनमै निर्वाचन भयो भने स्थापित भनिएका अन्य दलमा भुइँचालो जाने अवस्था छ । यस्तोमा उनीहरूलाई पनि आफ्नो धरातलीय यथार्थ मनन गर्न र अन्तरपार्टी रूपान्तरणमा यसले दबाब पक्कै दिनेछ ।

प्रेरक प्रसंग

पिताको प्रेरणा

रंगभेदविरोधी अश्वेत राजनेता नेल्सन मन्डेलाको नाम दक्षिण अफ्रिकामा मात्र नभई संसारभर आदरसाथ लिने गरिन्छ । दक्षिण अफ्रिकामा लामो संघर्ष गरेर उनले त्यहाँका अश्वेत नागरिकलाई गोराहरूको श्वेत उपनिवेशबाट मुक्त गराउन जेजस्तो भूमिका खेले, त्यसबाट उनी संसारभर स्वतन्त्रता, न्याय र समानताका पर्याय नै बन्न पुगे ।

झन्डै २७ वर्ष लामो कठोर कारावास सजाय भोगेका नेता मन्डेलाले संसारभरका शोषित, पीडित र उपेक्षित जनतालाई संघर्षको अनुपम पाठ पढाएका छन् । तिनै दक्षिण अफ्रिकाका प्रथम जननिर्वाचित अश्वेत राष्ट्रपति भएपछि एउटा कार्यक्रममा उपस्थित मन्डेलालाई प्रश्न सोधियो- तपाईं दक्षिण अफ्रिकाका लागि मात्र नभई विश्वकै लागि एक महान् राजनेता हुनुहुन्छ, प्रेरक हुनुहुन्छ । तपाईं यति महान् नेता हुनुका पछाडि कसै न कसैको प्रेरणा त पक्कै होला । के तपाईं आफ्नो प्रेरणास्रोतबारे हामीलाई केही बताइदिन सक्नुहुन्छ ?



प्रश्न सुन्नासाथ मन्डेलाले एकछिन पनि नसोची जवाफ दिए- मेरा बाबा नै मेरा प्रेरणाका अथाह स्रोत हुनुहुन्थ्यो । बाबा हाम्रो कबिलाका मुखिया हुनुहुन्थ्यो । म पनि उहाँसँगै गाउँ-समाजको भेलामा जाने गर्थें । उहाँका दुइटा व्यवहारबाट म असाध्यै प्रेरित भएको छु । पहिलो, बाबा जहिल्यै भेलामा गोलो घेरा बनाएर बस्नुहुन्थ्यो । उहाँको भेलामा कसैमाथि पनि सानो या ठुलो भनेर विभेद हुँदैनथ्यो । त्यहाँ सबै समान हुन्थे, सबै समान रूपमा सहभागी हुन्थे । दोस्रो, भेलामा उपस्थित गाउँ-समाजका मानिसले बोलुन्जेल बुबा चुपचाप सुनिरहनुहुन्थ्यो । उहाँ सबैलाई बोल्न दिनुहुन्थ्यो । सबैको भनाइ सुनिसकेपछि मात्र आफू बोल्नुहुन्थ्यो । हो, बाबाका यिनै दुई गुण सानैदेखि सिक्ने मौका पाएको हुनाले उहाँ नै मेरो मुख्य प्रेरणाका स्रोत हुनुहुन्थ्यो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सबैलाई मिलाएर अघि बढ

नेपाली कांग्रेसको आधिकारिकता विवाद निर्वाचन आयोगले टुंग्याइदिएको छ । अब पूर्वसंस्थापन समूहले आफूहरू निर्वाचन आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालत जाने बताएको छ भने आधिकारिकता पाएपछि कांग्रेसका नवनिर्वाचित सभापति गगन थापाले आफूहरू सबैलाई समेटेरै जाने बताएका छन् । यतिखेर पार्टीभित्र विवाद गरेर बस्नु भनेको आफ्नै खुट्टामा बन्चरो प्रहार गर्नु हो । त्यसैले, पूर्वसंस्थापन समूहले पनि धैर्यपूर्वक मिलेर अघि बढ्न सक्नुपर्छ भने नवनिर्वाचित टिमले पनि संयमित भई आपसमा कुनै मनमुटाब नपाली सबै नेता, कार्यकर्तालाई समेटेर गर्व गर्न सकिने बलियो कांग्रेस बनाएर आसन्न निर्वाचनमा जान सक्नुपर्छ ।

● **गोपिका राई**, खुमलटार, ललितपुर

महिला क्रिकेटरलाई शुभकामना

नेपाली महिला क्रिकेट टोलीले पहिलोपटक आइसिसी टी-२० महिला विश्वकप ग्लोबल छनोट क्रिकेट प्रतियोगितामा सहभागिता जनाउँदै छ । त्रिवि र मूलपानी क्रिकेट मैदानमा आयोजना हुने यस प्रतियोगिताका लागि नेपाली महिला क्रिकेट टोलीलाई शुभकामना छ । नेपाली घरेलु मैदानमा आयोजना हुने यस प्रतियोगितामा सुपर सिक्सबाट शीर्ष चारभित्र अटाउन सकेमा नेपाली महिला क्रिकेट टोलीले आगामी जुनमा इंग्ल्यान्डमा आयोजना हुने टी-२० विश्वकप खेल्न पाउँछ । त्यसका लागि पनि शुभकामना !

● **बलदेव महत**, बुढानीलकण्ठ, काठमाडौं

आयोगले ध्यान पुऱ्याओस्

विघटित संसद्का राजनीतिक दलले आसन्न निर्वाचन प्रभावित पार्ने उद्देश्यले सामाजिक सञ्जालको व्यापक दुरुपयोग हुन सक्ने भन्दै निर्वाचन आयोगले कडाइ गर्नुपर्ने माग गरेका रहेछन् । अहिलेको समयमा सामाजिक सञ्जालको गम्भीर प्रभाव छ । यसले व्यक्ति या संस्थाबारे भ्रम फैलाएर तिनको छवि क्षणभरमा धूमिल पार्न सक्छ । यसमा आयोगले समयमै ध्यान दिन, नियन्त्रण गर्न र त्यस्ता गतिविधि रोक्न सकेन भने त्यसले आगामी निर्वाचनको परिणाममै पनि ठुलो अन्तर ल्याउन सक्छ ।

● **अर्चना कुइँकेल**, बालकोट, भक्तपुर

कसैमा पनि दम्भ नबढोस्

कांग्रेसले गरेको विशेष महाधिवेशनबाट कांग्रेस महामन्त्री गगन थापा पार्टी सभापतिमा चुनिएका छन् । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा सम्पन्न विशेष महाधिवेशनलाई निर्वाचन आयोगले पनि वैधानिकता दिएको छ । यसलाई सकारात्मक रूपमा लिनुपर्छ । कांग्रेस अब युवा पुस्ताको हातमा गएको छ । युवा भनिएका नेताले पार्टी कसरी चलाउँछन्, त्योचाहिँ हेर्न बाँकी नै छ । पुस्ता हस्तान्तरणको आवाज उठ्दा पेलेर जाने प्रवृत्तिलाई गगन र विश्वको टिमले परास्त गरिदिएको छ । हिजो संमस्थापन पक्ष भनिने पूर्णबहादुर खड्कालगायत नेताले अदालत जाने कुरा गरीरहेको सुनिन्छ । आफ्नो पक्षमा निर्णय नआएपछि अदालत जाने अनि देशमा अशान्ति गर्ने काम ठिक होइन ।

यो विशेष महाधिवेशनले कर्ताकर्ता तहमा पार्टी नेतृत्वप्रति कति असन्तुष्टि रहेछ भन्ने प्रस्ट पारेको छ । अब आन्दोलन होइन, यसबाट पाठ सिकेर अघि बढ्न सक्नुपर्छ, आफूलाई पूर्वसंस्थापन भन्ने समूहले । आन्दोलनको हुंकारले केही फाइदा छैन, विधिको शासन सबैले मान्नुपर्छ । जनतामा चेतनाको स्तर निकै बढेको छ । उनीहरूले के ठिक के बेठिक भनेर छुट्याउन सक्छन् ।


यो कसैको जित-हारभन्दा पनि सिंगो कांग्रेसको जित हो । यसलाई आत्मसात् गरेर आगामी निर्वाचनमा एकढिक्का भई सहभागी भएर देशलाई राजनीतिक निकास दिने काम कांग्रेसले गरोस् । देउवा प्यानल या गगन प्यानल भनेर कित्ताकाट गर्ने काम बन्द गरियोस् । कसैमा पनि जितियो भन्ने दम्भ पनि नहोस् र हारियो भन्ने लघुताभास पनि नहोस् ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

पुटिन युक्रेनमा अल्झिँदा एक्लिँदै उनका मित्र

सबैभन्दा आवश्यक समयमा समेत समर्थन नपाएकाले रुससितको सम्बन्धमाथि नै पुनर्विचार गर्नुपर्ने निष्कर्षमा उसका साझेदार पुगेका छन्





देश/विदेश

● एलेक्स विकहम ● अल्बर्टो नार्डेली

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेनमा जारी युद्धमा अल्झिँदा विश्वभरका रुसका रणनीतिक सहयोगीले उपेक्षित महसुस गर्न थालेका छन् । रुसका केही मित्रले त रुसले आफूहरूलाई संकटको समयमा समेत बेवास्ता गरेको गुनासो गरेका छन् । जस्तो, भेनेजुएलाका सत्तारुढ दल र त्यसका पदाधिकारी अहिले मस्कोसँगको वर्षौं लामो सुरक्षा सम्बन्ध 'कागजी बाघ' मात्र रहेको निचोडमा पुगेका छन् ।

रुसबाट सहयोग नपाएको महसुस गर्ने देशमा भेनेजुएला एक्लो छैन । विगत १३ महिनाभित्र दमास्कस र तेहरानदेखि हवानासम्मका क्रेमलिनका मित्रलाई रुससँगको घनिष्ठ सम्बन्धले कुनै लाभ गरेको देखिएन । प्रायः अधिनायकवादी शासन रहेका ती देशका शासक सबैभन्दा आवश्यक समयमा समेत रुसको समर्थन नपाएकाले सम्बन्धमाथि नै पुनर्विचार गर्नुपर्ने निष्कर्षमा पुगेका छन् । कुनै समय रुसले सैन्य समर्थन दिएका सिरियाली तानासाह बसर अल-असद सन् २०२४ को अन्त्यतिर देश छाडेर भाग्न बाध्य भए । उसो त असद सत्ताच्युत भएपछि मस्कोले शरण त दियो, तर उनको शासन बचाउन क्रेमलिन अगाडि आएन । त्यस्तै, रुसको अर्को मित्र क्युबाले आर्थिक सहायताको अभावमा चरम मानवीय संकटको सामना गरिरहेको छ । केही विज्ञले क्युबाली शासनको पतनको भविष्यवाणी गर्न थालेका छन् । उता, गत वर्ष अमेरिकाले इरानमाथि बमबारी गरेको थियो । देशभित्र बढ्दो विरोधबिच सर्वोच्च नेता अयातुल्लाह अली खामेनीको शासनमाथि अमेरिकी सैन्य कारबाहीको खतरा अझै टरेको छैन । आफ्ना मित्रहरू संकटमा पर्दासमेत रुसले सहयोगको हात बढाएको देखिन्न ।

रुसी बेवास्ताको सबैभन्दा शक्तिशाली प्रतीक भेनेजुएलाका पूर्वराष्ट्रपति निकोलस मदुरो बने, जो अहिले न्युयोर्कको जेलमा कैद छन् । भेनेजुएलाको सुरक्षा संयन्त्रले आफ्ना राष्ट्र प्रमुखलाई अमेरिकाले कसरी पक्राउ गऱ्यो भन्ने अध्ययन गर्दा क्युबाली र रुसी साझेदारको कमजोरी फेला पारेका छन् । अहिले भेनेजुएलाका अधिकारी निजी भेटघाटमा यस विषयप्रति निराशा व्यक्त गर्छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सार्वजनिक रूपमा बारम्बार मदुरोलाई सत्ताच्युत गर्ने चेतावनी दिइरहेका थिए । त्यस्तो खुला घोषणाका बाबजुद भेनेजुएलाका दुई मित्रशक्ति क्युबा र रुसको गुप्तचर एजेन्सीले मदुरोको सुरक्षाको कमजोर पक्ष पहिल्याउन नसकेको र आक्रमणको पूर्वानुमान गर्न नसकेको काराकसका अधिकारी बताउँछन् । भेनेजुएलाले आफ्नो सुरक्षाको महत्त्वपूर्ण हिस्साको जिम्मा ती दुई देशलाई दिएको थियो ।

पक्राउ पर्नुअघि मदुरोको व्यक्तिगत सुरक्षाको अधिकांश जिम्मेवारी भेनेजुएलाले क्युबाली गुप्तचर अधिकारीलाई सुम्पेको थियो । अमेरिकी अप्रेसनका क्रममा ३२ क्युबाली नागरिकको मृत्यु भएको क्युबाली सरकारको घोषणाले पनि यही तथ्यमाथि प्रकाश पार्छ । पछिल्लो असफलतापछि भेनेजुएलाले रुस तथा क्युबामाथिको सुरक्षा निर्भरतामाथि प्रश्न गर्न थालेको छ । त्यसबाहेक अहिले भेनेजुएलामा त्यहाँको हवाई क्षेत्रको सुरक्षामा तैनाथ गरिएको रुसी एस-३०० र बुक-एम २ वायु-प्रतिरक्षा प्रणालीको असफलताबारे पनि बहस चलिरहेको छ ।

रुसले भेनेजुएलालाई दिएको प्रतिरक्षा प्रणालीको



प्रभावकारी सञ्चालन गर्न पर्याप्त प्राविधिक सहयोग प्रदान नगरेको अधिकारीहरूको गुनासो छ । भेनेजुएलाको साइबर-प्रतिरक्षाको प्राविधिक जिम्मेवारी पनि रुसलाई दिइएको थियो । तर, मदुरोलाई पक्राउ गर्ने अप्रेसनका वेला अमेरिकाले साइबर आक्रमणमार्फत राजधानी काराकसको ठुलो हिस्सामा बिजुली अवरुद्ध गरेको देखियो । यसमा पनि रुसी निर्भरताले काम गरेन ।

यी घटनाको परिणामस्वरूप भेनेजुएला, क्युबा र रुसबिच कायम सुरक्षा साझेदारी टुट्ने अवस्थामा पुगेको छ । सम्भवतः यसैले मदुरोको अपहरणपछि भेनेजुएलाकी राष्ट्रपति पद सम्हालेकी डेल्सी रोड्रिगेजले अमेरिकी सहयोगका प्रस्तावलाई स्वीकार गर्नुबाहेक अन्य विकल्प नरहेको ठानिन् ।

भेनेजुएलामा अमेरिकी कारबाहीको यति दिनपछि यस घटनाबारे पुटिनले हालसम्म कुनै सार्वजनिक रूपमा टिप्पणी गरेका छैनन् । उसो त रुसी विदेश मन्त्रालयले औपचारिक विज्ञप्ति जारी गर्दै मदुरोको अपरहण अन्तर्राष्ट्रिय कानुनका प्रमुख सिद्धान्तविरुद्ध रहेको भन्दै विरोध जनाएको थियो । ट्रम्पले मदुरोलाई अपहरण गरेको घटनाप्रति रुस असन्तुष्ट रहे पनि पछिल्लो समय क्रेमलिनका लागि भेनेजुएलाभन्दा अमेरिकी राष्ट्रपति ट्रम्पसँगको सम्बन्ध बढी महत्त्वपूर्ण बनेको छ । युक्रेन युद्ध अन्त्य गर्ने सम्बन्धमा ट्रम्पले प्रायः क्रेमलिनकै अडानलाई समर्थन गरिरहेको सन्दर्भमा उनीहरू वर्तमान अमेरिकी प्रशासनलाई चिढ्याउन चाहँदैनन् ।

मदुरोको पक्राउ रुसका लागि अप्रिय घटना भए पनि यो उसका लागि विपत्ति नै चाहिँ थिएन । बरु रुसका लागि इरान बढी गम्भीर मुद्दा हो । किनकि, तेहरानसँग रुसी सहयोग धेरै बलियो छ, जुन सैन्य तहमै छ । तर, इरानको हकमा पनि रुसले सार्वजनिक रूपमा समर्थन त गर्न सक्छ, तर त्यहाँ पनि ऊ गहिरो रूपमा संलग्न हुने सम्भावना देखिँदैन । विशेषतः युक्रेन युद्ध अन्त्य गर्ने रुसी प्राथमिकताबिच ऊसँग अहिले बाह्य क्षेत्रमा प्रभावकारी कदम चाल्न सक्ने क्षमता पनि सीमित छ ।

क्रेमलिन अहिले अमेरिकाको सहयोगमा युक्रेनलाई कुनै छुट नदिई त्यहाँ चलिरहेको युद्ध अन्त्य गर्ने कुरामा यति केन्द्रित छ कि ऊ आफ्ना विदेशी मित्रका घटनामा संलग्न भएर अमेरिकालाई चिढ्याउन चाहँदैन । यसले गर्दा रुसका अन्य रणनीतिक साझेदार रुसको सहयोगमा विश्वस्त हुन सक्ने अवस्था छैन ।

ब्लुमबर्गबाट

नोबेल पुरस्कारमाथिको भद्दा मजाक

आफूले पाएको नोबेल पदक ट्रम्पलाई हस्तान्तरण गरेर भेनेजुएलाकी विपक्षी नेतृले अराजकतालाई पुरस्कृत गरेकी छिन्

के भेनेजुएलाकी विपक्षी नेतृ मारिया कोरिना मचाडोले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई आफूले पाएको नोबेल शान्ति पुरस्कार पदक दिने निर्णय झट्ट हेर्दा हानिरहित प्रतीकात्मक कदम लाग्ला । तर, खासमा यो एक विनाशकारी राजनीतिक कदम हो । आफ्नो व्यक्तिगत स्वार्थपूर्ति गर्न खोज्दा मचाडोले आफू एक सिद्धान्तनिष्ट नेता भएको पुरानो दाबी खोक्रो रहेको साबित गरेकी छिन् । साथै यस कदमले नोबेल शान्ति पुरस्कारको महत्त्व नै सस्तो बनाउँदै यसमाथि भद्दा मजाक भएको छ ।

नोबेल शान्ति पुरस्कार व्यक्तिगत महत्त्वाकांक्षालाई भरथेग गर्न दिइने सम्मान होइन । यो त शान्ति, संयम, अन्तर्राष्ट्रिय सहयोग र कानुनको प्रतिबद्धताको सम्मान हो । भेनेजुएलामा ट्रम्पले उठाएको 'निर्णायक कदम'का लागि नोबेल पदकलाई 'व्यक्तिगत कृतज्ञताको प्रतीक'को रूपमा प्रस्तुत गरेर मचाडोले बलपूर्वक शासन परिवर्तनलाई समेत शान्तिको रूपमा प्रस्तुत गर्ने प्रयास गरेकी छिन् । साथै, उनले आफ्नो व्यक्तिगत सत्तारोहणमा सघाउने भए जस्तोसुकै कदमलाई पनि लोकतन्त्रका रूपमा पुनः परिभाषित गर्ने रहिछिन् भन्ने खुलाएकी छिन्, जुन नांगो अवसरवाद हो ।

ट्रम्पको निर्देशनमा भेनेजुएलाका बहालवाला राष्ट्रपति निकोलस मदुरोलाई अमेरिकी सेनाले नियन्त्रणमा लिएर न्युयोर्क लग्यो । निश्चित रूपमा धेरै भेनेजुएली नागरिक मदुरोलाई घृणा गर्छन्, जसका पछाडि विभिन्न कारण छन् । तर, विदेशी राष्ट्रप्रमुखलाई तिनकै भूमिबाट अपहरण गर्नु अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघन हो । यस्तो कदमले सार्वभौमसत्ता र अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्ने दाबी गर्ने प्रत्येक देशलाई चिन्तित बताएको छ । तर, मचाडोले अमेरिकाको उक्त गम्भीर कानुनी उल्लंघनको खुलेर प्रशंसा गरिन् । र, अहिले त्यसै कदमका लागि ट्रम्पलाई विश्वकै सबैभन्दा प्रतिष्ठितमध्ये एक शान्ति पुरस्कारले चोख्याउन खोज्दै छिन् ।

मचाडोले ट्रम्पलाई सम्मान गरेर सैन्य कदममार्फत शान्ति स्थापना गर्नु उचित हो भन्ने विचारलाई बल प्रदान गरेकी छिन् । तर, नोबेल शान्ति पुरस्कारको स्थापना यही विचारको प्रतिरोध गर्न भएको हो ।

नर्वेली नोबेल समितिले मचाडोलाई पुरस्कार दिँदा उनले आफ्नो देशमा 'लोकतन्त्रको ज्वालालाई भर्भराउँदो राखेको' भन्दै सम्मानित गरेको बताएको थियो । तर, अहिले हेर्दा मचाडोले जोगाएको ज्वाला सर्तपूर्ण रहेको देखिएको छ । अर्थात्, विश्वभरबाट प्रशंसा हुने गरी चम्किलो बलेको ज्वाला शक्तिको नजिक पुग्नासाथ धिपधिप मधुरो बन्यो ।

मचाडोले ट्रम्पलाई आफ्नो नोबेल पदक प्रदान गरेर विश्वशक्तिबाट जुन अनुग्रह प्राप्त गर्ने योजना राखेको देखिन्छ, त्यसले उनको विश्वसनीयतामाथि नै प्रश्न उठाएको छ । अहिलेसम्म ट्रम्पले मचाडोलाई भेनेजुएलाको भावी नेताको रूपमा समर्थन गरेका छैनन् । अझ भेनेजुएलामा कुनै चुनावी समयतालिका नै प्रस्ताव गरिएको छैन । बरु, मदुरोलाई हटाएपछि ट्रम्पले



● अशोक स्वाइन
स्वाइन स्विडेनको उप्साला विश्वविद्यालयमा शान्ति र द्वन्द्व अनुसन्धानका प्राध्यापक हुन् ।

भेनेजुएलाका तेलको बदला मादुरोकै भित्री घेराले चलाइरहेको अन्तरिम अधिकारलाई समर्थन गरेका छन् । भेनेजुएलाबारे ट्रम्पको बोली धेरै हदसम्म सो मुलुकबाट अमेरिकाले लिने लाभ र त्यसमाथिको नियन्त्रणको सन्दर्भमा मात्र केन्द्रित देखिन्छ ।

मचाडोलाई पनि यो थाहा छ । त्यसैले, ट्रम्पलाई उपहार दिने कदममा उनको अज्ञानताभन्दा सत्तामा पुग्ने हतासाले काम गरेको छ ।

ट्रम्पले ओभल अफिसमा नोबेल पदक बोकेको तस्बिर र नोबेल पदक राखिएको फ्रेममा ट्रम्पको 'सिद्धान्तनिष्ठ र निर्णायक कदम'को प्रशंसा चिन्ताजनक कुरा हो । ट्रम्पले लामो समयदेखि नोबेल शान्ति पुरस्कारको लोभ गर्दै आएको कसैबाट लुकेको छैन । उनले विश्वभर विभिन्न युद्ध रोकेको सूची दिँदै आफू योग्य हुँदाहुँदै अनुचित रूपमा सम्मानित नगरिएको गुनासो गरेका छन् । अहिले आएर मचाडोले ट्रम्पलाई ठ्याक्कै त्यही दिए, जुन उनले चाहेका थिए ।

यस प्रकरणमा नोबेल संस्थाको स्पष्ट अपमान भएको छ । नोबेल समितिले मचाडो र ट्रम्पको भेटअघि आफ्नो संस्थाले दिएको पुरस्कार हस्तान्तरण, बाँडफाँड वा रद्द नहुने बताएको थियो ।

यसको अर्थ मचाडोले ट्रम्पलाई पदक दिने कदमको कुनै कानुनी वा संस्थागत अर्थ हुनेछैन । मचाडोलाई पनि यो थाहा नभएको होइन । यति जान्दाजान्दै पनि यस कदम चाल्नुले यो सबैको उद्देश्य राजनीतिक हो भन्ने पुष्टि हुन्छ । तर, यसबाट नोबेल समितिको निर्णयको सार्वजनिक अपमान भएको छ र नोबेल पुरस्कारको प्रतिष्ठा यसको सिद्धान्तभन्दा चर्चासँग जोडिएको सन्देश प्रवाहित गरेको छ ।

मचाडोले भेनेजुएलामा शान्ति कायम भए वा नभएकोबारे प्रश्न गरिनन् । उनले पुरस्कारलाई अहिलेसम्म आफ्नो देशमा दमन भोगेका वा मानवीय सहायता आवश्यकता भएकाप्रति पुरस्कार समर्पित गरेकी छैनन् । बरु उनले आफ्नो पुरस्कारलाई शक्तिशालीप्रति समर्पित गरेकी छिन्, सम्भवतः शक्तिशालीले आफ्नो उद्देश्य पूर्ति गर्न सघाउला भन्ने सोचले होला । यो नैतिक साहस नभएर लेनदेनको राजनीति हो ।

> मचाडोले ट्रम्पलाई सम्मान गरेर सैन्य कदममार्फत शान्ति स्थापना गर्नु उचित हो भन्ने विचारलाई बल प्रदान गरेकी छिन् । तर, नोबेल शान्ति पुरस्कारको स्थापना यही विचारको प्रतिरोध गर्न भएको हो ।

मचाडोका समर्थकले तर्क गर्न सक्छन् कि हतास समयले हतास उपायको माग गर्छ । भेनेजुएलाले भोगेको पीडा अन्त्य गर्न अपरम्परागत गठबन्धन पनि गर्नुपर्ने तिनले जोड दिन सक्छन् । तर, व्यावहारिकता र सिद्धान्त परित्यागबिच एउटा घेरा हुन्छ र माचाडोले त्यसलाई पार गरेकी छिन् । उनले ट्रम्पको कदमलाई समर्थन गरेर लोकतन्त्र कानुन, सहमति र जवाफदेहितामार्फत भन्दा पनि बल र विदेशी हस्तक्षेपमार्फत प्रदान गर्न सकिन्छ भन्ने विचारलाई सामान्यीकृत गरेकी छिन् ।

ल्याटिन अमेरिकामा पहिले पनि यस्तो तर्क सुनिन्थ्यो, तर तिनले बिरलै स्वतन्त्रता दिलाएको इतिहास छ ।

यस प्रकरणले माचाडोको लोकतन्त्र र लोकतान्त्रिक आदर्शप्रतिको प्रतिबद्धतामाथि नै प्रश्न उठाएको छ । लोकतन्त्र भनेको चुनाव जित्नु मात्र होइन । यो त कठिन अवस्थामा पनि संस्था, कानुनी सीमा र मान्यतालाई सम्मान गर्ने अभ्यास हो । यस्तोमा आज अन्तर्राष्ट्रिय कानुनको उल्लंघनको प्रशंसा गर्ने नेता भोलि अचानक यसको संरक्षक बन्नेछैन । नोबेल शान्ति पुरस्कार भूराजनीतिक जितको सम्मानमा दिने पुरस्कार होइन । यसले त प्रभुत्वभन्दा संयम र शक्तिभन्दा सिद्धान्तलाई उच्च स्थान दिने गर्छ । तर, आफ्नो पदकलाई मोलमोलाइको वस्तु बनाएर मचाडोले आफूलाई त्यस दृष्टिकोणमा विश्वास नरहेको देखाइन् । उनको भित्री चाहना जसरी पनि भेनेजुएलामा शासन गर्ने होला, तर यस क्रममा उनले नेतृत्वलाई वैध बनाउने नैतिक आधार भने गुमाएकी छिन् । यस प्रकरणले मचाडोको अडानलाई बलियो बनाउनेछैन, बरु झन् कमजोर बनाउनेछ ।

यस घटनाबाट सम्मानलाई यति सहजै अपमान गर्ने व्यक्तित्वलाई पुरस्कारका लागि योग्य ठानेकोमा नोबेल समिति पनि लज्जित हुनेछ । नोबेल समितिले भनेजस्तै नोबेल पुरस्कार पाएको व्यक्तिले अर्कोलाई हस्तान्तरण गर्न त नसक्ने रहेछ, तर यसको अपमान भने गर्न सक्ने रहेछ । मचाडोले अहिले ठ्याक्कै त्यही गरेकी छिन् ।

- द स्क्रोलबाट

इतिहासमा आज

जनवरी १८



सन् २००२ : सियरा लियोनको गृहयुद्ध अन्त्य भयो । सन् २००२ को १८ जनवरीमा ११ वर्ष लामो युद्ध अन्त्य भएको थियो । एक दशकभन्दा लामो सो युद्धका कारण ५० हजारको मृत्यु भएको थियो भने लाखौँ विस्थापित भएका थिए ।

सन् १८७१ : जर्मन राजा केशर विलियम प्रथम र प्रधानमन्त्री अटो भान विस्मार्कले देशलाई साम्राज्य घोषित गरे ।

सन् १८९६ : एक्स-रे मेसिनलाई पहिलोपटक अमेरिकामा प्रदर्शनका रूपमा देखाइयो ।

सन् १९१९ : पेरिस शान्ति सम्मेलन सुरु भयो । पहिलो विश्वयुद्धपछि उत्पन्न अस्थिरता र द्वन्द्वको आलो घाउबिच फ्रान्सको राजधानी पेरिसमा सम्मेलन भएको थियो । सम्मेलनपछि भर्सेल्स सन्धिमा हस्ताक्षर भयो ।

सन् १९८६ : आजकै दिनदेखि अमेरिकामा मार्टिन लुथर किङ दिवस मनाउन सुरु भएको थियो । यस दिन सार्वजनिक बिदा दिइन्छ ।

सन् १९९७ : नर्वेका ध्रुवीय अन्वेषक बोर्ग आउसल्यान्ड कसैको सहयोगविना एक्लै अन्टार्कटिकामा हिँडेका थिए । बोर्गले पृथ्वीकै सबैभन्दा उत्तरी महादेशमा तीन हजार किलोमिटर हिँडेर रेकर्ड कायम गरेका थिए ।

सन् २०२२ : इन्डोनेसियाको संसद्ले देशको राजधानी जाकार्ताबाट सारेर बोर्नियो टापुमा सार्ने र नयाँ विकास गरिने सहरको नाम नुसनतारा राखिनेसम्बन्धी विधेयक पास गऱ्यो ।

दक्षिण कोरियाका पूर्वराष्ट्रपति युनलाई पाँच वर्ष कारागार

सियोल / दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक यओललाई २०२४ मा देशमा मार्सल ल लागू गर्दा शक्तिको दुरुपयोग, कागजात झुटा बनाएको र न्यायमा बाधा पुऱ्याएको आरोपमा दोषी ठहऱ्याइएको छ । राजधानी सियोलको एक अदालतले उनलाई दोषी ठहर गर्दै पाँच वर्षको जेल सजाय पनि सुनाएको छ । युनले विद्रोहदेखि कानुन उल्लंघन गरेको आरोपमा अन्य तीन मुद्दाको सामना गरिरहेका छन् । उनको आदेशले दक्षिण कोरियालाई राजनीतिक उथलपुथलमा पुऱ्याएको एक वर्षभन्दा बढी समयपछि यो फैसला आएको हो । मार्सल ल जारी गर्ने उनको आदेशले दक्षिण कोरिया गहिरो रूपमा विभाजित भएको थियो । युनविरुद्ध लगाइएका प्रमुख आरोपबारे जान्नुपर्ने कुरा यहाँ छन् ।



शुक्रबार, युनलाई पत्राउबाट बच्न न्यायमा अवरोध पुऱ्याएको, आफ्नो मार्सल ल घोषणा हुनुअघि मन्त्रिपरिषद् बैठक नबोलाई शक्तिको दुरुपयोग गरेको र आधिकारिक कागजातलाई किर्ते बनाएको आरोपमा दोषी ठहऱ्याइएको थियो । अभियोजकले उनलाई गलत काम लुकाउन र संवैधानिक नियन्त्रण र सन्तुलनलाई कमजोर पार्न व्यक्तिगत उद्देश्यका लागि राज्य संस्था प्रयोग गरेको आरोप लगाए । गत वर्ष जनवरीमा विद्रोहको आरोपमा सोधपुछका लागि युनलाई हिरासतमा लिने दुई प्रयासमा सयौँ प्रहरी अधिकारी परिचालन गरिएका थिए । युनले ठुलो समूहलाई परिचालन गरेका थिए, जसले गिरफ्तारी रोक्न उनको निवासभित्र मानव पर्खाल बनाएका थिए । आरोपको अनुसन्धान गर्ने एक विशेष अभियोजकले यो कदम अभूतपूर्व भएको बताए ।

भन्सार शुल्क घटाउन चीन र क्यानडा सहमत

बेइजिङ / एक अर्को देशमा लाग्दै आएको भन्सार शुल्क घटाउन चीन र क्यानडा सहमत भएका छन् । चिनियाँ नेता सी जिनपिङ र क्यानडाली प्रधानमन्त्री मार्क कार्नीले बेइजिङमा भएको महत्त्वपूर्ण बैठकपछि दुई देशको सम्बन्धमा पुनर्स्थापनाको संकेत गर्दै कम शुल्क लगाउन सहमत भएका हुन् । चीनले मार्च १ सम्ममा क्यानेडियन क्यानोला तेलमा लगाइएको कर ८५ प्रतिशतबाट घटाएर १५ प्रतिशत गर्ने अपेक्षा गरिएको छ भने ओटावाले चिनियाँ विद्युतीय सवारी साधनमा ६.१ प्रतिशतमा शुल्क लगाउन सहमत भएको कार्नीले बताए । वर्षौंको तनावपूर्ण सम्बन्ध र जस्तालाई त्यस्तै शुल्क रणनीतिपछि यो सम्झौता भएको हो । सीले उनीहरूको सम्बन्धमा 'परिवर्तन' आएकोमा प्रशंसा गरे । हालका महिनामा चीनसँग क्यानडाको सम्बन्ध बढी फलदायी भएको प्रधानमन्त्री कार्नीले बताए ।

लगभग एक दशकमा चीन भ्रमण गर्ने पहिलो क्यानेडियन नेता कार्नीको शुल्क घटाउने कार्यलाई सफलताका रूपमा लिइएको छ । ट्रम्पको लगातार लगाइएको करको कारण उत्पन्न अनिश्चितापछि उनी व्यापारलाई विविधीकरण गर्ने प्रयास गरिरहेका छन् । यो सम्झौताले क्यानडामा थप चिनियाँ लगानीको ढोका खोलेको विश्लेषण हुन थालेको छ ।

अमेरिकाको सम्भावित हमलाप्रति इरानको तयारी कस्तो छ ?



● सैयद जुबैर अहमद
अहमद लन्डनस्थित वरिष्ठ भारतीय पत्रकार हुन्, उनीसँग पश्चिमी मिडियामा तीन दशकको अनुभव छ ।



इरानमा राष्ट्रव्यापी हिंसा र सामूहिक विरोधका रिपोर्ट कम हुँदै जाँदा अमेरिकी हस्तक्षेपको भावना अलि कम भएको देखिन्छ, तथापि साम्य भएको छैन । यसको अर्थ सैन्य विकल्प हराएको छैन । मंगलबारको सुरुवातमै ह्वाइट हाउसकी प्रेस सेक्रेटरी क्यारोलिन लेभिटले राष्ट्रपति डोनाल्ड ट्रम्पले सबै विकल्प अगाडि राखेको बताइन् । उनले अगाडि भनिन्, 'हवाई हमला तीमध्ये एक हुन् ।' कूटनीति पहिलो विकल्प भएको उनको भनाइ थियो । ट्रम्पले इरानी अधिकारीसँगको बैठक रद्द गर्दै सजायको धम्की दिँदै विरोध प्रदर्शन जारी राख्न आग्रह गरिरहेका वेला यो कुरा भनिएको थियो ।

जे होस्, सम्पूर्ण खाडी क्षेत्र अराजक समयका लागि आफूलाई तयार गरिरहेको छ । जब एक अमेरिकी राष्ट्रपतिले अर्को देशका प्रदर्शनकारीलाई संस्थाहरू कब्जा गर्न आग्रह गर्छन्, विद्रोहीसँग वार्ताका लागि तयार हुन्छन् र विपक्षीका नारालाई आफ्नै रूपमा लिन्छन्, यसलाई गम्भीरतापूर्वक लिनुपर्छ । उनको नारा, 'इरानलाई फेरि महान् बनाउनुहोस्'लाई ह्वाइट हाउसले आफूलाई इरानको आन्तरिक राजनीतिक संकटभित्र एक सक्रिय खेलाडीको रूपमा हेर्छ भनेर बुझ्नुपर्छ, न कि कुनै टाढाको पर्यवेक्षकका रूपमा ।

पहिले नै तनावमा रहेको इरानको नेतृत्वले तुरुन्तै प्रतिक्रिया जनायो । इरानको संसद्का सभामुख मोहम्मद बागेर कालिबाफले चेतावनी दिए कि यदि उनको देशमा आक्रमण भयो भने यस क्षेत्रभरि रहेका अमेरिकी सैन्य अड्डा, जहाज र सम्पत्ति निसानामा हुनेछन् । प्रारम्भिक आक्रमणपछि त्यसको जवाफ दिन इरानले नपर्खने उनको भनाइ थियो । के यो घरेलु दर्शकलक्षित धम्की हो ? यो स्पष्ट छैन । तर, यसले खाडी क्षेत्रमा अन्ततः हुने युद्धको लागत बढाउँछ ।

मध्यपूर्वमा अमेरिकी उपस्थिति

खाडी किन यति धेरै चिन्तित छ भनेर बुझ्नका लागि इरानले के संकेत गरिरहेको छ भनेर व्याख्या गर्न उपर्युक्त हुन्छ । अमेरिकाले यस क्षेत्रमा घना सैन्य उपस्थिति कायम राखेको छ । कतारमा, यसको अल उदेइद एयर बेस छ, जुन मध्यपूर्वमा सबैभन्दा ठुलो अमेरिकी एयर बेस र अमेरिकी केन्द्रीय कमान्डअगाडिको मुख्यालय हो, जुन यस क्षेत्रभरि हवाई सञ्चालनका लागि महत्त्वपूर्ण छ । बहराइनमा अमेरिकी नौसेनाको संयुक्त राज्य अमेरिकाको पाँचौँ फ्लिटको मुख्यालय छ, जसले फारसी खाडी, लाल सागर, अरब सागर र हिन्द महासागरका केही भागमा नौसेनाको निरीक्षण गर्छ । कुवेतले दसौँ हजार अमेरिकी सेना र बन्दोबस्तीका सामान राखेको छ । हालैका वर्षमा उनीहरूको पुनः तैनाथीपछि साउदी अरेबियाले फेरि अमेरिकी कर्मचारी र हवाई रक्षा सम्पत्तिको अखडा बनेको छ । संयुक्त अरब इमिरेट्सले अमेरिकी सेनाले प्रयोग गर्ने बन्दरगाह र एयरफिल्डमा पहुँच प्रदान गर्छ भने अमेरिकी युद्धपोतले नियमित रूपमा खाडी र वरपरका सागरमा गस्ती गर्छन् । यी निश्चित दृश्यात्मक लक्ष्य हुन् । यदि वासिंटनले आक्रमण गर्छ भने तेहरानले नक्सामा लक्ष्यहरू खोज्नुपर्नेछैन । ती इरानी मिसाइल दायराभित्र छन् र सैद्धान्तिक रूपमा आक्रमण हुने सम्भावना छ ।

अमेरिका र बेलायतको पछिल्लो कदमलाई बुझ्न गाह्रो छ । दुबै देशले कतारको अल उदेइद हवाई अड्डामा कर्मचारी घटाउँदै छन् । बेलायतले पनि आफ्नो अडान कडा बनाएको छ । यसले तेहरानमा रहेको बेलायती दूतावासलाई अस्थायी रूपमा बन्द गरेको छ । के यो सैन्य कदमको संकेत हो ? भन्न गाह्रो छ ।

प्रति-प्रभाव

त्यसो भए ट्रम्पले इरानभित्र प्रत्यक्ष कारबाही गरे के हुन सक्छ ? यदि उनले हमलाको अधिकार दिए भने इरानभित्रको पहिलो प्रभावले मुल्लाहहरूको शासनको पतन नहुन सक्छ । यसविपरीत यसले एकीकरणमा परिणाम ल्याउन सक्छ । सबै सम्भावनामा राष्ट्रवादले विद्रोहीको मागलाई ओझेलमा पार्नेछ । राज्यको अस्तित्व मूल मुद्दा बन्नेछ । प्रदर्शनकारीलाई अमेरिकीलाई सहयोग गरेको र देशद्रोहको आरोप लगाइनेछ (पश्चिमी मिडियालाई विश्वास गर्ने हो भने २५० भन्दा बढीलाई पहिले नै पहिचान गरी मुद्दा चलाइएको छ) ।

> अमेरिकी पानीजहाजदेखि हवाई आधारलाई मिसाइल हमलादेखि अमेरिकी अखडामा रणनीतिक हमला गरेर तेहरानले वासिंटनलाई जवाफ दिनेछ

यदि अमेरिकाले इरानमाथि आक्रमण गर्छ भने के यसले पश्चिमी शैलीको लोकतन्त्रलाई नजिक ल्याउँछ ? यसले इरानमा अझ असन्तोष बढाउनेछ । साथै, वैध गुनासालाई बदनाम गर्नेछ । यसले कट्टरपन्थीलाई स्थापित गर्न सक्छ । यसले विदेशी हस्तक्षेपबारे इरानीले पहिले नै राखेका हरेक शंकालाई पुष्टि गर्नेछ । यो दुःखद विडम्बना हो ।

वासिंटनले प्रदर्शनकारीलाई जति ठुलो स्वरमा जयजयकार गर्छ, तेहरानले त्यति नै आफ्नो पकड बलियो बनाउँछ । भित्रबाट शासनमा उथलपुथल नल्याएसम्म प्रतीकात्मक सैन्य हमलाले आफ्नो उद्देश्य प्राप्त गर्न सक्दैन । हामीसँग यस क्षेत्रमा उदाहरण छन् । इरान र रुसी सहयोगमा बलियो देखिने सिरियाली बसर अल-असदको शासनमाथि निरन्तर दबाब र अन्ततः सत्ता ढलेपछि असदको रुस पलायन ।

अमेरिकासँग विकल्पैविकल्प

तार्किक रूपमा अमेरिकासँग प्रशस्त विकल्प छन् । तर, मलाई डर छ, ती सजिला छैनन् । ऊसँग लामो दूरीको बमवर्षक छन् । ऊसँग क्रुज मिसाइल छन् । उसले साइबर अप्रेसन र वास्तवमा दशकौँदेखि परीक्षण गरिएको विधि र गुप्त कारबाहीको सहारा लिन सक्छ । सबै सम्भव छन् । इरान ठुलो छ । इरान सैन्यीकृत छ । यो युद्धको मामिलामा कठोर छ । यसले यो परिदृश्यको तयारी गर्न दशकौँ बिताएको छ । तर, आज सबैभन्दा कमजोर अवस्थामा छ । तर पनि सीमित हमलाले इरानको क्षमतालाई असर गर्दैन । इरानको प्रतिक्रिया सम्भवतः समान रूपमा हुनेछ । प्रतीकात्मक हमलाले प्रतीकात्मक प्रतिक्रियालाई निम्तो दिनेछ । एक निरन्तर अभियानका लागि पहिले नै अमेरिकी सम्पत्तिले भरिएको क्षेत्रमा निरन्तर सुरक्षा आवश्यक पर्छ ।

खाडीमा रहेका हरेक अमेरिकी आधार उच्च सतर्कतामा रहनेछन् । हरेक जहाज निसाना बन्नेछन् । साथै, हरेक आपूर्ति मार्ग सम्भावित रूपमा कमजोर हुन सक्छन् । इरानले अमेरिकालाई सैन्य रूपमा पराजित गर्न आवश्यक छैन, यो सक्दैन पनि । तेहरान विश्वास गर्छ कि यसले केवल रणनीतिक कदम चाल्न आवश्यक छ । यसले वर्षौंको प्रतिबन्ध, एक्लोपन र द्वन्द्वमा यसलाई परिष्कृत गरेको छ ।

क्षेत्रीय परिणाम तत्काल देखिनेछन् । ती पहिले नै महसुस भइसकेका छन् । खाडी तनावग्रस्त छ । डर यो छ कि ढुवानी लेन खतरामा पर्नेछन् । बिमा लागत बढ्नेछ । ऊर्जा बजारमा अराजकता हुन सक्छ । खाडी राज्यले सार्वजनिक रूपमा संयम अपनाउन आग्रह गर्नेछन्, जबकि निजी रूपमा नतिजाका लागि तयारी गर्नेछन् । इजरायली आक्रमणबाट कमजोर इरानसँग गठबन्धन गरेका मिलिसियाले अझै पनि खतरा खडा गर्नेछन् । तिनीहरूलाई आदेशको आवश्यकता पर्दैन । तिनीहरू यही उद्देश्यका लागि तयारी अवस्थामा छन्, एउटा आधारमा एउटा हमला । अर्कोमा ड्रोन आक्रमण । एउटा गलत निर्णय गरिएको प्रतिक्रिया । आक्रमण रणनीतिकभन्दा यान्त्रिक हुनेछ ।

रुसले कसरी फाइदा लिन्छ ?

क्षेत्रभन्दा बाहिर विश्वव्यापी परिणाम उत्तिकै गहिरा हुनेछन् । रुसले परिणामस्वरूप उत्पन्न अराजकताबाट चुपचाप लाभ उठाउने आशा राख्नेछ । उसले पहिले नै अमेरिकालाई चेतावनी दिइसकेको छ कि उसको सैन्य कारबाहीले संसारलाई अस्थिर बनाउन सक्छ । रुसले आशा गरिरहेको हुनुपर्छ कि विचलित अमेरिकाले युक्रेनमा आफ्नो सैन्य अभियानमा दबाब कम गर्नेछ । बयानबाजीको रूपमा चीनले विद्यमान अराजकतामा आर्थिक रूपमा शोषण गर्दै महत्त्वपूर्ण शक्तिको भूमिका खेल्नेछ । यसले इरानसँग गैरडलर ऊर्जा व्यापारलाई तीव्र पार्ने र वासिंटन विश्वव्यापी अस्थिरताको मुख्य स्रोत हो भन्ने भाष्य अझ बलियो बनाउने प्रयास गर्न सक्छ ।

-एनडिटिभीबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ४ माघ ०८२

■ उद्योगी-प्राधिकरण विद्युत् बक्यौता विवाद

पुनरावलोकन समितिको प्रतिवेदनविपरीत बक्यौता फेरि पुनरावलोकन गर्दै प्राधिकरण

अघिल्लो सरकारले बनाएको पुनरावलोकन समितिले सात कारण देखाउँदै पुनरावलोकन गर्न मिल्दैन भनेको छ, तर आज साँझ ५ बजेको बोर्ड बैठकमा पौने आठ अर्ब बक्यौताको फेरि पुनरावलोकन गर्ने एजेन्डा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणका सञ्चालक श्यामकिशोर यादवको संयोजकत्वको गठित पुनरावलोकन समितिले दिएको प्रतिवेदनलाई बेवास्ता गरेर प्राधिकरणले पुनः उद्योगीको बक्यौता पुनरावलोकन प्रक्रिया अघि बढाउने तयारी गरेको छ। महसुल बक्यौता पुनरावलोकन गर्ने एजेन्डासहित आइतबार ५ बजे कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले सञ्चालक समितिको बैठक आह्वान गरेका छन्। जबकि, यादवको सयोजकत्वको समितिले सात कारण देखाउँदै पुनरावलोकन प्रक्रिया अघि बढाउन नमिल्ने प्रतिवेदन ८ असोजमा पेस गरिसकेका छन्।

कुलमान घिसिङको राजीनामापछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले पाएका छन्। नेपाल सरकारको ऊर्जामन्त्री स्वतः प्राधिकरण सञ्चालक समितिको अध्यक्ष हुने भएकाले आइतबारको बैठक उनकै अध्यक्षतामा हुनेछ। प्राधिकरणका एक सञ्चालकले भने, 'आइतबार साँझ ५ बजे सञ्चालक समितिको बैठक बोलाइएको छ। त्यसमा डेडिकेटेड फिडर र ट्रंकलाइनको बक्यौता पुनरावलोकन गर्ने एजेन्डा पनि छ।' लोडसेडिङको समयमा ट्रंकलाइन र डेडिकेटेड फिडरबाट विद्युत् प्रयोग गर्ने ग्राहक दुई सय ५० भन्दा बढी थिए। माघ ०७२ देखि वैशाख ०७५ सम्मको झन्डै सवा आठ अर्ब बक्यौता उठाउनुपर्ने थियो। उद्योगीहरूले हालसम्म ४३ करोड बक्यौता भुक्तानी गरिसकेका छन्। अब करिब पौने आठ अर्ब बक्यौता छ।

गत ११ चैतमा तत्कालीन ऊर्जामन्त्री दीपक खड्काको प्रस्तावमा केपी ओली नेतृत्वको सरकारले कुलमान घिसिङलाई बर्खास्त गरेर हितेन्द्रदेव शाक्यलाई कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो। त्यसपछि बक्यौतामा छुट दिने योजनासहित २९ चैतको प्राधिकरण सञ्चालक समितिबाट पुनरावलोकन प्रक्रिया अघि बढाइएको हो। प्राधिकरणले २७ वैशाखमा सार्वजनिक सूचना जारी गर्दै प्रशासकीय पुनरावलोकनका लागि जेठ मसान्तसम्मको समय दिएको थियो। त्यसमा ४६ उद्योगले बक्यौता पुनरावलोकनका लागि आवेदन दिएका थिए।



● **रतनबहादुर ऐर**, सञ्चालक समिति सदस्य, प्राधिकरण

आइतबार प्राधिकरण सञ्चालक समितिको नियमित बैठक बस्दै छ। बैठकको एजेन्डाको विषयमा मलाई पूर्ण जानकारी छैन।

तर, जेन-जी आन्दोलनपछि ३० भदौमा ऊर्जामन्त्री बनेका कुलमान घिसिङले बक्यौता उठाउने पहिलो निर्णय गरे। ५ असोजमा शाक्यलाई हटाएर कार्यकारी निर्देशकमा मनोज सिलवाललाई नियुक्ति गरे। १० असोजको सञ्चालक समितिले प्रतिवेदनकै आधारमा बक्यौता उठाउने निर्णय गरेपछि प्राधिकरणले २ कात्तिकसम्म बक्यौता तिर्ने अल्टिमेटम दियो। सोही अवधिमा ३१ मध्ये २५ उद्योगको लाइन काटियो। बाँकी ६ उद्योगले भने पहिले नै अन्तरिम आदेश लिएर बसेका थिए। १७ कात्तिकमा प्रधानमन्त्री कार्यालयमा पहिलो किस्ता तिर्ने र न्यायिक प्रक्रिया अघि बढाउने उच्चस्तरीय सहमति भएसँगै उद्योगीहरू पहिलो किस्ता तिर्न तयार भए। पहिलो किस्तालाई धरौटी मान्ने सहमति भएको उद्योगीको दाबी थियो। सोही कारण बक्यौता तिर्ने प्रक्रियामा गएका ३५ मध्ये २९ उद्योग दोस्रो किस्ता तिर्न आएनन्।

यसबिचमा सर्वोच्च अदालतले २२ मंसिरमा हितेन्द्रलाई प्राधिकरणमा पुनर्बहाली गर्न परमादेश दियो। २३ पुसमा कुलमान घिसिङले मन्त्रीबाट राजीनामा दिए। अब शाक्यले पुनरावलोकन प्रक्रिया अघि बढाउन लागेका छन्।

■ समितिले औंल्याएका पुनरावलोकन गर्न नमिल्नुका सात कारण

१. हदम्याद गुज्रिएको

बिल जारी गरेको ३० दिनभित्र पुनरावलोकनका लागि आवेदन दिन पाइन्छ। प्राधिकरणले पछिल्लोपटक लाल आयोगको प्रतिवेदन र २७ वैशाख ०८१ को मन्त्रिपरिषद्को निर्णयका आधारमा उद्योगहरूलाई माघ ०७२ देखि वैशाख ०७५ सम्मको बक्यौता तिर्न भनेको थियो। त्यसको ३० दिनभित्र उद्योगहरूले पुनरावलोकनको निवेदन नदिएका कारण कानुनले प्रदान गरेको हदम्याद सकिएको छ।

२. अदालतको नजिरविपरीत र पुनरावलोकन अघि बढाउन नमिल्ने कानुनी राय

समितिले यस सबन्धमा प्राधिकरणका कानुन सल्लाहकारमार्फत कानुनी राय माग गरिएको थियो। एक कानुनी सल्लाहकारबाट भूतलक्ष्यी कानुनी व्यवस्था गरी हदम्याद कायम गरेअनुसार कामकारबाही अगाडि बढाउन नमिल्ने स्पष्ट राय प्राप्त भएको थियो। यसैगरी, सर्वोच्च अदालतको नजिरमा हदम्याद गुज्रिएपछि थप गर्न नमिल्ने निर्णय भएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार आपसी सहमतिका आधारमा हदम्याद बढाउने नमिल्ने, पक्षबिच सहमतिले हदम्याद लम्ब्याउन नमिल्ने, कुनै निकायले भन्दैमा हदम्याद बाँकी भनेर कल्पना गर्न नमिल्नेजस्ता सर्वोच्चका नजिर भेटिएका छन्।

३. विभिन्न अदालतमा विचाराधीन मुद्दा

यस सम्बन्धमा विभिन्न मुद्दाहरू अदालतमा विचाराधीन रहेका कारण पनि पुनरावलोकन प्रक्रिया अघि बढाउन नहुने समितिको प्रतिवेदनमा भनिएको छ।

४. लेखा समितिमा अध्ययन जारी

लेखा समितिमा अध्ययन जारी रहेकाले पनि पुनरावलोकन नगर्न भनिएको छ। लेखा समितिले यसअघि बक्यौता उठाउन निर्देशन दिइसकेको थियो। त्यसको कार्यान्वयन सम्बन्धमा ४ असार ०८२ मा लेखा समितिले प्राधिकरणसँग विवरण मागेर अध्ययन गरिरहेको छ। त्यस अवस्थामा पुनरावलोकन गर्न नहुने समितिको प्रतिवेदनमा भनिएको छ।

५. लाल आयोग र मन्त्रिपरिषद्का दुई निर्णय

समितिले लाल आयोगको प्रतिवेदन र मन्त्रिपरिषद्का दुई निर्णयलाई देखाउँदै पुनरावलोकन गर्न नहुने पनि भनेको छ। ४ पुस ०८० मा गिरीशचन्द्र लालको नेतृत्वमा आयोग गठन गरेको थियो। त्यसको प्रतिवेदनका आधारमा २७ वैशाख ०८१ को मन्त्रिपरिषद्ले माघ ०७२ देखि वैशाख ०७५ सम्मको बक्यौता उठाउने निर्णय गरेको थियो। साथै, २५ कात्तिक ०८१ को मन्त्रिपरिषद्ले पनि टिओडी मिटरको तथ्यांकका आधारमा १५ दिनभित्र बक्यौता उठाउन भनेको थियो। त्यसका आधारमा प्राधिकरण सञ्चालक समितिले ०७२ साउनदेखि ०७५ सम्मको छुट महसुल रकम उठाउन निर्णय गरिसकेको छ। त्यो अन्य निकायबाट बदर नभएका कारण पुनरावलोकन अघि बढाउन नमिल्ने प्रतिवेदनमा उल्लेख छ।

६. स्वार्थ बाझिने

प्रतिवेदनमा स्वार्थ बाझिने देखिएको हुँदा पनि पुनरावलोकन गर्न नहुने उल्लेख गरिएको छ। उद्योगीहरूले दायर गरेको मुद्दामा प्राधिकरणका कर्मचारीले प्रतिवाद गर्दै वकालत गरेका थिए। समितिका सदस्यसचिव बेलप्रसाद शर्माले समेत वकालत गरेका थिए। त्यो अवस्थामा स्वार्थ बाझिने भएकाले पुनरावलोकन गर्न नहुने प्रतिवेदनमा उल्लेख छ।

७. मन्त्रालय बनाएको जाँचबुझ समितिविरुद्ध अन्तरिम आदेश

तत्कालीन ऊर्जामन्त्री खड्काले बाहिरी मान्छेलाई समावेश गरेर २ मंसिर ०८१ मा जाँचबुझ समिति बनाएका थिए। त्यसविरुद्ध गत चैत पहिलो साता सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएको छ। हाल उक्त मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ। त्यो अवस्थामा पुनरावलोकन गर्न नहुने प्रतिवेदनमा उल्लेख छ।

बुढीगण्डकी बनाउन सरकारले डेढ खर्ब ऋण दिने



नयाँ पत्रिका

राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् परियोजनामा सरकारले एक खर्ब ५० अर्ब सहुलियत ऋण दिने भएको छ। आयोजनाको लगानी ढाँचा (मोडालिटी)मा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले सहमति जनाएका छन्। जहाँ सरकारले सहुलियतपूर्ण कर्जाबापत एक खर्ब ५० अर्ब रुपैयाँ दिने उल्लेख छ।

अर्थ मन्त्रालयबाट सहमति आएसँगै सरकारबाट ऋण प्राप्ति हुने पक्का भएको छ। यद्यपि, यो मोडालिटी मन्त्रिपरिषद्बाट स्वीकृति हुने चरणमा छ। परियोजनामा सरकारको कुल लगानी दुई खर्ब ४८ अर्ब हुनेछ। त्यसमा एक खर्ब ५० अर्ब ऋण हुनेछ, जुन पेट्रोलियम पदार्थमा उठाइने पूर्वाधार करबाट व्यवस्थापन गरिनेछ। सरकारले बुढीगण्डकी परियोजनालाई नै लक्षित गरेर ०७३ देखि पेट्रोलियम पदार्थमा १० प्रतिशत पूर्वाधार कर उठाउँदै आएको छ। अब त्यसरी उठ्ने राजस्वबाट ५० प्रतिशत रकम सहुलियत ऋण (१ प्रतिशत ब्याजदर)का रूपमा सिधै परियोजनाको खातामा आउने गरी व्यवस्था मिलाइने भएको हो।

बाँकी ९७ अर्ब ४७ करोड भने सरकारले पुँजीका रूपमा लगानी गर्नेछ। सरकारबाट हालसम्म आयोजनामा खर्च गरेको झन्डै ५० अर्ब रुपैयाँ सेयरमा रूपान्तरण हुनेछ।

परियोजनाको लागत अनुमान दुई अर्ब ७७ करोड अमेरिकी डलर (करिब तीन खर्ब ७४ अर्ब रुपैयाँ) रहेको छ। यस आयोजनाका लागि ७० प्रतिशत कर्जा र ३० प्रतिशत स्वपुँजी (इक्विटी)बाट जुटाउने गरी लगानी मोडालिटी तयार गरिएको छ। योसँगै वर्षौंदेखि अन्योल, बहस र प्रतीक्षामा सीमित रहेको बुढीगण्डकी अब निर्माणतर्फ अघि बढ्ने मोडमा आइपुगेको बताइएको छ।

आयोजनाको विस्तृत परियोजना प्रतिवेदन र टेन्डर कागजात तयारी अवस्थामा रहेका छन्। लगानी जुटेको अवस्थामा परियोजनाको निर्माण तत्काल अघि बढ्न सक्नेछ। आयोजनाको सबैभन्दा जटिल मानिएको जग्गा प्राप्तिको प्रगति करिब ९० प्रतिशत भइसकेको छ। जग्गाको मुआब्जा, संरचना, बोटबिरुवा तथा फलफूको क्षतिपूर्तिबापत जग्गाधनीलाई ४२ अर्ब ६५ रुपैयाँ वितरण गरिएको छ। आयोजनाबाट भौतिक तथा आर्थिक रूपमा गोरखा र धादिङका आठ हजार एक सय १७ घरपरिवार प्रभावित हुनेछन्। यसमध्ये तीन हजार पाँच सय ६० घरपरिवार पूर्ण रूपमा विस्थापित हुनेछन्। काठमाडौं, चितवन, पोखराजस्ता विद्युत् भार (लोड) सेन्टरबाट नजिक रहेका कारण पनि बुढीगण्डकी ऊर्जा सुरक्षाका दृष्टिकोणबाट रणनीतिक महत्त्वको रहेको छ। गोरखा र धादिङ जिल्लाको सीमा भएर बग्ने बुढीगण्डकी नदी थुन्नका लागि दुई सय ६३ मिटर अग्लो कर्भेचरयुक्त आर्च बाँध बनाइनेछ। जसबाट धादिङका साबिका १४ गाविस (हाल ४ गाउँपालिका) र गोरखाका १३ गाविस (हाल ४ गाउँपालिका तथा १ नगरपालिका) प्रभावित हुनेछन्।

बाँध बाँधेपछि थुनिएको पानीको जलाशय माथिल्लो तटीय क्षेत्रमा ६३ वर्गकिलोमिटर फैलनेछ। बुढीगण्डकीमा बन्ने ६३ वर्ग किलोमिटरका कारण रोजगारी, व्यवसाय, पर्यटन हब, माछापालनलगायतका लाभ लिन सकिने अवस्था छ। आयोजनाको अधिकतम जलसतह पाँच सय ४० मिटरसम्म रहनेछ। आयोजनाबाट वार्षिक रूपमा तीन अर्ब ३८ करोड ३० लाख युनिट विद्युत् उत्पादन हुनेछ।

यो परियोजना ५० वर्षअघि पहिचान भएको हो। तर, नीतिगत अस्थिरताका कारण यो परियोजना अझै बन्न सकेको छैन। सन् १९७३/७४ मा पहिचान भएको यो आयोजनाको पूर्वसम्भाव्यता अध्ययन सन् १९८३/८४ मा भएको थियो। पहिला यो ६ सय मेगावाट क्षमतामा बनाउने भनिएको थियो। पछि नेपाल विद्युत् प्राधिकरणले सन् २०१०/११ मा थप अध्ययन गरेर पुरानो प्रतिवेदनलाई अद्यावधिक गरेको थियो। आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन तथा बोलपत्र दस्ताबेज तयारीका लागि डिसेम्बर २०१२ मा फ्रान्सको ट्र्याक्टेबल इन्जिनियरिङसँग प्राधिकरणले ठेक्का सम्झौता गरेको थियो।



Bagmati Municipality
Office of the Municipal Executive
Madhesh Province, Sarlahi

Invitation for Bids

Date of publication: 2026/01/18

Bagmati Municipality invites electronic bids from eligible bidders for the Construction of Sakhuwani Agriculture Market Infrastructure of Bagmati Municipality under National Competitive Bidding-Single Stage Two Envelope Bidding procedures.

Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs. 10,34,96,000.00**
- Minimum Work experience of similar size and nature: **Minimum One Project of RCC frame structure building with value of Minimum NRs. 8,27,97,000.00**

IFB No.	Project Name	Fee for Bidding Document (NRs.)	Bid Security Amount (NRs.)	Last Date and Time of Bid Submission
NCB/WORKS/ BM/2082/083/04	Construction of Sakhuwani Agriculture Market Infrastructure of Bagmati Municipality	10,000.00	36,57,000.00	2026/02/17 12:00

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office of the Municipal Executive, Bagmati Municipality, Karmaiya, Sarlahi or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर(नाढीमन ताल), सर्लाही, मधेस प्रदेश, नेपाल

औषधीहरू र सर्जिकल आपूर्ति सम्बन्धि सिलवन्दी दरभाऊ पत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/१०/०४ गते)

१) यस गाउँपालिकालाई आवश्यक पर्ने औषधीहरू आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरूको अधिनमा रही रितपूर्वको छुट्टाछुट्टै दरभाउपत्र पेश गर्नुहुन वा सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधि उपस्थित भई नवीकरण गरेको व्यवसाय दर्ता प्रमाणपत्र, इजाजत प्राप्त, अध्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाण पत्र नियमानुसार तपसिलमा उल्लेखित दरभाउपत्र दस्तुर (पछी फिर्ता नहुन्न) निवेदन साथ पेश गरेपछि दर भाउ पत्र फारम यस कार्यालयबाट उपलब्ध गराइनेछ।

३) खरिद गरिएको दर भाउ पत्र फारमहरूको महलहरू स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरि प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औ दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर भाउपत्र दर्ता गराउन सकिनेछ।

४) दर भाउपत्र फारम साथ जमानत वापतको रकम यस गाउँपालिकाको नाममा चन्द्रनगर गाउँपालिका स्थित नबिल बैंक लि. चन्द्रनगरमा रहेको धरौटी खाता न. २२८०१०१७५०००१६ मा दाखिला गरेको सकल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंक बाट जारी भएको बिडवण्ड संलगन गर्नुपर्नेछ यसरी पेश गर्ने जमानत वापतको रकम र रसिद वा बिडवण्ड यो सूचना प्रकाशित भएको मितिपछिको लाइ मान्यता दिइनेछ।

५) दर्ता हुन आएका दरभाउ पत्र फारमहरू यस कार्यालयमा दरभाउ पत्र दाताहरूको रोहवरमा १६औं दिनको ०२:०० बजे खोलिनेछ। तर नीजहरूको अनुपस्थितिमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन। फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदापछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

६) प्राप्त दरभाउ पत्र स्वीकृति गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित न पुगेका र म्याद नाघीआएका दरभाउ पत्र उपर कुनै कारवाही गरिनेछैन। दरभाउ पत्रमा प्रत्येक आइटेम दररेट भ्याट वाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ।

७) दरभाउ पत्र सम्बन्धि अन्य शर्तहरू दरभाउ पत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ।

८) दरभाउपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टास गरिनेछ।

९) अन्य कार्यविधिहरू सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित), सार्वजनिक खरिद नियमवाली, २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ।

१०) दरभाउ पत्र सम्बन्धि थप जानकारीका लागि गाउँपालिका कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

तपसिल

ठेक्का नं.	कामको विवरण	लागत अनुमान	बोलपत्र दस्तुर	धरौटी वापतको रकम	कैफियत
CRM/SQ/ 01H/2082/83	निशुल्क स्वास्थ्य सेवाका लागि औषधी तथा सर्जिकल सामाग्री खरिद	रु.२ ६,४६,३९७।	रु. १,०००।	रु. १,००,०००।	

प्रमुख प्रशासकीय अधिकृत

एनआरएनएको अधिवेशन एक महिना पर सर्‍यो

काठमाडौं/ गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औं महाधिवेशन एक महिना पर धकेलिएको छ। यसअघि २३ देखि २५ फेब्रुअरीसम्मका लागि तय भएको महाधिवेशन १४ देखि १६ मार्चसम्म गरिने भएको हो। महाधिवेशन काठमाडौंस्थित सोल्टी होटेलमा गरिने तय भएको छ।

एनआरएनएको बृहत् एकतापश्चात् गठित स्टेरिङ कमिटीको शुक्रबार बसेको सातौं बैठकले मिति सार्नेलगायतका निर्णय गरेको हो। त्यस्तै, नयाँ सदस्यता आवेदन अवधि विस्तार, सदस्यता मर्ज तथा भेरिफिकेसन सम्बन्धमा समेत थप निर्णय गरिएको छ।

काठमाडौंस्थित सोल्टी होटेलमा आगामी १४ देखि १६ मार्चसम्म एनआरएनएको १२औं महाधिवेशन गरिने

बैठकले नयाँ वा छुटेका सदस्यता आवेदनको समयावधि २५ जनवरी २०२६ सम्म विस्तार गर्ने निर्णय गरेको छ। समानान्तर रूपमा गठन भएका राष्ट्रिय समन्वय परिषद्हरूले अन्य पोर्टलमार्फत बनाएका सदस्यहरूको विवरण पनि २५ जनवरी २०२६ सम्म बुझ्फाइसक्नुपर्ने तथा त्यसपछि आएका सदस्यता मर्ज तथा नवीकरण नहुनेसमेत बैठकको निर्णय छ। उक्त सदस्यहरूको विवरण संकलन गर्ने समन्वय महासचिव बिआर लामा तथा अध्यक्ष महेशकुमार श्रेष्ठलाई तोकिएको छ। ३१ जनवरी २०२६ भित्र अद्यावधिक गरी अन्तिम सदस्यता विवरण सार्वजनिक गरिने भएको छ। समानान्तर एनसिसीहरूसँग स्टेरिङ कमिटीको बैठक आयोजना गरी १२औं महाधिवेशनमा सहभागिता तथा एनसिसीहरूको एकताका लागि सहज वातावरण निर्माण गर्न दुवैतर्फको कानुनी सल्लाहकारसहित परराष्ट्र मन्त्रालयसँग थप परामर्श गरी अगाडि बढ्नेसमेत बैठकको निर्णय छ।

आन्दोलित जुम्लाका किसानले पाउने भए स्याउ बिमा रकम

प्रतिबिरुवा तीन सय ५० देखि चार सय रुपैयाँसम्म बिमा रकम पाउने

जुम्लामा **मानदत्त रावल**

लामो समयसम्म आन्दोलित किसानले स्याउ बिमा रकम प्राप्त गर्ने भएका छन्। जुम्लाको तातोपानी, पातारासी र कनकासुन्दरी गाउँपालिकाका किसानले बिमा रकम प्राप्त गर्ने भएका हुन्। २ माघमा शिखर इन्स्योरेन्स कम्पनीले गरेको स्याउ बिमा क्षति मूल्यांकन प्रतिबिरुवा २४ रुपैयाँ मात्रै तोकिएकोमा असन्तुष्टि जनाउँदै आन्दोलनरत किसानले त्रिपक्षीय सहमतिपछि स्याउ बिमा रकम पाउने भएका हुन्।

तातोपानी गाउँपालिकाका स्याउ बिमा पीडित किसानले जिल्ला प्रशासन कार्यालय जुम्लामार्फत शिखर इन्स्योरेन्स कम्पनीको केन्द्रीय कार्यालयलाई २१ मंसिरमा ज्ञापनपत्र बुझाएका थिए। त्यसपछि प्रमुख जिल्ला अधिकारी दीपक पौडेलको पहलमा जिल्ला प्रशासन कार्यालय जुम्लामा पटक-पटक किसान, बिमा कम्पनीका प्रतिनिधि र स्थानीय जनप्रतिनिधिबिच वार्ता भए पनि सहमति हुन सकेको थिएन। स्याउ बिमा क्षति मूल्यांकन प्रतिबिरुवा २४ मात्र तोकिएको विषयमा विवाद चर्किएपछि तातोपानी गाउँपालिकाका जनप्रतिनिधि तथा पीडित किसानसहितको प्रतिनिधि टोली २४ पुसमा काठमाडौं पुगेको थियो।

२६ गतेदेखि सुरु गरिएको धर्ना कार्यक्रमपछि कृषि तथा पशुपक्षी मन्त्रालयका सचिव राजेन्द्र मिश्रको सक्रियतामा शिखर इन्स्योरेन्स, बिमा विकास बोर्ड, जल तथा मौसम विज्ञान विभाग र स्थानीय तहका प्रतिनिधिसहित चरणबद्ध वार्ता भएको थियो। २ माघमा अन्तिम चरणको वार्ता भएपछि कृषि तथा पशुपक्षी मन्त्रालयका सचिव राजेन्द्र मिश्रको रोहबरमा त्रिपक्षीय सहमति भएको छ।



इन्स्योरेन्स कम्पनीले आर्थिक वर्ष ०८०/८१ को स्याउ बिमा दाबी मूल्यांकन गर्दा प्रयोग गरिएको मौसम मापन केन्द्रको त्रुटिपूर्ण प्रतिवेदन संशोधन गरी तातोपानी, पातारासी र कनकासुन्दरी गाउँपालिकालाई मध्यम खडेरी क्षेत्रका रूपमा मूल्यांकन गर्ने सहमति भएको छ।

यसअघि सरकारी अनुदानसहित प्रतिबिरुवा दुई सय ६८ तोकिएको मूल्यांकन संशोधन गरी तातोपानी गाउँपालिकामा प्रतिबिरुवा चार सय रुपैयाँ, पातारासी र कनकासुन्दरी गाउँपालिकामा प्रतिबिरुवा तीन सय ५० कायम गर्ने सहमति भएको वडाध्यक्ष अमरबहादुर रोकायाले बताए। उनले भने, नेपाल सरकारबाट प्राप्त हुने अनुदान पछि शोधभर्ना हुने गरी शिखर इन्स्योरेन्सले जुम्ला जिल्लाका सबै किसानले पाउने अनुदानसमेतको रकम एकमुस्ट उपलब्ध गराउने सहमति भएको छ।' पुनर्मूल्यांकनपछि सहमतिपत्रमा हस्ताक्षर भएको मितिले बढीमा १५ दिनभित्र अपुग कागजात संकलन गरी किसानलाई चेकमार्फत दाबी रकम भुक्तानी गर्ने सहमति भएको गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बताए। यसअघि स्थलगत निरीक्षणमा मापदण्ड नपुगेको भन्दै अस्वीकार गरिएका बिरुवाको बिमा गर्दा कम्पनीले लिएको प्रिमियम रकम पनि किसानलाई फिर्ता गर्ने सहमति भएको छ। सहमतिपछि आर्थिक वर्ष ०८०/८१ (१ मार्चदेखि ३० अप्रिल २०२४) मा शिखर इन्स्योरेन्ससँग स्याउ बिमा गरेका तातोपानी गाउँपालिकाका करिब पाँच सय ११ जना किसानले ९७ हजार दुई सय २० बिरुवाको बिमा रकम प्राप्त गर्ने भएका छन्।

हिमाली जिल्ला जुम्लामा हिउँ नपर्दा र लामो समयसम्म पानी नपरेर खडेरी लाग्दा जुम्लाको मुख्य आयस्रोतका रूपमा उत्पादन हुने स्याउ बाली नष्ट भएको थियो। साउन-भदौमा पाक्ने स्याउको फूल बोटमै सुकेको थियो।

नेसनल लाइफको लाभांश पारित



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनीको साधारणसभाबाट लाभांश प्रस्ताव पारित गरिएको छ। कम्पनी अध्यक्ष प्रेमा सिंहको अध्यक्षतामा बुधबार सम्पन्न ३८औं वार्षिक साधारणसभाले लाभांश पारित गरेको हो।

पारित लाभांशमा चुक्ता पुँजीको ८.५ प्रतिशत नगद लाभांश (करसहित) र चार प्रतिशत बोनस सेयर पारित गरिएको हो। चार प्रतिशत बोनस सेयर थपिएसँगै कम्पनीको चुक्ता पुँजी पाँच अर्ब ४७ करोड २७ लाख ३९ हजार पुगेको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार गत आवमा कम्पीको व्यवसाय सन्तोषजनक छ। कम्पनीको कुल बिमाशुल्क १०.२६ प्रतिशतले वृद्धि भई दुई अर्ब ५९ करोड रुपैयाँ पुगेको छ। त्यस्तै, विविध दाबी भुक्तानीमा नौ अर्ब ४८ करोड खर्चिएको छ। कम्पनीका अनुसार गत आवमा कुल लगानी ११.०४ प्रतिशतले बढेको छ।


हायर बन्यो उत्कृष्ट एप्लायन्स ब्रान्ड



काठमाडौं/ विश्वप्रसिद्ध होम एप्लायन्स ब्रान्ड 'हायर' विश्वको नम्बर १ ब्रान्ड घोषित भएको छ। बजार अनुसन्धान संस्था युरोमोनिटर इन्टरनेसनलको पछिल्लो तथ्यांकअनुसार बिक्री परिमाणका आधारमा हायर होम एप्लायन्समा विश्वकै अग्रणी ब्रान्ड बन्न सफल भएको हो। बिक्रीका आधारमा रेफ्रिजेरेटरतर्फ विगत १८ वर्षदेखि हायर विश्वकै नम्बर एक ब्रान्ड बन्दै आएको छ भने वासिङ मेसिनमा १७ वर्षदेखि र वाइन कुलरतर्फ विगत १६ वर्षदेखि हायरका उत्पादन लगातार विश्वको नम्बर १ प्रोडक्टका रूपमा स्थापित छन्।


'ग्राहकको भावना बुझ्ने र उत्पादनमा नवीनता ल्याउने प्रयास हायरको यो निरन्तर सफलताको रहस्य हो,' कम्पनीको भनाइ छ। कम्पनीले हाल विश्वका दुई सयभन्दा बढी देशमा सेवा दिइरहेको छ।

कालिका लघुवित्तको १० प्रतिशत बोनस सेयर पारित



काठमाडौं/ कालिका लघुवित्तको १६औं वार्षिक साधारणसभा पोखरामा सम्पन्न भएको छ। सभाले सञ्चालक समितिले प्रस्ताव गरेको गत आर्थिक वर्षसम्मको सञ्चित मुनाफाबाट १० प्रतिशत बोनस सेयर पारित गरेको छ। साथसाथै कर प्रयोजनका लागि ०.०५२ प्रतिशत नगद लाभांश प्रस्ताव पनि पारित गरिएको छ। सोही सभाले संस्थाका अध्यक्ष चन्द्रबहादुर क्षेत्रीले गत आव ०८१/८२ को वार्षिक प्रतिवेदन स्वीकृत गरेको छ। साथै, बोनस सेयर जारीपश्चात् वित्तीय संस्थाको चुक्ता पुँजी ४४ करोड ८४ लाख हुने बताइएको छ।

मञ्जुश्रीले ल्यायो भर्चुअल क्रेडिट कार्ड



काठमाडौं/ मञ्जुश्री फाइनान्स लिमिटेडले भर्चुअल क्रेडिट कार्ड सार्वजनिक गरेको छ। फाइनान्सका अनुसार यसका ग्राहकले मञ्जुश्री स्मार्ट मोबाइल बैंकिङ एपमार्फत सजिलै कारोबार गर्न सक्नेछन्। यो भर्चुअल कार्डबाट ग्राहकले फोनपेको कुनै पनि मर्चेन्ट क्युआरमा सजिलै भुक्तानी गर्न सक्नेछन्।

आफ्नो मोबाइलमै हुने, आफूले चलाएको रकमको विवरण तुरुन्तै हेर्न मिल्ने तथा न्यूनतम १५ दिनदेखि अधिकतम ४५ दिनसम्म विनाब्याज क्रेडिट कार्ड सीमासम्मको सुविधा यसमा रहेका छन्। फाइनान्सले हालसम्म करिब २४ अर्ब निक्षेप संकलन गरेको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८२/१०/०४

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमका सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८२/१०/१८ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ।

क्र.स.	सवारीको नाम	बनेको साल	दर्ता. नं.	सवारी रहेको स्थान
१.	Datsun Redi Go	२०१६	बा १५ च ७५३८	नारायणगढ, चितवन
२.	Datsun Redi Go	२०१६	बा १७ च ३५२४	इटहरी, सुनसरी
३.	Datsun Redi Go	२०१६	बा १७ च ३५२५	गाईघाट, उदयपुर
४.	Datsun Redi Go	२०१७	बा १८ च २६२	बिर्तामोड, झापा
५.	Datsun Redi Go	२०१६	बा १६ च ३६१९	बुटवल, रुपन्देही
६.	Maruti Omni Van	२०१३	ज १ च ९४४	विद्यापतिचोक, धनुषा

शर्तहरु :

१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट निःशुल्क प्राप्त गर्न सकिनेछ।
२. बोलपत्रसाथ बोलपत्रदाताले जमानत बापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लागी बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।
६. प्रस्तावित बोलपत्र मिति २०८२/१०/१९ गते बैंकको नारायणहिटी पथ, केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ।

Citizens Bank

सामान्य सेवा विभाग
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः gsd@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

www.ctznbank.com

धितोपत्र सम्बन्धी ऐन २०६३ र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धकः नेपाल लाइफ इन्स्योरेन्स

योजना व्यवस्थापकः (निष्काशन तथा बिक्री प्रबन्धकको कार्य समेत गर्ने) नेपाल लाइफ क्यापिटल

नेपाल लाइफ म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

नेपाल लाइफ समृद्धि लगानी योजना
(NEPAL LIFE SAMRIDDHI LAGANI YOJANA)
(बन्दमुखी योजना)

इकाईको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

नेपाल लाइफ समृद्धि लगानी योजना (Nepal Life Samriddhi Lagani Yojana) को प्रति इकाई मूल्य रु.१०/– दरको १६,००,००,००० (सोह्र करोड) इकाई मध्ये बीज पूँजी वापत न्यूनतम २,४०,००,००० (दुई करोड चालीस लाख) वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई मध्ये कोष प्रवर्द्धक श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका लागि १४ प्रतिशत वा २,२४,००,००० (दुई करोड चौबीस लाख) इकाई तथा योजना व्यवस्थापक श्री नेपाल लाइफ क्यापिटल लिमिटेडका लागि १ प्रतिशत वा १६,००,००० (सोह्र लाख) इकाई सुरक्षित राखी बाँकी न्यूनतम १३,६०,००,००० (तेह्र करोड साठी लाख) इकाई **आज मिति २०८२/१०/०४ गते आइतबार**देखि सर्वसाधारण तथा संघसंस्थाहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

दरखास्त दिनुपर्ने न्यूनतम इकाई संख्याः १०० (एक सय)
दरखास्त दिन पाउने अधिकतम इकाई संख्याः १,६०,००,००० (एक करोड साठी लाख)
दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१०/– प्रति इकाईका दरले

(क) विवरण पुस्तिका प्राप्त गर्ने स्थानः

सि.नं.	कम्पनीको नाम तथा ठेगाना
१	नेपाल लाइफ क्यापिटल लिमिटेड, सिटी सेन्टर, कमलपोखरी, काठमाडौं।
२	नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं।

साथै यस निष्काशनको स्वीकृत विवरण पुस्तिका नेपाल लाइफ क्यापिटल लिमिटेडको वेबसाईट www.nepallifecapital.com.np, कोष प्रवर्द्धकको वेबसाईट www.nepallife.com.np वा नेपाल धितोपत्र बोर्डको वेबसाईट www.sebon.gov.np तथा सिडिएस एण्ड क्लियरिङ्गको वेबसाइटः www.meroshare.cdsc.com.np बाट समेत हेर्न सक्नु हुनेछ।

(ख) दरखास्त बुझ्काउने स्थानहरुः

सि.नं.	कम्पनीको नाम तथा ठेगाना
१	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

निष्काशन बन्द हुने मिति (छिटोमा)	२०८२/१०/०८ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	२०८२/१०/१८ गते (बैंकिङ्ग समय पश्चात्)

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२/०५/२३ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा नेपाल लाइफ क्यापिटल लिमिटेडको वेवसाइटः www.nepallifecapital.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।

योजना व्यवस्थापक/ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

नेपाल लाइफ क्यापिटल

नेपाल लाइफ क्यापिटल लिमिटेड
रजिष्टर्ड कार्यालयः सिटी सेन्टर, कमलपोखरी, काठमाडौं
फोन : ०१-४५३०७४६, ४५१५८५६
इमेलः info@nepallifecapital.com.np
वेबसाइटः www.nepallifecapital.com.np

नेपाल सरकार
सहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
नयाँशहर आयोजना कार्यालय,चौरजहारी, रूकुम (पश्चिम भाग)

बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत र आर्थिक प्रस्ताव खोल्ने सुचना

प्रकाशित मितिःश्०८श्/१०/०८

यस कार्यालयवाट मिति २०८२/०४/३० गते मध्यान राष्ट्रिय दैनिक पत्रिका र २०८२/०५/०६ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिका र www.bolpatra.gov.np/egp मार्फत E-bidding प्रकाशित भएको तपशिलको कार्यको लागी निर्धारित मिति भित्र विधुतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रहरू खोली प्राविधिक प्रस्तावहरू मुल्याङकन गर्दा तपशिल अनुसारका बोलपत्रदाताहरूको प्राविधिक प्रस्तावहरू सारभुत रूपमा प्रभावग्राही भई योग्यताका सबै आधारमा सफल भएकोले सार्वजनीक खरिद नियमावली २०६४ को नियम ३१ज (४) र (५) बमोजिम आर्थिक प्रस्ताव मिति २०८२/१०/११ गते दिनको २:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र. स.	ठेक्का न.	निर्माण कार्यको विवरण	सारभुतरू पमा प्रभावग्राही तथा योग्यताको आधारमा सफल बोलपत्रदाताहरूको नाम र ठेगाना
१.	NTPO/Chaurjahari/ Works/NCB-01-082/83	Construction of Structure, Road Upgradation & Drain works inside the Gharigaun Land pooling area at Chaurjahari Municipality ward no.1	१. श्री त्रिशक्ति/एस्कोट/बोहोरा जे.भि,बिरेन्द्रनगर-०६ ,सुर्खेत २. श्री थापा ईन्जिनियरिङ कन्ट्रक्सन, रूपनदेहि-०४, बुटवल ३. श्री भुबनेश्वरी/महादेब जे.भि, बुढानिलकन्ठ-१०, काठमाण्डौ
२.	NTPO/Chaurjahari/ Works/NCB-02-082/83	Construction of infrastructure like as (a.) Chaurjahari Municipality ward-3, Bhanaure Landfill site & jaharikhola road upgrading works Third Phase (b.) Agriculture Product Collection Centre Building finishing,Truss & land Development works at chaurjahari municipality ward-2,3	१. श्री भुबनेश्वरी/महादेब जे.भि, बुढानिलकन्ठ-१०, काठमाण्डौ २. श्री एम.वि कन्ट्रक्सन, चौरजहारर रूकुम पश्चिम

आयोजना प्रमुख

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८२/१०/०४)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४९२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइटः www.nimb.com.np

यस बैंक(साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८२/१०/१८

तपशिल

बोलपत्र खोलिने मिति
२०८२/१०/१९ दिउँसो ३ बजे

क्र.सं	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१	**ऋणी : भैरहवा सञ्चार गृह प्रा.लि. (विविध कर्जा)-शाखा कार्यालय भैरहवा** दर्ता.नं : १५५०६८/०७३/०७४, ठेगाना : सिद्धार्थनगर ८, रुपन्देही **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. पुष्पा पौडेल-जमानीकर्ता** (ना.प्र.नं.१६२०१, मिति २०६१/०४/२४ मा जि.प्र.का.रुपन्देहीबाट जारी भएको), बाबु : जिव नाथ पौडेल, पति : हेम बहादुर पछाई, ससुरा : रुद्र बहादुर पछाई **२. पुस्पा खनाल- शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.११३१६/२८४०, मिति २०५०/११/०५ मा जि.प्र.का.अर्घाखाँचीबाट जारी भएको), बाबु : दुर्गा प्रसाद खनाल, बाजे : हरि प्रसाद खनाल **३. हेम बहादुर पछाई-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.३७-०१-७३-०५०४८, मिति २०७३/०५/१२ मा जि.प्र.का.रुपन्देहीबाट जारी भएको) बाबु : रुद्र बहादुर पछाई, बाजे : भिम बहादुर पछाई	पुष्पा पौडेलको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पडसरी गा.वि.स./न.पा. वडा नं. ६(क) स्थित कि.नं. ४३१(०-१०-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय भैरहवा, रुपन्देही/सम्बन्धीत मालपोत नजिकको शाखा
२	**ऋणी : संगीता पौडेल (लघु आवधिक कर्जा)- शाखा कार्यालय बर्दघाट** (ना.प्र.नं. ३६३०३५/१४५०, मिति २०६३/१०/१३ मा जि.प्र.का.नवलपरासीबाट जारी भएको) ठेगाना : बर्दघाट ११, नवलपरासी, पति : ओम प्रकाश काफ्ले, ससुरा : ठानेश्वर काफ्ले **व्यक्तिगत जमानीकर्ता :** **ओम प्रकाश काफ्ले- जमानीकर्ता** (ना.प्र.नं. ७४४५३, मिति २०६१/०५/०८ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको), बाबु : ठानेश्वर काफ्ले, बाजे : कमलापति काफ्ले	संगीत पौडेलको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तिलकपुर गा.वि.स./न.पा. वडा नं. ३(ङ) स्थित कि.नं. ७१४(०-०-९-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बर्दघाट, नवलपरासी/सम्बन्धीत मालपोत नजिकको शाखा
३	**ऋणी : ह्याप्पील्याण्ड अर्गानिक फार्म एण्ड रिसोर्ट प्रा.लि. (विविध कर्जा)-शाखा कार्यालय जावलाखेल,** दर्ता नं. : २५७४३०/०७७/०७८, ठेगाना : तारकेश्वर न.पा. ३, काठमाडौं **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सजिता पोखरेल-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.१६०३३४३८१, मिति २०६२/१०/०९ मा जि.प्र.का.पर्साबाट जारी भएको), बाबु : हरि प्रसाद पोखरेल, बाजे : लोकनाथ पोखरेल **२. स्वयंभु प्रसाद वाग्ले-जमानीकर्ता** (ना.प्र.नं.३५१७३७१३, मिति २०५१/०२/०३ मा जि.प्र.का.सर्लाहीबाट जारी भएको), बाबु : देवी प्रसाद वाग्ले, बाजे : मनि प्रसाद वाग्ले	ह्याप्पील्याण्ड अर्गानिक फार्म एण्ड रिसोर्ट प्रा.लि.को नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, जितपुर गा.वि.स./न.पा. वडा नं. ५(घ) स्थित कि.नं. ११९(३-१०-२-३ रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय जावलाखेल, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा
४.	**ऋणी : श्रीराम के.सी./बालकुमारी के.सी.(धितो कर्जा)-शाखा कार्यालय बिरौटा** ठेगाना : पोखरा ७, कास्की हाल पोखरा १७, कास्की **क) श्रीराम के.सी.** (ना.प्र.नं.१५६१९३, मिति २०६१/१२/२९ मा जि.प्र.का.कास्कीबाट जारी भएको) बाबु : खिम बहादुर के.सी., बाजे : पुर्ण बहादुर के.सी. **ख) बाल कुमारी के.सी.** (ना.प्र.नं.४६१००१/९५५८, मिति २०६६/०५/१० मा जि.प्र.का.कास्कीबाट जारी भएको), पति : खिम बहादुर के.सी., ससुरा : पुर्ण बहादुर के.सी. **व्यक्तिगत जमानीकर्ता :** **पार्वती कार्की-जमानीकर्ता** (ना.प्र.नं.४३३०३९/९८७, मिति २०६३/१०/१७ मा जि.प्र.का.तनहुँबाट जारी भएको), पति : श्रीराम के.सी., ससुरा : खिम बहादुर के.सी.	बाल कुमारी के.सी.को नाममा कास्की जिल्ला मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा./न.पा. वडा नं. १७ स्थित कि.नं. ३१ (१४५.१० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बिरौटा, पोखरा/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सांविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/- तिरी लिन सकिनेछ।

ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

का.नि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
आइतबार ४ माघ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ टी-२० महिला विश्वकप ग्लोबल छनोट आजबाट

नेपाल पहिलोपटक थाइल्यान्डलाई हराउने योजनामा



आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटमा सहभागी टोलीका कप्तान ट्रफीका साथ।

रमेश सुवेदी/नयाँ पत्रिका

आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोट आजबाट नेपालमा सुरु हुँदै छ। पहिलोपटक नेपालले आयोजना गर्न लागेको सबैभन्दा ठुलो प्रतियोगिताको उद्घाटन खेलमै नेपालले बलियो थाइल्यान्डको सामना गर्दै छ। खेल कीर्तिपुरको त्रिवि मैदानमा बिहान ९ बजे सुरु हुनेछ। हालसम्म यी दुइबिच सात खेल हुँदा सबै खेल थाइल्यान्डले जितेको छ।

> प्रतियोगितामा नेपालसहित १० टिम सहभागी छन्। यसबाट छनोट भएका चार टिमले पाँच महिनापछि इंग्ल्यान्ड र वेल्समा हुने टी-२० महिला विश्वकप खेल्नेछन्।

प्रतियोगितामा नेपालसहित १० टिम सहभागी भएका छन्। यसबाट छनोट भएका चार टिम पाँच महिनापछि इंग्ल्यान्ड र वेल्समा हुने टी-२० महिला विश्वकप खेल्नेछन्। विश्वकपमा कुल १२ टिम हुनेछन्। समूह 'बी'मा नेपाल र थाइल्यान्डसहित नेदरल्यान्ड्स, स्कटल्यान्ड, र जिम्बावे छन्। समूह 'ए'मा बंगलादेश, आयरल्यान्ड, नामिबिया, पपुवा न्युगिनी (पिएनजी) र अमेरिका छन्। छनोट खेल त्रिवि मैदान र माथिल्लो मूलपानी मैदानमा हुनेछन्।

नेपालमा आयोजना हुनलागेको यो नै आइसिसीको सबैभन्दा ठुलो क्रिकेट प्रतियोगिता हो। यसअघि नेपालले पुरुषतर्फ टी-२० विश्वकपको एसिया छनोट आयोजना गरेको थियो। तर, कुनै पनि विश्वकपका लागि नेपालमा ग्लोबल क्वालिफायर हुन लागेको यो नै पहिलोपटक हो।

यता, प्रतियोगिता घरमै हुन लागेपछि नेपालका लागि निकै संघर्ष गर्नुपर्ने देखिन्छ। विश्वकपमा स्थान बनाउने योजनासहित नेपाल क्रिकेट संघ (क्यान)ले भारतका हर्षल जयन्त पाठकलाई प्रशिक्षक नियुक्त गरेको थियो। उनले पनि नेपाललाई विश्वकपमा पुग्न कठिन भएको बताउँदै कोसिस गर्ने बताएका छन्। इन्दु बर्माको कप्तानीमा रहेको नेपाल प्रतियोगिताअघि भएको वार्मअप खेलमा स्कटल्यान्ड र अमेरिकासँग नै पराजित भएको थियो।

नेपालविरुद्ध थाइल्यान्ड अपराजित

नेपालले हालसम्म्म थाइल्यान्डलाई हराउन सकेको छैन। महिला टी-२० अन्तर्राष्ट्रियमा हालसम्म यी दुईबिच सात खेल हुँदा सबै खेल थाइल्यान्डले जितेको छ। नेपालका लागि नेदरल्यान्ड्स, स्कटल्यान्ड र जिम्बावे नयाँ प्रतिद्वन्द्वी हुन्। थाइल्यान्ड विश्वकप एसिया छनोटको च्याम्पियनका रूपमा ग्लोबल क्वालिफायरमा स्थान पक्का गरेको हो। थाइल्यान्डले हालसम्म पाँचपटक ग्लोबल क्वालिफायर खेल्दा एकपटक विश्वकपमा स्थान बनाएको छ। थाइल्यान्डले सन् २०२० को आइसिसी टी-२० महिला विश्वकप खेलेको थियो।

चार टिम विश्वकपमा पुग्ने

आइतबारबाट सुरु हुने छनोटबाट १० मध्ये चार टोली विश्वकपमा स्थान बनाउनेछन्। समूह चरणमा एक-अर्कासँग प्रतिस्पर्धा गरेपछि समूहका शीर्ष तीन टोली सुपरसिक्समा पुग्नेछन्। सुपरसिक्समा हरेक टिमले अर्को समूहबाट आएका टोलीसँग प्रतिस्पर्धा गर्नेछन्। जसबाट चार टोलीले सेमिफाइनलमा स्थान बनाउनेछ। सेमिफाइनल पुग्ने चार टोलीले नै आइसिसी महिला टी-२० विश्वकपको यात्रा तय गर्नेछन्।

सन् २००९ देखि महिला विश्वकप

सन् २००९ देखि आइसिसी टी-२० विश्वकप सुरुवात भएको हो। आइसिसीले ग्लोबल क्वालिफायर भने २०१३ देखि मात्र आयोजना गर्न थालेको हो। जुन २०१४ को चौथो संस्करणको टी-२० महिला विश्वकपका लागि थियो। त्यसयता निरन्तर ग्लोबल छनोट आयोजना भइरहेको छ।

नेपाली टिम

इन्दु बर्मा (कप्तान) पूजा महतो (उपकप्तान), रुबिना क्षेत्री, सीता रानामगर, विन्दु रावल, सम्झना खड्का, काजल श्रेष्ठ, कविता जोशी, कविता कुँवर, रचना चौधरी, रिया शर्मा, रोमा थापा, सोमु विष्ट, राजमती ऐरी र मनीषा उपाध्याय।

■ विश्वकप खेल्ने नेपाली टिमको बिदाइ



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

क्यानले शनिबार नै आइसिसी टी-२० विश्वकप खेल्न जाने नेपाली टिमको बिदाइ गरेको छ। भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्न लागेको दशौँ विश्वकप यही फेब्रुअरी ७ देखि ८ मार्चसम्म हुनेछ। समूह 'सी'मा रहेको नेपालले दुईपटकको पूर्वविजेताद्वय इंग्ल्यान्ड र वेस्ट इन्डिजसँगै पहिलो सहभागिता जनाउन लागेको इटाली र बंगलादेशसँग पहिलो चरणका खेल खेल्नेछ। प्रशिक्षक स्टुआर्ट लले नेपाली टोलीमा कप्तान रोहित पौडेल, उपकप्तान उपकप्तान दीपेन्द्र सिंह ऐरीसहित सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ सेख, सन्दीप जोरा, आरिफ सेख, बसिर अहमद, सोमपाल कामी, करण केसी, नन्दन यादव, गुल्सन झा, ललित राजवंशी, शेर मल्ल र लोकेश बम समावेश छन्। नेपाली टिमले विश्वकपअघि श्रीलंकामा अभ्यास खेल खेल्नेछ।

अदालतको आदेशविपरीत एन्फाले सक्यो मनोनयन दर्ता

उच्च अदालत पाटनले तत्काल निर्वाचन प्रक्रिया अघि नबढाउन आदेश दिएको छ, तर एन्फाले प्रक्रिया बढायो



नयाँ पत्रिका

उच्च अदालत पाटनको आदेश र राष्ट्रिय खेलकुद परिषद् (राखेप)को निर्देशनलाई अटेरी गर्दै अखिल नेपाल फुटबल संघ (एन्फा)ले निर्वाचनको प्रक्रिया अगाडि बढाएको छ। एन्फाले २८ माघ निर्वाचनको तालिकाअनुसार नै शनिबार मनोनयनपत्र दर्ता सक्काएको छ। अध्यक्ष पंकजविक्रम नेम्वाङले जिल्ला र प्रदेशको चुनावविना 'अर्ली इलेक्सन' गर्ने निर्णय गरेपछि एन्फाकै पदाधिकारीले राखेपमा उजुरी गरेका थिए। यसपछि राखेपले ११ बुँदा संशोधन गरेर मात्रै निर्वाचन गर्न एन्फालाई निर्देशन दिएको थियो। नेम्वाङको चारवर्षे कार्यकाल ५ असारमा पूरा हुँदै छ।

यता, गोरखा जिल्ला फुटबल संघका पदाधिकारी अमित खत्रीले चुनावमा सहभागी हुन पाउने आफ्नो अधिकार हनन भएको भन्दै उच्च अदालत पाटनमा मुद्दा दर्ता गराएका थिए। यसपछि उच्च अदालतले तत्कालन निर्वाचनको प्रक्रिया नबढाउन आदेश दिँदै दुवै पक्षलाई ६ माघलाई छलफलमा बोलाएको छ।

एन्फा संस्थापन पक्षले निर्वाचन गर्न फिफा र एएफसीको स्वीकृति भएको ठहर गर्दै प्रक्रिया अगाडि बढाएको थियो। अध्यक्ष नेम्वाङले दोस्रो कार्यकाल दोहोरिने योजनासहित वर्तमान कार्यसमितिमा आफ्नो पक्षमा देखिएका पदाधिकारीलाई नै उम्मेदवारी दिन लगाएका छन्। नेम्वाङ नेपाल ओलम्पिक कमिटीभर्ँ जसरी पनि चुनाव गराएरै छाड्ने देखिएपछि संस्थापन इतरपक्षका उपाध्यक्ष दीर्घबहादुर केसी (कुमार)ले पनि शनिबार अध्यक्षमा उम्मेदवारी दिएका छन्।

अध्यक्षमा उम्मेदवारी दिएको दीर्घकुमार केसी भन्छन्, 'संस्थापन पक्षले जसरी हुन्छ चुनाव गर्ने निर्णय गरेपछि अदालत र राखेपको निर्देशनबिच पनि बाध्य भएर उम्मेदवारी दिएको छु।'

यता, यसअघि नै अध्यक्षको घोषणा गरेर पनि वर्तमान उपाध्यक्ष विराटजंग शाहीले मनोनयन दर्ता गरेनन्।



अध्यक्षमा उम्मेदवारी दिएका दीर्घकुमार केसी भन्छन्– संस्थापन पक्षले जसरी हुन्छ चुनाव गर्ने निर्णय गरेपछि अदालत र राखेपको निर्देशनबिच पनि बाध्य भएर उम्मेदवारी दिएँ



अध्यक्षको घोषणा गरेर पनि मनोनयनपत्र दर्ता नगरेका उपाध्यक्ष विराटजंग शाही भन्छन्– यसअघि नै अध्यक्षमा उम्मेदवारी घोषणा गरे पनि राखेपको निर्देशन र अदालतको आदेशलाई अपहेलना गर्न सकिनँ



एन्फा प्रवक्ता सुरेश शाह भन्छन्– 'अदालतको सम्मान गर्छौं, तर हामीले यसअघि नै चुनावको मिति तोकिसकेका छौं

उनले अदालत र सरकारले निर्देशनको अपहेलना नगर्ने बताएका छन्। 'यसअघि नै अध्यक्षमा उम्मेदवारी दिएको हो। तर, अदालत र सरकारको निर्देशन मानेर उम्मेदवारी नदिएको छ।' एन्फा प्रवक्ता सुरेश शाहले नियमित प्रक्रियाअनुसार नै निर्वाचन हुने जानकारी गराए।

दुई समूह भिड्ने पक्का

झापामा तय भएको निर्वाचनमा दुई समूह प्रतिस्पर्धा गर्ने भएका छन्। राखेप र उच्च अदालतले निर्वाचनको सबै प्रक्रिया रोक्न निर्देशन दिए पनि अध्यक्षमा नेम्वाङ र केसी भिड्ने पक्का भएको छ।

यस्तै वरिष्ठ उपाध्यक्षमा नेम्वाङको पक्षबाट दीपक खतिवडा र दावा लामा तथा केसीको पक्षबाट सुन्दरनरसिंह जोशी उभिएका छन्। उपाध्यक्षमा नेम्वाङको पक्षबाट अनिल मल्ल, मनीष जोशी, विजय घले, विकास श्रेष्ठलगायत छन्। यता केसी पक्षबाट उपाध्यक्षमा उत्तमराज भण्डारी, अनिल श्रेष्ठ र पेमा डोल्मा लामाले उम्मेदवारी दिँदै छन्। निर्वाचन समितिले उम्मेदवारको नामावली ७ माघमा प्रकाशन गर्ने बताएको छ।

ढल्को टिम च्याम्पियन

काठमाडौं/ ढल्को तेक्वान्दो डोजाङ वडा अध्यक्ष तेक्वान्दो प्रतियोगितामा शनिबार टिम च्याम्पियन बने छ। तीन स्वर्ण, दुई रजत र दुई कांस्य पदकसहित ढल्को टिम च्याम्पियन बनेको हो। काठमाडौं महानगरपालिका वडा नम्बर ८ को सहयोग तथा श्री पिङ्ला तेक्वान्दो डोजाङको आयोजनामा भएको प्रतियोगितामा तीन स्वर्णसाथ लायन मार्सल आर्ट दोस्रो भयो। तेस्रो स्थानको दीलिप स्मृति तेक्वान्दो डोजाङले १ स्वर्ण, ३ रजत र ३ कांस्य जित्यो। विजेतालाई नेपाली कांग्रेस क्षेत्र नं. ४ का अध्यक्ष श्यामकृष्ण संगत, वडा ८ का अध्यक्ष आशामान संगत, वडासदस्य सरस्वती राजभण्डारी र शेखर देउलालगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। त्यसअघि एकदिने प्रतियोगिताको काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोलले उद्घाटन गरेकी थिइन्।

डिएन्डडी एमेच्योर गल्फ च्याम्पियनसिप आइतबार

काठमाडौं/ डिएन्डडी एमेच्योर गल्फ च्याम्पियनसिप आइतबारदेखि धरान गल्फ क्लबमा सुरु हुँदै छ। ब्रिटिस सेनामा कार्यरत धरानका गल्फर देवकुमार राई र दीपेन्द्र राईको प्रायोजनमा दुईदिने च्याम्पियनसिप हुन लागेको हो। नेपाली गल्फ इतिहासमा यो च्याम्पियनसिपले विशेष महत्त्व राख्नेछ। एमेच्योर गल्फको प्रवर्द्धन तथा उदीयमान गल्फरहरूलाई आर्थिक सहयोग गर्ने उद्देश्यका साथ आयोजना गरिएको यस च्याम्पियनसिपमा नौ वा सोभन्दा कम ह्यान्डिक्याप भएका एमेच्योर गल्फरहरूले सहभागिता जनाउन पाउने नियम रहेको छ। ३६ होलको कुल ३८ खेलाडीको हुनेछ। स्ट्रोक प्ले फर्म्याटमा प्रतियोगिता सञ्चालन हुनेछ। पहिलो पटक नगद पुरुस्कारको थालनीसहितको डिएन्डडी एमेच्योर गल्फ च्याम्पियनसिपले उत्कृष्ट एमेच्योर गल्फरहरूलाई आकर्षित गर्ने अपेक्षा गरिएको छ र नेपालमा एमेच्योर गल्फ संरचना सुदृढ गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ।



■ भारतसँग नेपाल ८-१ ले पराजित



काठमाडौं / नेपाली राष्ट्रिय महिला फुटसल टिमले साफ फुटसल च्याम्पियनसिपमा भारतसँग ८-१ को हार व्यहोरेको छ। शनिबार थाइल्यान्डको बैंककमा भएको खेलमा भारतलाई जित दिलाउन दिती कनुन्गो एक्लैले चार गोल गरिन्। रीतिका सिंहले दुई गोल गर्दा निस्का प्रकाश र खुस्बु सरोजले समान एक गोल गरेका हुन्। नेपालका लागि मनीषा थापामगरले एक गोल फर्काइन्। नेपाल अन्तर्राष्ट्रिय महिला फुटसलमा ऐतिहासिक पहिलो जित निकालेको अर्को दिन नै खराब नतिजा निकाल्न पुगेको हो। नेपालले पहिलो खेलमा श्रीलंकासँग दुई-दुईको बराबरी खेलेको थियो। दोस्रो खेलमा भने नेपालले माल्दिभ्सलाई ५-० ले हराएको थियो।

खेल संक्षेप

राष्ट्रिय फुल कन्ट्याक्ट कराँते हुने

काठमाडौं/ नेपाल क्योकुसिन कराँते डो संघ बज्रको आयोजनामा २४औँ राष्ट्रिय पुरुष खुला तथा १८औँ राष्ट्रिय महिला तौलसमूह फुल कन्ट्याक्ट कराँते प्रतियोगिता तथा बज्र फाइट आइतबारदेखि हुने भएको छ। पुरुषमा खुला तौलसमूह तथा महिलामा ६० केजीमुनि र ६० केजीमाथि तौलसमूहमा प्रतिस्पर्धा हुने आयोजक संघका अध्यक्ष जगतप्रसाद गौचनले जनाएका छन्। हरेक स्पर्धामा शीर्ष चार स्थानमा रहने क्रमशः १० हजार, पाँच हजार, दुई हजार पाँच सय र एक हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। बज्र फाइटमा पाँच तौलसमूहमा भिडन्त हुनेछ। पुरुषमा तीन र महिलामा दुई स्पर्धामा खेल हुनेछ। पाँचै स्पर्धामा नगद पुरस्कार रहेको छ। प्रतियोगितामा सातै प्रदेश, नेपाल आर्मी र एपिएफबाट करिब एक सय खेलाडी सहभागी हुने आयोजकले जनाएको छ। दुईदिने प्रतियोगिताका खेलहरू त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा खेलाइनेछ।

भलिबलको उपाधि आयोजकलाई

कास्की/ मनोहर कप क्लब स्तरीय खुला पुरुष भलिबल प्रतियोगिताको तेस्रो संस्करणको उपाधि आयोजकले हात पारेको छ। पोखरा-१४ मनकामना टोलस्थित खेल मैदानमा शनिबार सम्पन्न फाइनलमा आयोजकले पोखरा युनाइटेडलाई २५-१६, २५-२२ र २५-१५ सोझो सेटमा पराजित गऱ्यो। १४ टोलीले प्रतिस्पर्धा गरेको प्रतियोगिताको उपाधिसँगै मनोहरले एक लाख ७५ हजार ५५५, दोस्रो भएको युनाइटेडले एक लाख एक हजार १११ पाए। अन्तिम चारमा पुगेका नवज्योति युवा क्लब र पकुवा भलिबल क्लबले जनही समान २० हजार नगद पाए। प्रतियोगितामा सञ्जुविक्रम शाह सर्वोत्कृष्ट खेलाडी घोषित हुदै नगद आठ हजार पाए।

त्रिवेणी च्याम्पियन

धनकुटा/ तेस्रो त्रिवेणी कप पुरुष भलिबल प्रतियोगिताको उपाधि आयोजक त्रिवेणी खेलकुद विकास समितिले जितेको छ। माघेसंक्रान्तिको अवसरमा धनकुटाको चौबिसे गाउँपालिकामा सम्पन्न भएको प्रतियोगितामा त्रिवेणीले कोशी प्रदेश प्रहरीलाई २३-२५, २५-२२, २१-२५, २५-२१ र १५-७ को सेटमा पराजित गरेको थियो। आयोजक त्रिवणी खेलकुद विकास समितिले उपाधि जितेसँगै नगद एक लाख ११ हजार एक सय ११ तथा उपविजेता कोशी प्रदेश प्रहरीले नगद ६६ हजार ६ सय ६६ रूपैयाँमा चित्त बुझाएको छ। खेलका सर्वोत्कृष्ट खेलाडी आयोजकका प्रदीप कट्टेल घोषित भए। उनले नगद दुई हजार पाँच सय रुपैयाँ प्राप्त गरे। प्रतियोगितामा कोशी प्रदेशका ६ टिमको सहभागिता रहेको छ।

गोल्डेनपिक, इबिए र रिब्सलाई केएमसी बास्केटबल उपाधि

काठमाडौं/ गोल्डेनपिक, इडेन ब्रिज एकेडेमी (इबिए) र डिफेन्डिङ च्याम्पियन रिब्सले पाँचौं केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि शनिबार जितेका छन्। गोल्डेनपिक सिनियर ब्वाइज, इबिए जुनियर ब्वाइज र रिब्स सिनियर गर्ल्समा च्याम्पियन बने। गोल्डेनपिक र इबिए अपराजित रहँदै च्याम्पियन बने भने रिब्स समूह चरणमा एक खेलमा पराजित भएको थियो। गोल्डेनपिकले पहिलो संस्करणपछि पहिलोपटक सहभागिता जनाएको हो।

इबिए पहिलो सहभागितामै च्याम्पियन बन्न सफल भयो। बुद्धनगरस्थित आयोजक केएमसीमा भएको सिनियर ब्वाइजको फाइनलमा गोल्डेनपिकले बालदीक्षा सदनलाई ४८-४५ को झिनोअन्तरले पराजित गऱ्यो। गोल्डेनपिकका विजय तामाङले २१ अंक जोडे। जुनियर ब्वाइजको फाइनलमा इबीएले ग्रिनफिल्डलाई ४१-२१ ले हरायो। इबीएका दिग्विजय पुरीले ११ स्कोर गरे। सिनियर गर्ल्सको उपाधि भिडन्तमा रिब्सले चेल्सी वर्ल्ड स्कुललाई २५-२१ ले पाखा लगाउँदै उपाधि रक्षा गऱ्यो। रिब्सकी सुप्रिया मल्लले ११ अंक जोडिन्। फाइनलका सर्वाधिक स्कोरकर्तात्रय विजय, दिग्विजय र सुप्रिया आ-आफ्नो विधामा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए।

■ राष्ट्रिय लिग २०८२

नीराजन चम्किँदा मनाङविरुद्ध आर्मीको पाँच गोल

नयाँ पत्रिका

विभागीय टोली त्रिभुवन आर्मी क्लबले राष्ट्रिय लिगमा मनाङ मर्स्याङ्दी क्लबलाई ५-० ले पराजित गर्दै विजयी सुरुवात गरेको छ। शनिबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आर्मीको जितमा युवा खेलाडी नीराजन धामीले दुई गोल गरे। नवीन लामा, नवयुग श्रेष्ठ र कप्तान जिलेस्पीजंग कार्कीले समान एक गोल गरे। नयाँ क्लबको जिम्मेवारी पाएका बालगोपाल महर्जनले पहिलो खेलमै तीन अंक जोडेका छन्।

यता, नेपाली फुटबलमा गर्विलो इतिहास बनाएको मनाङले भने लज्जास्पद सुरु गऱ्यो। टोली आर्मीविरुद्ध कुनै पनि समय दबाब बनाउन सकेन। आर्मीले पहिलो हाफमै दुई गोल दबाब सिर्जना गर्न सफल भयो। सहिद स्मारक ए डिभिजन लिग कीर्तिमानी आठपटक जितेको मनाङ पछिल्लो दुई वर्ष नेपाली फुटबलमा गुमनाम छ। टोलीले सहिद स्मारक ए डिभिजन लिग २०७९/०८० खेलेपछि कुनै पनि प्रतियोगितामा सहभागी भएन।

कुनै समय राष्ट्रिय टिमका खेलाडीले भरिने मनाङ यसपटक भने राष्ट्रिय टिममा कुनै पनि खेलाडी समेट्न सकेको छैन। टोली राष्ट्रिय लिगमा सहभागी मात्रै हुने योजनामा छ। राष्ट्रिय लिगमा मनाङले तीनजना विदेशी खेलाडी भने अनुबन्ध गरेको छ। राष्ट्रिय लिगमा मनाङ र आर्मीसहित सहिद स्मारक ए डिभिजन लिगका १३ तथा प्रेसिडेन्ट लिगबाट छनोट भएका चार गरी कुल १७ टिम सहभागी छन्। लिग जित्ने टिमले एएफसीको क्लब च्याम्पियनसिप खेल्नेछ।

चित्लाङको विजयी सुरुवात

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको दिनको पहिलो खेलमा चित्लाङ एफसीले राष्ट्रिय जनजागृति युवा क्लबलाई २-१ ले हराउँदै विजयी सुरुवात गऱ्यो। चित्लाङ प्रेसिडेन्ट लिगको उपविजेताको रूपमा राष्ट्रिय लिगको लागि छनोट भएको हो। चित्लाङको जितमा दुवै गोल विदेशी खेलाडी म्याथ्यु बाबातुन्डे ओलानवाजु र एडेयिन्का इलेसान्मीले गरे। नव जनजागृतिको लागि उदित नारायण चौधरीले एक गोल फर्काएका हुन्। खेलको २८औँ मिनेटमा म्याथ्यु बाबातुन्डे ओलानबाजुले चित्लाङलाई अग्रता दिलाए। आठ मिनेटपछि नै नवजनजागृतिका लागि उदितनारायण चौधरीले बराबरी गोल फर्काएका हुन्। सोलोमन एडेयिन्का इलेसान्मीले ६२औँ मिनेटमा विजयी गोल गरेका थिए।

पुलिस प्लानिङसँग स्तब्ध

विभागीय टोली नेपाल पुलिस क्लब राष्ट्रिय लिगमा नवप्रवेशी प्लानिङ ब्वाइज युनाटेडसँग स्तब्ध भएको छ। लिगको आफ्नो पहिलो खेलमै प्लानिङले तीन अंक जोड्न सफल भयो। प्लानिङ सहिद स्मारक बी डिभिजनबाट ए डिभिजन लिगमा बढुवा भएको हो। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शंकर थारूको गोल नै निर्णायक बन्यो। पहिलो हाफ गोलरहित बराबरीमा समाप्त हुँदा शंकलले खेलेको ५२ औँ मिनेटमा सुन्दर गोल गरेका थिए। बाँकी समय पुलिसले गोलका प्रयास गरेपनि सफल भए।